# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनका लागि अत्यन्तै महत्वपूर्ण र आवश्यक तत्व हो । शिक्षाले नै व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य हासिल गर्न, ज्ञान आर्जन गर्न र व्यवहार परिवर्तन गरी समयानुकूल उचित समायोजन हुन सक्षम वनाउँछ । शिक्षा जीवन पर्यन्त चलिरहने प्रक्रियाका साथै मानव अधिकारको रुपमा पनि स्थापित भएको पाइन्छ । शिक्षाले व्यक्ति समाज र राष्ट्रको आवश्यकता पुरा गरी व्यक्तिको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्दछ (सिंह, २०६४) ।

मानव जातिको विकास क्रममा परापूर्वकालदेखि मानिसहरुले आफूले जानेको ज्ञान, सीप, व्यवहार, अनुभव तथा सामाजिक मूल्य मान्यताहरुलाई आ-आफ्ना सन्ततिहरुमा हस्तान्तरण गर्दै आएका थिए । बाबुले छोरा छोरीहरुलाई, आमाले छोरीहरुलाई अनुशासन र व्यवहारहरु सिकाउने गर्दथे । समयको परिवर्तन संगै मानिसका इच्छा, आकांछा र आवश्यकताहरुका साथै उत्सुकताहरु वढ्दै गए । फलस्वरुप मानवजीवनमा विविध जटिलताहरु पनि थपिदै गए । समाजको स्थापना र विकाससँगै सामाजिक जटिलताहरु पनि देखा पर्न थाले । यस्ता विविध जटिलताहरु पुरा गर्नका लागि विद्यालय प्रणालीको शुरुवात भएको पाइन्छ । प्राचीनकालमा थोरै समय सम्म ऋषिमुनिहरुद्वारा नदि किनारमा, पाटीपौवा तथा मठमन्दिरमा आफ्ना शिष्य तथा अनुयायीहरुलाई भेला गराएर उपदेश दिने तथा ज्ञानगुनका कुराहरु सिकाउने गर्दथे । समयको माग एवं परिवर्तन सगै समाज अझ जटिल वन्दै गयो । मानिसका आवश्यकता, आकांक्षा र उत्सुकताहरु झनै वढ्दै गए । समाजका विविधताहरु देखा पर्न थाले । त्यसपछि गाँउ वा टोलको कुनै एक निश्चित ठाउँमा वालवालिकाहरु भेला गराएर निश्चित व्यक्तिद्वारा शिक्षा दिक्षा दिने प्रचलनको शुरुवात भयो । तथापि त्यो शिक्षा पद्धति अनौपचारिक प्रकृतिको थियो । प्राचीन वैदिक शिक्षा, वौद्ध शिक्षा प्रणालीहरु पार गर्दै शिक्षाको विकास अगाडि वढ्यो । तथापि पृथ्वीनारायण शाहको पालादेखि जंगबहादुर राणासम्मको अभ्युदयसम्म त्यति उल्लेख्य रुपमा शिक्षाको विकास हुन पाएन । वि.सं. १९१० मा जंगबहादुर राणा वेलायत यात्राबाट फर्केपछि काठमाण्डौ थापाथलीको दाखचोकमा राणा परिवारको लागि मात्र पहिलो अंग्रेजी पाठशालाको स्थापना भएको थियो । नेपालको इतिहासमा अंग्रेजी शिक्षाबाट प्रभावित भई खोलेको त्यो पहिलो पाठशाला थियो । सो विद्यालयलाई व्यवस्थित ढंगले सञ्चालन, व्यवस्थापन र विद्यालय सुधारको लागि उक्त विद्यालयको जिम्मा मि.रस.लाई र

प्रधानाध्यापकको जिम्मा मि. क्यानिङ्गलाई दिइएको थियो भने मुन्सिखानाको जिम्मा मुस्तावीर ख्वाजालाई थियो (शर्मा, २०६३) ।

समयको परिवर्तनसंगै विश्व परिवेशको प्रभाव नेपालमा पनि परिरह्यो । वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षाको विकासको तहमा तीव्रता आयो । शिक्षा मन्त्रालयको स्थापना पनि भयो । अब शिक्षा सर्वसाधारणका लागि पनि खुल्ला भयो । देशमा शिक्षाको व्यापक लहर चल्यो, फलस्वरुप च्याउ उम्रे झैं विद्यालयहरु खुल्न थाले । शिक्षा प्रणाली अव्यवस्थित र अनियन्त्रित वन्न पुग्यो । स्थापना भएका विद्यालयहरुमा गुणात्मक विकास हुन सकेन । शिक्षा क्षेत्र समस्याग्रस्त बन्न पुग्यो । परिणामस्वरुप शिक्षा क्षेत्रमा देखिएका शैक्षिक समस्याहरु समाधानार्थ नेपालमा क्रमशः २०११, २०१८, २०२८, २०४९, २०५५ र २०५८ मा विभिन्न शिक्षा समिति तथा आयोगहरु गठन भई प्रतिवेदनहरु पनि पेश भएको पाइन्छ । उक्त प्रतिवेदनहरुमा शिक्षा प्रणालीको कार्यान्वयन थलो विद्यालयको स्थापनामा देखिएका कमी कमजोरीहरु तथा सुधारका उपायहरु समेत प्रस्तुत गरिएको थियो । हाल नेपालमा शिक्षा नियमावली २०५९ अनुसारको विद्यालय प्रणाली सञ्चालनमा आइरहेको अवस्था छ । जस अनुसार सामुदायिक विद्यालय वा संस्थागत गरी दुई प्रकारका विद्यालयहरु सञ्चालनमा छन् । चाहे सामुदायिक विद्यालय होस् वा संस्थागत विद्यालय, सशक्त र प्रभावकारी व्यवस्थापनको आवश्यकता पर्दछ (शर्मा,२०६०) ।

सामुहिक एवम् सुनिश्चित उद्देश्य प्राप्तिका लागि व्यक्ति वा समूहलाई सामूहिक रुपमा काम गर्ने अनुकूल वातावरणको सिर्जना गर्नु व्यवस्थापन हो । अर्को अर्थमा भन्नु पर्दा संस्था भित्र सामूहिक भावनाको विकास गरी लक्ष्य प्राप्ति तर्फ सबैलाई डोर्याउनु नै व्यवस्थापन हो । यस्तो वातावरण तयार गर्न निश्चित अनुशासनको आवश्यकता पर्दछ । जसको परिपालन संलग्न सबै पक्षबाट हुने अपेक्षा गरिन्छ । निर्धारित लक्ष्य प्राप्ति गर्न आवश्यक पर्ने योजना तयार गर्नु सो योजना तर्जुमा गर्नु र तयार गरिएका कार्यक्रमहरुका लागि श्रृंखलावद्ध एवम् समन्वित रुपले कार्यान्वयनको योजना निर्माण गर्नु व्यवस्थापन पक्षको जिम्मेवारी हो । संस्थाको प्रगतिका लागि सवल एवम् कुशल नेतृत्व प्रदान गर्नु, संस्थामा कार्यरत जनशक्तिको मनोवल उच्च राख्नु, आवश्यकता अनुसार उपयुक्त व्यक्तिलाई उपयुक्त काम र तिनको सम्पादनका निमित्त आवश्यकताको आधारमा अधिकार र कर्तव्यका बाँडफाँड गर्नु, समय समयमा निर्देशन दिनु, नियन्त्रण गर्नु र अनुगमन एवम् मूल्यांकन गर्नु जस्ता कार्यहरु व्यवस्थापनका अवयवहरु हुन् । साथै विद्यालयले आफ्नो कार्ययोजना अनुसार उद्देश्यहरु पुरा गर्न व्यस्थित रुपले गरिने योजना विद्यालय व्यवस्थापन हो (शिक्षा विभाग, २०५८) ।

कार्य सञ्चालनमा अरु व्यक्तिहरुको संलग्नता गराई कार्य सम्पन्न गर्नु व्यवस्थापन हो । यसले मानिसहरु वीचको अन्तरक्रियालाई जोड दिन्छ । संगठनका निर्धारित लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि आवश्यक साधन, स्रोत संकलन, सञ्चालन र समन्वय गर्नु नै व्यवस्थापन हो । उचित व्यवस्थापनका लागि सरोकारवालाहरुको सहकारिता, सहभागिता, मध्यस्थता र संलग्नता हुनुपर्दछ । विभिन्न ज्ञान, सिद्धान्त र तथ्यलाई व्यवहारिक कार्य क्षेत्रमा उतार्न सक्ने सीप एक कुशल कलाको आवश्यकता पर्ने भएकोले व्यवस्थापन कला र विज्ञानको समिश्रण पनि हो । व्यवस्थापन भित्र मुख्य गरी योजना वनाउने, संगठन गर्ने, निर्देशन गर्ने र नियन्त्रण गर्ने कार्यहरु पर्दछन् । व्यवस्थापन एक सामाजिक प्रक्रिया हो (कोइराला र श्रेष्ठ, २०६४) ।

विद्यालयको लक्ष्य र उद्देश्य प्राप्तिका लागि उपयुक्त वातावरण, सामूहिक भावनाको विकास, कर्मचारीहरुको उचित व्यवस्थापन एवं परिचालन, सही योजनाको निर्माण र तिनको कार्यान्वयन, आर्थिक स्रोतको जोरजाम र उचित परिचालन, विभिन्न व्यक्ति, समूह, संस्था र कार्यक्रम वीचको तालमेल र समन्वय, स्पष्ट दिशानिर्देश, उपयुक्त नेतृत्व, उचित ढंगबाट अधिकार र कर्तव्यको वाँडफाँड र नियमित अनुगमन, मूल्यांकन, पृष्ठपोषण र सुधार जस्ता क्रियाकलापहरुको चाँजोपाँजो मिलाउनु विद्यालय व्यवस्थापन हो (सिप्रेक, २०६४) ।

विद्यालयलाई सुचारु, प्रभावकारी र व्यवस्थित रुपले सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिको व्यवस्था गर्न वि.स.१९९६ मा जारी भएको शिक्षाको स्तिहारमा नै विद्यालय संचालक समितिको व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ (लुइटेल, २०६६) ।

तत्पश्चात् विभिन्न मितिहरुमा जारी भएका शिक्षा नियमावलीहरुमा विद्यालय संचालक समिति, विद्यालय सहयोग समिति तथा विद्यालय व्यवस्थापन समितिका नाममा विद्यालय व्यवस्थापन समितिको व्यवस्था हुदै आएको छ । पठनपाठनलाई सुचारु रुपमा सञ्चालन गर्ने देखि लिएर विद्यालयको भौतिक साधन, शैक्षिक सामग्री, शिक्षक, कर्मचारी, जनसम्पर्क, स्रोत व्यवस्थापन जस्ता आभारभूत कुराहरुको व्यवस्था गरी विद्यालयको शैक्षिक स्तर उकास्न सहयोग पुऱ्याउनु विद्यालय व्यवस्थापन समितिको प्रमुख जिम्मेवारी हो । विद्यालयमा विद्यालय व्यवस्थापन समितिले एक व्यवस्थापकको रुपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । विद्यालयको शैक्षिक, भौतिक, आर्थिक एवं मानवीय व्यवस्थापनको जिम्मेवारी व्यवस्थापन समितिले लिएको हुन्छ । अतः विद्यालय व्यवस्थापन समितिमा व्यवस्थापकीय सीपहरु हुनु पर्दछ । शिक्षा नियमावलीले पनि हरेक विद्यालयमा एक सशक्त विद्यालय व्यवस्थापन समिति रहनु पर्ने प्रावधान राखेको छ । शिक्षा नियमावली २०४९ को परिच्छेद ६ को नियम २५ अनुसार विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु स्पष्टसँग

उल्लेख भएको पाइन्छ । उक्त काम, कर्तव्य र अधिकारको सही प्रयोग गरी विद्यालयको सही व्यवस्थापनका साथै समुचित विकास गर्नुपर्नेमा जोडदिएको पाइन्छ ।

नेपालका विद्यालयहरु व्यवस्थित रुपमा  संचालन गरी पाठ्यक्रमका राष्ट्रिय लक्ष्यहरु हासिल गर्न सरकार प्रयासरत छ । प्रचलित शिक्षा नियमावलीमा पनि विद्यालयहरुलाई व्यवस्थित रुपमा संचालन र व्यवस्थापन गर्नका लागि स्थानीय अभिभावक र विद्यालयमा कार्यरत शिक्षकहरुको समेत सहभागिता रहने गरी एक अधिकार सम्पन्न र शसक्त विद्यालय व्यवस्थापन समितिको व्यवस्था रहेको छ । जसले गर्दा विद्यालय संञ्चालन तथा व्यवस्थापनमा सम्वद्ध पक्षको प्रत्यक्ष संलग्नता र सहभागिता रहनुका साथै अपनत्वको भावना पनि विकसित हुने विश्वास गर्न सकिन्छ । स्थानीय समस्या र आवश्यकता पहिचान गरी काम गर्न पनि सजिलो हुन्छ । तथापि कतिपय विद्यालयहरु संचालन तथा व्यवस्थापनमा जिम्मेवारी वोधको स्पष्टता नहुनाले समस्याग्रस्त र अव्यवस्थित रहेको अवस्था छ । विद्यालयमा आवश्यक शैक्षिक, आर्थिक, मानवीय तथा भौतिक लगायतका पक्षहरुमा  ध्यान पु¥याउन सकेमा मात्र यी पक्षहरुमा  विकास हुन सक्छ । त्यस्ता पक्षहरुमा सम्वद्ध पक्षले प्रचलित र निर्दिष्ट  नीति नियमका आधारमा पूर्ण जिम्मेवारीका साथ काम गर्नु पर्ने हुन्छ । विद्यालयमा विशेषतः विद्यालय व्यवस्थापन समितिले आफ्नो क्षेत्राधिकार भित्र रही विद्यालयको चौतर्फी विकासका लागि जिम्मेवारीपूर्ण भूमिका खेल्नु पर्दछ । विद्यालयमा महत्वपूर्ण पक्षका रुपमा रहेको भौतिक पक्षको विकासका लागि पनि विद्यालय व्यवस्थापन समितिले नै नेतृत्वदायी र अगुवाका रुपमा भूमिका निर्वाह गर्नू पर्ने हुन्छ । विद्यालयको भौतिक विकासको लागि विभिन्न कार्यक्रम तथा योजना निर्माण गर्ने, रणनीतिहरु अख्तियार गर्ने, विभिन्न निकायसँग सहकार्य र समन्वय गर्ने साथै उपलब्ध स्रोत र साधनको  परिचालन पनि गर्नु सक्नु पर्दछ (सिंह, २०६४) ।

विद्यालयको भौतिक विकास लगायत सर्वाङ्गीण पक्षको सहि र समानुपातिक विकासका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका अपरिहार्य र महत्वपूर्ण रहन्छ । जसमध्ये विद्यालयको भौतिक पक्षका विकास त झनै महत्वपूर्ण रहन्छ । विद्यालयमा भवन, कक्षा कोठा भौतिक पक्षभित्र पर्दछन् । एउटा जिम्मेवार, उत्तरदायी र सवल विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक पक्षको विकासका लागि गर्ने निर्णय र गरिएका निर्णयहरु कार्यान्वन गर्न विद्यालय व्यवस्थापन समितिको वर्तमान अवस्थाको वारेमा यो अध्ययन केन्द्रित रहनेछ ।

## १.२ समस्याको कथन

नेपालका कतिपय विद्यालयहरु भौतिक पक्षको उचित र प्रभावकारी व्यवस्थापनका हिसावले अभाव ग्रस्त छन् । राज्यको पर्याप्त ध्यान पुग्न नसक्नु, विनियोजित बजेट कम र चुहावट हुनु, निरीक्षण र अनुगमनको अभाव हुनु, सरकार र स्थानीय निकाय वीचमा जिम्मेवारी र दायित्व स्पष्ट नहुनु, उपलब्ध स्थानीय स्रोत साधनको समुचित प्रयोग र परिचालन हुन नसक्नु जस्ता कारणहरुले गर्दा विद्यालयहरु समस्याग्रस्त र अभावग्रस्त हुनु समस्याको रुपमा रहेको छ । विद्यालयको संचालन र व्यवस्थापनको जिम्मेवारी पारएकोले विद्यालय व्यवस्थापन समितिले विद्यालयको हरेक पक्षको सन्तुलित विकासमा ध्यान पुऱ्याई कार्य गर्नु आवश्यक छ । मातहतका पदाधिकारी, शिक्षक, अभिभावक तथा सम्वद्ध निकायसँग सहकार्य, समन्वय र समुचित विकास हुन नसक्नु वर्तमान समस्याको रुपमा रहेको छ ।

विद्यालयमा अत्यावश्यक भवन, कक्षाकोठा, खेलमैदान, खानेपानी, शौचालय, फर्निचर जस्ता भौतिक पक्षहरुको व्यवस्था विना विद्यालय स्थापना र संचालन गर्ने पद्धतिको विकास भएको वर्तमान अवस्थामा संचालित कतिपय विद्यालयहरु निकै समस्याग्रस्त रहेका छन् । यस्ता पक्षहरुको समुचित र सन्तुलित विकास हुन सकिरहेको छैन । विद्यालयमा अति अवश्यक पर्ने भौतिक वस्तुहरुको व्यवस्थापनका लागि प्रमुख रुपमा जिम्मेवार र सरोकारवाला निकाय वि.व्य.स. लाई कुनै किसिमको प्राविधिक ज्ञान नभएको अवस्था छ । परिणामस्वरुप निर्माण भएका भौतिक वस्तुहरु पनि प्रयोग विहिन अवस्थामा रहेका छन् । वि.व्य.स.ले त्यस्ता वस्तुहरु व्यवस्थित तरीकाले प्रयोगमा ल्याउन नसक्नु झन समस्याको रुपमा रहेको छ ।

विद्यालय व्यवस्थापन समितिलाई आवश्यक अभिमूखीकरण र क्षमता अभिवृद्धि तालिम अभावमा कार्यक्रम योजना, तर्जूमा, कार्यन्वयन र व्यवस्थापनमा अप्ठ्यारो भइरहेको अवस्था पनि समस्याको रुपमा रहेको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुमा विद्यालय प्रति दायित्वबोध नहुनु, नेतृत्वसीप र व्यवस्थापकीय सीपहरुको अभावमा विद्यालयलाई व्यवस्थित ढंगले अगाडि बढाउन नसक्नु पनि समस्याको रुपमा रहेको छ ।

शिक्षाको केन्द्र विन्दु विद्यालयलाई व्यवस्थित र सुविधा सम्पन्न गर्नका लागि भौतिक पक्षको सुधारका साथै विकासको भौतिक विकासका निम्ति विद्यालय व्यवस्थापन समितिले निर्वाह गरेको भूमिकाहरु के- के हुन ? भौतिक विकासका लागि भईरहेका प्रयासहरु के कस्ता छन् ? विद्यालय व्यवस्थापनको लागि विद्यालय व्यवस्थापन समितिको कमजोरी र समस्या के के हुन् ? र ती समस्या समाधानार्थ के कस्ता उपायहरु अपनाउन सकिन्छ जस्ता मुद्दाहरुमा यो अध्ययन केन्द्रित रहेको छ । विद्यालयको चौतर्फी र समुचित विकासका लागि महत्वपूर्ण र जिम्मेवार पक्ष विद्यालय व्यवस्थापन

समिति नै हो । स्तरीय विद्यालयहरुमा आवश्यक आर्थिक, भौतिक तथा मानवीय स्रोतको सही विकास र सुधार गरी शैक्षिक उपलब्धिलाई सहज र सफल बनाउन सशक्त विद्यालय व्यवस्थापन समितिको आवश्यकता पर्दछ । शिक्षण संस्था सुचारु र प्रभावकारी रुपले सञ्चालन गर्न उपलब्ध स्रोत साधनको उचित व्यवस्थापन हुनु पर्दछ । सशक्त व्यवस्थापनले मात्र शैक्षिक कार्यक्रमहरु पनि व्यवस्थित, योजनावद्ध र प्रभावकारी रुपमा सञ्चालन गर्न सक्छ । तसर्थ यस अध्ययनमा छनौट गरिएको विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति शीर्षक राखी यसै विषयमा केन्द्रित भई अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

देश विकासको मुख्य आधार समय सापेक्ष गुणस्तरीय शिक्षाको विकास हो । उक्त प्रभावकारी शैक्षिक प्रक्रियाका लागि व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालय व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति प्रमुख जिम्मेवारी पक्ष हो । वर्तमान परिवर्तनशील, प्रतिस्पर्धी र वैज्ञानिक युगमा शिक्षाको महत्वपूर्ण तथा गुणात्मक विकास अपरिहार्य हुन्छ ।

देशको चौतर्फी विकासमा शिक्षाको स्थान महत्वपूर्ण रहन्छ । शिक्षा उत्पादन गर्ने थलो विद्यालयलाई सफलतापूर्वक र व्यवस्थित रुपमा सञ्चालन गर्न विभिन्न कार्यक्रमहरुको योजना पनि वनाउने गरिन्छ । कार्यक्रमको प्रभावकारी रुपमा समन्वय गरी श्रम, स्रोत र समयको वचत गर्नु पर्ने हुन्छ । तसर्थ योजना अनुरुप कार्यक्रमलाई सफलतापूर्वक लक्ष्योन्मुख वनाउन विद्यालयमा विद्यालयको व्यवस्थापकीय जिम्मेवारी महत्वपूर्ण रहन्छ । विद्यालय व्यवस्थापन समितिको जिम्मेवारीलाई व्यवस्थापक, नेतृत्वकर्ता, समन्वयकर्ता, परिचालक आदिको रुपमा लिइएता पनि विविध कारणहरुले त्यसको भूमिका महत्वपूर्ण र व्यवहारिक हुन नसकी रहेको अवस्थामा यो अध्ययनकार्य औचित्यपूर्ण रहेको छ ।

विद्यालयको भौतिक विकासमा सम्वद्ध सबै पक्षको समान दायित्व, सामूहिक जिम्मेवारी र भूमिका आवश्यक हुन्छ । त्यसमा पनि विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी महत्वपूर्ण र प्रमुख मानिन्छ । तसर्थ विद्यालय व्यवस्थापन समितिले अख्तियार गर्ने रणनीति, योजना, कार्यक्रम तथा भूमिकामा विद्यालयको भौतिक विकास निर्भर रहन्छ । तथापि यस विषयलाई कम महत्वका साथ लिई कमै मात्रामा अध्ययन अनुसन्धान भएका छन् । त्यसैले पनि विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको आवश्यकता र अपरिहार्यता छ भनी यस अध्ययन केन्द्रित गरिने हुनाले पनि यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

वर्तमान परिवेशमा गुणस्तरीय विद्यालयीय शिक्षाको कुरा उठिरहँदा विद्यालयको भौतिक व्यवस्थापनको कुरा अत्यन्त समसामयिक सवालको रुपमा स्थापित भएको अवस्था छ । तथापि विद्यालयको भौतिक व्यवस्थापनमा धेरै किसिमका समस्याहरु आएका छन् । विद्यालयको भौतिक व्यवस्थापनको जिम्मेवारी थाहा नभएर वा थाहा भएर पनि जिम्मेवारीबाट पन्छिने प्रवृति छ । तसर्थ पनि यो सोध अध्ययन औचित्यपूर्ण रहने छ ।

यस शोध अध्ययनले विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु समेत स्पष्ट पारी विद्यालय व्यवस्थापन समितिको भूमिका थाहा पाउन सहयोग गर्ने, विद्यालयको भौतिक विकास लगायत सम्पूर्ण पक्षमा विद्यालय व्यवस्थापन समितिको आवश्यकता ,औचित्य आदिका वारेमा , विद्यालय व्यवस्थापन अर्न्तगत विद्यालयको भौतिक विकासमा भएका कार्य , विद्यालय व्यवस्थापन समितिले विद्यालयमा गरेका निर्णयका साथै कमी कमजोरी पत्ता लगाउन र प्राप्त परिणामको आधारमा शैक्षिक नीति, नियम, योजना र कार्यान्वयन गर्न सहयोग पुग्ने हुँदा यो शोध अध्ययन औचित्यपूर्ण  छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

क) विद्यालयको वर्तमान भौतिक अवस्थाको लेखाजोखा गर्नु ।

ख) विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक विकासमा पारेको प्रभावको विश्लेषण गर्नु ।

ग) विद्यालयको भौतिक विकासका समस्याहरु केलाउनु ।

घ) विद्यालयको भौतिक विकासमा वि.व्य.स.को योगदानलाई वढाउने उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस शोध अध्ययनलाई अगाडि वढाउन निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएको छ :

क) विद्यालयको वर्तमान भौतिक अवस्था कस्तो छ ?

ख) विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिले कस्तो भूमिका खेल्न सक्छ ?

ग) विद्यालयको भौतिक विकासमा वि.व्य.स.ले गर्ने निर्णयहरु प्रभावकारी हुन सकिराखेका छन् ?

घ) विद्यालयका भौतिक व्यवस्थापन पक्षका वर्तमान समस्याहरु के के हुन् ?

ङ)	विद्यालयको भौतिक विकासमा वि.व्य.स.को भूमिकालाई प्रभावकारी बनाउन के के गर्न सकिन्छ ?

च)	विद्यालयको भौतिक विकासमा वि.व्य.स.ले गर्ने गरेका निर्णयहरुले पारेको प्रभावलाई के कसरी लिन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई धनकुटा जिल्ला भित्र संचालित सामुदायिक विद्यालयहरुको भौतिक पक्षमा मात्र सीमित गरिएको छ । त्यस भित्र पनि विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिमा सीमित गरिएको छ ।

यो अध्ययन धनकुटा जिल्लाको त्रिवेणी स्रोत केन्द्र भित्रका सामुदायिक विद्यालयहरु मध्ये एक वटा उच्च माध्यमिक विद्यालय, एक वटा निम्न माध्यमिक विद्यालय र एक वटा प्राथमिक विद्यालयमा सीमित गरिएको छ । त्यसै गरी ती विद्यालयका स्रोत व्यक्ति, विद्यालय व्यव्सथापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापक, शिक्षक, अभिभावकहरु, विद्यार्थी लगायत निर्णय पुस्तिकाहरुलाई अध्ययन भित्र समेटिएको छ ।

## १.७ सम्वन्धित शब्दावलीको परिभाषा

| | |
|---|---|
| व्यवस्थापन | निश्चित उद्धेश्य प्रप्तिका लागि प्राप्त र साधनहरुको उपयुक्त एवं समुचित वन्दोवस्त मिलाउने कार्य |
| औपचारिक शिक्षा | नेपाल सरकारको नियम कानुन, तथा नियममावलीको आधारमा संचालन गरिएका विद्यालयबाट प्रदान गरिने शिक्षा |
| सामुदायिक विद्यालय | नेपाल सरकारद्धारा नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृत विद्यालय |
| संस्थागत विद्यालय | नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति प्राप्त विद्यालय |
| स्रोतकेन्द्र | शिक्षा नियमावली बमोजिम स्थापित स्रोतकेन्द्र |
| विद्यालय व्यवस्थापन समिति | विद्यालयको व्यवस्थापकीय जिम्मेवारी वहन गर्न तोकिएको समिति |
| भौतिक पक्ष | कक्षा कोठा, फर्निचर,भवन, खेलमैदान,खानेपानी चर्पी आदिलाई समेटिएको पक्ष |
| पाठ्यभार | कक्षामा पढाई हुने पाठको घण्टि वा समय |
| शैक्षिक उपलब्धि | कक्षागतरुपमा विद्यार्थीले हाँसिल गरेको विषयगत प्रगिति |
| संस्थागत विकास | विद्यालयको सर्वोपरि उन्नति |
| सहकारीता | सबैको सामुहिक संलग्नता वा सहयोग |
| गुणस्तरीय | गुणस्तर राम्रो भएको |
| सहशिक्षा | एउटै कक्षामा केटा र केटीहरुको अध्यापन गरिने । |

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

विगतमा गरिएका कार्यहरुको पुनरावलोकनबाट वर्तमान कार्य गर्दा विशेष सान्दर्भिक हुन्छ । यसले वर्तमानलाई मार्गनिर्देशन पनि प्राप्त हुन्छ । अध्ययन अनुसन्धानसँग सम्बन्धित, मिल्ने वा अध्ययनलाई सहयोग पुग्ने साहित्यहरुको अध्ययन सम्बन्धित साहित्यको अध्ययन हो । अध्ययनसँग सम्वन्धित विभिन्न पुस्तक, पत्रिका, लेख, रचना तथा अनुसन्धानात्मक प्रतिवेदनहरु तथा शोधपत्र

समेतलाई आधार मानी उपलब्ध भए सम्म पूर्व साहित्यहरु संकलन गरी यस अध्ययनका लागि सान्दर्भिक हुने त्यस किसिमका साहित्यको पुनरावलोकन देहाय अनुसार गरिएको छ ।

शिक्षा विभाग (२०५८) ले विद्यालय सुधार योजना, तालिम पुस्तिकामा उल्लेख गरे अनुसार विद्यालयले आफ्नो लक्ष्यहरु प्रभावकारी रुपले हासिल गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिरहनु पर्दछ । सीमित एवं उपलब्ध स्रोत साधनको सर्वोत्तम परिचालन गरी यस्ता कार्यक्रमहरु व्यवस्थित तरिकाले संचालन गरिएमा अधिकतम उपलब्धि हासिल गर्न सकिने हुँदा विद्यालयको संचालन र विकासमा प्रभावकारिता ल्याउन कुशल व्यवस्थापन महत्वपूर्ण हुन्छ । विद्यालयको मौजुदा परिस्थितिको सहि आंकलन गर्न विद्यालय विकासका निमित्त योजना तयार गर्न, योजनामा तोकिएका लक्ष्य प्राप्त गर्न कार्यक्रमहरु निर्माण गर्न, कार्यक्रम सफल बनाउन तत्कालिन जनशक्तिलाई सहयोग गर्न साथै आवश्यक नेतृत्व, समन्वय, नियन्त्रण, अनुगमन र मूल्याङ्कन सम्बन्धी काम गर्नु पर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको रहेको छ (शिक्षा विभाग, २०५८) ।

सिन्हा (२०६२) ले शिक्षा प्रशासनका आयामहरु नामक कृतिमा उल्लेख गरे वमोजिम नेपालको शिक्षा विकासमा रा.शि.प.यो. २०२८ लागु भएपछि विद्यालयको व्यवस्थापन सरकारको मात्र जिम्मेवारी ठानियो । जनसहभागिताको प्रेरकको अभाव देखियो । विद्यालय सञ्चालक समितिको सट्टा विद्यालय सहयोग समिति नामाकरण गरियो । विद्यालय संचालन र व्यवस्थापनमा स्थानीय सहभागिता वृद्धि भएर आयो । शिक्षा ऐन सातौ संशोधन २०५८ पछि भने विद्यालय स्थानीय स्तरबाट व्यवस्थापन गर्ने पद्धतिको सुरुवात हुन पुग्यो भनी उल्लेख भएको छ । विद्यालयको संचालन र रेखदेख गर्नका लागि व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने, व्यवस्थापन समितिले विद्यालयको दैनिक गतिविधिलाई सहज बनाउन विद्यालयको भौतिक अवस्थामा व्यापक सुधार गर्नुपर्ने विद्यालय भवन , फर्निचर , शैक्षिक सामग्री तथा अन्य आवश्यकीय पक्षको समेत व्यवस्था व्यवस्थापन समितिले नै मिलाउनु पर्ने , विद्यालयमा नियमित अनुगमन गर्नु पर्ने जस्ता कुराहरु उल्लेख छन् ।

साथै व्यवस्थापन समितिको चयन निश्चित प्रक्रियाको आधारमा गर्नु पर्ने , व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउनु पर्ने, विद्यालयको भौतिक विकास कसरी भएको छ सो को आधारमा व्यवस्थापन समितिको मूल्याङ्कन गर्नु पर्ने कुरा समेत उल्लेख छ (सिन्हा ,२०६२) ।

लुइटेल (२०६६)ले शैक्षिक संस्थाहरुको सही संरक्षण र संचालनका लागि विभिन्न आवश्यक सल्लाह, सुझाव, अनुगमन लगायत स्थानीय शिक्षा प्रेमी, शिक्षाविद, विद्धान, समाजसेवी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक र विद्यार्थीबाट गरिने बौद्धिक मानवीय सहयोग र सद्भाव लगायत आर्थिक र भौतिक सहयोगका व्यापक जनसहभागिता रहेको पाईन्छ । नेपालमा

प्राचिन समयदेखि नै शिक्षामा व्यापक जनसहभागिता रहेको पाईन्छ । प्राचिनकाल, मध्यकाल, शाहकाल र आधुनिककालमा प्रशस्तमात्रामा जनसहभागिता रहेको पाईन्छ । विभिन्न समयमा गठन भएका शिक्षा आयोगहरुले पनि जनसहभागितालाई उतिकै जोड दिएको पाईन्छ । विशेषतः शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०५८ ले शिक्षामा जनसहभागिता बढाउनु पर्ने कुरामा महत्वपूर्ण सुझावहरु दिए अनुसार विद्यालय व्यवस्थापनको दायित्व स्थानीय समुदायमा दिने कार्यको व्यवस्था देखाएको छ । नेपालमा संचालित सामुदायिक विद्यालयहरुलाई विभिन्न मापदण्डको आधारमा विभिन्न श्रेणीहरुमा वर्गीकरण गरिएको पाइन्छ । त्यसका लागि विद्यालयमा उपलब्ध विभिन्न पक्षहरु जस्तै भौतिक सुविधालाई पनि प्रमुख आधारको रुपमा  लिएको छ । त्यसको आधारमा विद्यालयले सरकारबाट प्राप्त गर्ने विभिन्न शीर्षक अन्तर्गतका सहयोगहरु प्राप्त गर्ने गर्दछ (लुइटेल,२०६६) ।

राजवंशी(२०६७) ले उल्लेख गरे अनुसार विद्यालय व्यवस्थापन समितिको मुख्य कार्य नै विद्यालयको भौतिक विकासका सुधार गर्नु हो । व्यवस्थापन समितिले विद्यालयमा उपलब्ध स्रोत साधनहरु के कति छन् ? अब के के थप गर्नु आवश्यक छ ? भौतिक पक्ष्का विकाससगर्नका लागि आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट कसरी जुटाउने सोको योजना बनाई अनुगमन गर्नुपर्छ । शैक्षिक उपलब्धिको विकास गर्नु भौतिक पक्ष्को पनि महत्वपूर्ण स्थान रहन्छ जुन विद्यालय भौतिक रुपमा साधनत स्रोत सम्पन्न छ त्यहाँको शैक्षिक उपलब्धि प्रायः गरी उच्च रहेको पाइएको छ । त्यसैले शैक्षिक उपलब्धि र भौतिक सुविधालाई एउटै सक्काका दुई भागको रुपमा हेरिन्छ । शैक्षिक पक्षको विकासमा शिक्षकको प्रमुख भूमिका रहन्छ भने भौतिक पक्षमा व्यवस्थापन समिति वढी जिम्मेवार हुनुपर्छ । व्यवस्थापन समितिले विद्यालयको समग्र विकासमा मुख्य गरी भौतिक पक्षको विकासलाई वढी जोड दिनु पर्छ । जसले गर्दा विद्यालयमा उपलब्ध सुविधाहरुमा वृद्धि हुनगई सिकाइको उपयुक्त वातावरण सृजना हुन पुग्छ फलस्वरुप उपलब्धिमा सकारात्मक सुधार आउँछ । त्यसैले समग्रमा विद्यालयको भौतिक सुविधाको विस्तार र विकासमा व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ (राजवंशी,२०६७) ।

बरुवाल(२०५६)का अनुसार विद्यालयको शिक्षण सुधारमा विद्यालयका प्रधानाध्यापकहरुको महत्वपूर्ण भूमिका रहन्छ । प्रधानाध्यापकको भूमिकाले विद्यालयको भविष्य सुनिश्चित हुन्छ भन्ने कुरा उक्त शोधमा विश्लेषणात्मकरुपमा केलाएको देखिन्छ । काठमाण्डौ जिल्लाका जम्मा ३४२ वटा माध्यमिक विद्यालयहरु मध्ये सार्वजनिक र संस्थागत विद्यालयहरुलाई गोला प्रथाबाट छनोट गर्दा ६,६ वटा संस्थागत र सार्वजनिक विद्यालयहरु नमुना छनोट गरी शोधको अध्ययनका रुपमा लिइएको छ । सो वमोजिम उक्त विद्यालयहरुका प्रधानाध्यापकहरुले  विद्यालयको आर्थिक ,भौतिक एवं शैक्षिक

विकासमा खेलेको भूमिकाले शिक्षण सिकाइमा पारेको प्रभाव उचित रुपमा रहेको देखिन्छ । त्यसमा पनि दुवै सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावलीहरुको प्रयोगमा प्रधानाध्यापकहरुको काम ,कर्तव्य र अधिकार उल्लेख भए अनुसार प्रयोगात्मक भिन्नता रहेको देखियो । संस्थागत विद्यालयका प्रधानाध्यापकहरुले शिक्षा ऐन तथा शिक्षा नियमावली कार्यान्वन ,शैक्षिक योजना निमार्ण तथा प्रयोग र विद्यालयको व्यवस्थापन आदि पक्षमा थप व्यवस्थित गरेको देखियो । यसको अर्थ सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु शिक्षा ऐन , नियमावलीले तोकेको काम ,कर्तव्य र अधिकार प्रयोगमा कम प्रभावकारी रहेको तर संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको भूमिका प्रभावकारी देखिनुले उक्त विद्यालयको शैक्षिक गुणस्तरमा उच्चता देखिएको छ । विद्यालयको शैक्षिक गुणस्तर उच्च राख्न प्रधानाध्यापकहरुको भूमिकालाई प्रभावकारी बनाउन प्रधानाध्यापक व्यवस्थापन तालिम सेमिनार , गोष्ठि आदि संचालन गर्नु पर्ने सो पछि विद्यालयको उचित रुपले शैक्षिक सुपरिवेक्षण ,अनुगमन , मूल्याङ्कन र निरीक्षणमा नियमितता दिनुपर्ने साथै राम्रो काम गर्ने प्रधानाध्यापकलाई पुरस्कार र उचित रुपले काम गर्न नसक्ने व्यक्तिलाई जिम्मेवारीवाट हटाई दण्डको व्यवस्था गर्नु पर्ने साथै प्रशासनिक दक्षता अभिवृद्धि गर्ने कामका लागि प्रधानाध्यापकको भूमिकालाई प्रभावकारी बनाउन समयानुकूल शिक्षा ऐन तथा नियमावलीलाई परिमार्जन गरी लागु गर्नु पर्ने देखिन्छ (बरुवाल,२०५६) ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययनको अनुसन्धान कुनै न कुनै सिद्धान्तमा आधारित भएर गरिन्छ । सैद्धान्तिक ज्ञानलाई व्यवहारमा के कसरी सामान्यीकरण गर्न सकिन्छ भन्नका लागि शोध विषयसंग सम्बन्धित विद्धानहरुद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणाको परिधिमा रही विद्यमान समस्याको अध्ययन एवं विश्लेषण गर्न सान्दर्भिक हुने हुँदा यस शोधकार्य व्यवस्थापनका निम्न सिद्धान्तहरुमा आधारित भएर गरिएको छ ।

मेरी पार्कर फलेट (१८५०) का अनुसार संगठनमा मानवीय श्रोत कार्यरत हुन्छन् । संगठनको उद्देश्य प्रभावकारी ढंगले हासिल गर्नको लागि कार्यरत मानवीय श्रोत वीच राम्रो र मानवीय सम्बन्धको विकासमा जोड दिई मानव सम्वन्ध सिद्धान्त प्रतिपादन गरेको छ ॥ मानवीय श्रोत बीच राम्रो र मानवीय सम्बन्धको विकासमा उक्त संगठनको व्यवस्थापकको महत्वपूर्ण भूमिका रहन्छ । यस सिद्धान्त अनुसार कुनै पनि संगठनमा कार्य गर्न कार्य गर्ने मानिसहरु बीच राम्रो सम्बन्ध भएमा कार्य सम्पादन चाडो, राम्रो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुन जान्छ । संस्थाको उद्देश्य प्राप्तिका लागि

व्यवस्थापक र कामदार वीचको सम्बन्ध र सहकार्य राम्रो हुन आवश्यक हुन्छ । समूह संचालन, सहभागिता, नेतृत्व, उत्प्रोरणा, सञ्चार र व्यक्तित्व विकास जस्ता मानवीय व्यवहारहरुबाट व्यवस्थापक लाई सही दिशावोध हुन्छ । यस सिद्धान्त अनुसार शैक्षिक संस्था विद्यालयलाई सामाजिक प्रणालीको रुपमा लिन सकिन्छ । यसमा कार्यरत कार्मचारी तथा सम्बद्ध मानिसहरु आर्थिक, मनोवैज्ञानिक, सामाजिक आवश्यकता र चाहनाबाट अभिप्रेरित हुन्छन् । त्यही अभिप्रेरणबाट उनीहरुको कार्यदक्षता र सामाजिक दक्षता वृद्धि हुन्छ । संगठनमा एकल नेतृत्वको भन्दा मानवीय, प्रजातान्त्रिक र सहभागितामूलक नेतृत्वमा जोड दिनु आवश्यक हुन्छ । संस्थाको सु-सञ्चालनको लागि कार्यरत कामदारको मानवीय व्यवहारमा विशेष जोड दिनुपर्छ । शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिमा प्रभावकारी सञ्चारको प्रयोग गरी शंका र अस्पष्टता निवारण गर्नु पर्दछ । विद्यालयमा साधन, श्रोत, प्रक्रिया र विद्यमान शैक्षिक वातावरण वीच सुमधुर सम्बन्ध कायम राख्न समन्वय र सहकार्य निरन्तर हुनुपर्दछ । विद्यालय व्यस्थापनरुपी संगठनमा मानवीय, प्रजातान्त्रिक र सहभागितामूलक नेतृत्वबाट कार्य गर्नका लागि मानवीय सम्बन्ध राम्रो हुनुपर्दछ । सामुहिक सहभागिता, नेतृत्व, उत्प्रेरणा, सञ्चार र व्यक्तित्व विकास जस्ता मानवीय व्यवहारहरुबाट व्यवस्थापकलाई उचित दिशाबोध हुन्छ । जसबाट शैक्षिक संस्थामा कार्यरत तथा सम्बद्ध व्यक्तिहरु संस्थागत विकासमा दक्ष, अभिप्रेरित, क्रियाशील र कटिबद्ध हुन्छन् । विद्यालयको भौतिक विकासमा सामूहिक सहभागिताका लागि आपसी समन्वय र सहकार्य गरी प्रभावकारी सञ्चारका साथ संका र अस्पष्टता हटाउदै कार्य गर्न मद्दत पुग्छ भन्ने मानव सम्वन्ध सिद्धान्तलाई जर्ज इल्टन मायो, अव्राहम मास्लो, जोन वोडवार्ड आदिले समर्थन र सहयोग गरेका छन् (कोइराला र श्रेष्ठ,२०६४मा उधृत) ।

यस सिद्धान्त अनुसार विद्यालय व्यवस्थापनरुपी संगठन मानवीय , प्रजातान्त्रिक र सहभागितामूलक नेतृत्वबाट कार्य गर्नका लागि मानवीय ससम्बन्ध राम्रो हुनु पर्दछ । सामूहिक सहभागिता, नेतृत्व , उत्प्रेरणा , सञ्चार र व्यक्तित्व विकास जस्ता मानवीय व्यवहारहरुबाट व्यवस्थापकलाई उचित दिशावोध हुन्छ । जसबाट शैक्षिक संस्थामा कार्यरत तथा सम्वद्ध व्यक्तिहरु संस्थागत विकासमा दक्ष ,अभिप्रेरित , क्रियाशील र कटिबद्ध हुन्छन् । विद्यालयको भौतिक विकासमा सामूहिक सहभागिताका लागि आपसी समन्वय र सहकार्य गरी प्रभावकारी सञ्चारका साथ शंका र अस्पस्टता हटाउदै कार्य गर्न मद्धत पुग्छ भन्ने कुरालाई ध्यानमा राखी शोध अध्ययनमा सम्बन्धित सिद्धान्तहरुको अध्ययन गर्न सान्दर्भिक ठानिएको छ ।

जर्ज डब्लू ग्रेगर (१९०६-१९६४)ले कार्यकुशल व्यवस्थापन सिद्धान्तको प्रतिपादन गर्दै यस सिद्धान्त अनुसार  संगठनको व्यवस्थापन पिरामिडका रुपमा गरिएको हुन्छ । विद्यालयलाई पनि संगठनको रुपमा तुलना गरी तहगत जिम्मेवारीको व्यवस्था गरिदिंदा उपयुक्त हुन्छ । यस सिद्धान्त अनुसार व्यवस्थापक सधै दक्ष, योग्य, कुशल बन्ने प्रयास गर्दछ । उसको दक्षता, क्षमता, कार्यशैली, कार्यकुशलतामा, व्यवस्थापन निर्भर गर्दछ । व्यवस्थापन सामूहिक कार्य भए पनि व्यवस्थापनको उच्च तहमा बसेर मध्यमस्तरीय व्यवस्थापक र निम्नस्तरीय व्यवस्थापकलाई राम्ररी परिचालन गनुपर्दछ । माथिल्लो तहको व्यवस्थापकले नीति, नियम, निर्णयसंग धेरै कार्य गर्नुपर्दछ भने त्यसलाई कार्यान्वयन गर्न तल्लो तहको ठूलो जिम्मेवारी हुन्छ । यसरी सुमधुर सम्बन्ध समन्वय, मूल्याङ्कन, नियन्त्रण सफल र सवल नेतृत्वको आधारमा संगठनलाई निर्धारित लक्ष्य तर्फ लाने दायित्व कुशल व्यवस्थापकको हुन्छ ।

सहीठाउँमा आवश्यकरुपमा सहीढंगलेकार्य गर्ने वातावरण व्यवस्थापकले बनाउन सक्नुपर्छ । संगठनको संस्कृतिले पनि व्यवस्थापकको कार्य कुशलता बढाउन र प्रयोग गर्न सघाउ पुग्दछ । राम्रो व्यवस्थापकले राम्ररी सहभागीतामुलक निर्णय गर्छ । प्रजातान्त्रिक पद्धति अपनाई कार्य गर्छ । आवश्यक पर्दा जे जस्तो निर्णय गर्न सक्छ काम, कर्तव्य र अधिकारको विवेकपूर्ण प्रयोग गर्दछ (कोइराला र श्रेष्ठ, २०६४मा उधृत) ।

विद्यालय एउटा सामाजिक संस्था हो । यसमा सबै पक्षको समान विकास गरिनु पर्दछ । त्यसका लागि सम्बन्धित शिक्षक , विद्यार्थी , अभिभावक , विद्यालय व्यवस्थपापन समिति , शिक्षक अभिभावक संघ आदिमा सुमधुर सम्वन्ध , सहकार्य र व्यवस्थापकीय सीपहरु प्रयोग भएका संस्थालाई आवश्यक पर्ने सम्पूर्ण पक्षहरुको विकास गरी उद्देश्योन्मुख बनाउन सकिन्छ भन्ने कुरालाई ध्यानमा राखेर सम्वन्धित सिद्धान्तहरुको अध्ययन गर्न सान्दर्भिक ठानिएको छ ।

चेस्टर वर्नाड (१८८६) को सांयोगिक सिद्धान्त अनुसार नेतृत्वको कार्य तथा उद्देश्यको प्रकृति, वाहृय वातावरणको प्रभाव र अनुयायीहरुको क्षमता जस्ता तत्वहरुले नेतृत्वमा प्रत्यक्ष प्रभाव पार्दछ । कुनै पनि संघ संगठनका नेता वा व्यवस्थापकको कार्यकुशलतामा नेताको स्तर, सांगठानिक एकाईबाट गरेको कार्यहरु, उद्देश्य र प्रविधिको प्रकृति, संगठनात्मक एकाईको आधार, शिक्षकहरुको कार्यदक्षता र असामयिक परिस्थिति जस्ता तत्वहरुले असर पार्दछन् । उनको यो सांयोगिक सिद्धान्त अनुसार नेता, उद्देश्य, कार्य तथा सम्बन्धसंग केन्द्रित हुन्छन् । अवस्थाको अनुकूलतामा तथा नेतृत्वको अभ्यास मुलत : तीन तत्वहरुमा भर पर्दछ । जसमा ; संगठन भित्र हुने नेताको स्तरले नेताको स्थानको शक्तिको प्रतिनिधित्व गर्दछ, नेता र मातहतका कमचारी वीचको सम्बन्धको गुणस्तरको प्रभावकारी दक्षता र समन्वयात्मक सम्बन्धबाट हुने कार्यमा भर पर्दछ । व्यवस्थापक र

मातहतका व्यक्ति बीच राम्रो सम्बन्ध भएन भने काम गर्ने वातावरण जटिल हुने उद्देश्यमा पुग्न पनि कठिनाई उत्पन्न हुन्छ र संगठनको उद्देश्य तथा उपलब्धि प्रभावकारी नेतृत्वमा भर पर्दछ, जसले जुनसुकै अवस्थामा पनि सजिलैसंग कार्य गर्न सघाउँछ ।

यसरी विद्यालय पनि संगठनको एउटा रुप हो, जसलाई नेतृत्व र व्यवस्थापन गर्ने प्रमुख जिम्मेवार व्यक्ति वि.व्य.सं. को अध्यक्ष नै हो । उसका साथमा मातहतका अन्य पदाधिकारीहरु, शिक्षक, सि.अ. संघ र अभिभावक आदिसंग प्रभावकारी र उद्देश्यउन्मुख बनाउन सजिलो हुन्छ भन्ने सांयोगिक सिद्धान्त अध्ययन कार्यमा सान्दर्भिक छ (कोइराला र श्रेष्ठ,२०६४मा उधृत ) ।

## २.३. शैक्षिक उपादेयता

अध्ययन गरिएको विषयको लागि छानिएका वैचारिक सिद्धान्तहरु मानव सम्बन्ध सिद्धान्त तथा व्यवस्थापन कार्यकुशल सिद्धान्तले कुनै पनि संगठनमा कार्यरत कामदार वा व्यक्तिहरु बीचमा सुमधुर मानवीय सम्बन्ध हुनुपर्ने साथै उक्त कामदार वा व्यक्तिहरुलाई परिचालन गर्न माथिल्लो तहको ठूलो जिम्मेवारी हुन्छ । यसरी मानवीय सम्बन्ध स्थापित गर्ने, समन्वय, मूल्याङ्कन र नियन्त्रण गरी संगठनलाई निर्धारित लक्ष्य तर्फ लाने दायित्व कुशल व्यवस्थापनको हुन तर्क रहेको छ । जसले गर्दा विद्यालयको भौतिक विकासमा संलग्न निकायमा आवद्ध कामदार वा व्यक्तिहरु बीचमा सुमधुर मानवीय सम्वन्ध स्थापित  भई काम गर्ने जाँगर र मनोबल बढ्ने साथै माथिल्लो नेतृत्व वि.व्य.स.को अध्यक्षबाट समन्वयकारी ,नियन्त्रणकारी र नेतृत्वकारी भूमिकाका साथ कार्य गर्ने वातावरण स्थापित हुने हुँदा प्रभावकारी काम हुने बाताबरण तयार हुन्छ । तसर्थ यस्ता सिद्धान्तहरुको प्रयोग यस शोध अध्ययन कार्यमा सान्दर्भिक रहेको छ ।

वर्तमानमा विद्यालयमा भौतिक विकासका लागि उपलब्ध सीमित श्रोत साधनलाई अधिकतम परिचालन गरी विद्यालयको सञ्चालन र विकासमा प्रभावकारीता ल्याउन एक कुशल व्यवस्थापकको आवश्यकता पर्दछ । त्यस प्रयोजनका लागि विद्यालयका गठित विद्यालय व्यवस्थापन समितिले कुशल व्यवस्थापकको जिम्मेवारी वहन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

सबैलाई आवश्यक कुरा शिक्षा आदानप्रदान गर्ने थलो विद्यालयको स्थापना भईसकेपछि त्यसको संचालन, व्यवस्थापन, सुरक्षण र रेखदेखमा कस्को जिम्मेवारी र भूमिका रहने भन्ने कुराका साथै विद्यालय संचालन र व्यवस्थापनको जिम्मेवारीको परम्परा इतिहासको पनि अवगत हुन्छ ।

शैक्षिक संस्थालाई सामुहिक जिम्मेवारी, भूमिका र व्यवस्थापनबाट लक्ष्योन्मुख र उद्देश्यन्मुख बनाउन सकिन्छ । जसका लागि सम्वद्ध निकाय, शैक्षिक प्रशासक, व्यवस्थापक, शिक्षक, वि.व्य.स.,

शि.अ. संघ र अभिभावक आदिको सामूहिक भावना, पारस्परिक समन्वय र एकताको आवश्यकता उपरोक्त सिद्धान्तहरुमा औल्याइएको छ ।

शैक्षिक संस्थाहरुको सही संरक्षण, व्यवस्थापन र संचालनका लागि व्यापक जनसहभागिता आवश्यक हुन्छ । जसबाट आवश्यक सल्लाह, सुझाव, अनुगमन, आर्थिक, भौतिक, वौद्धिक, मानवीय सहयोग तथा सद्भाव प्राप्त भई लक्ष्य प्राप्ति हुन्छ । विद्त वर्गका सिद्धान्त र सम्वन्धित लेख, रचनाहरुले विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार वारेमा सचेत गराउन सहयोग पुग्दछ । विद्यालयका हरेक काममा निर्णय गर्ने र त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जस्ता महत्वपूर्ण दिशा निर्देश गर्दछ । साथै विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु र सम्वद्ध पक्षसँग समन्वयात्मक रुपमा काम गर्नलाई यस अध्ययन महत्वपूर्ण देखिन्छ । विद्यालयको भौतिक विकास तथा सुधारमा विद्यालय व्यवस्थापन समितिले  के कस्ता प्रयासहरु गर्नुपर्छ ? भन्ने प्रश्नको निर्धारण गरी विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका एवं योगदानलाई समेटिएको हुँदा सम्बन्धित साहित्यहरुको प्रयोग यस शोध अध्ययनमा अत्यन्तै सान्दर्भिक र उपयोगी देखिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धानका समग्र प्रक्रिया तथा विस्तृत रुप एवं विधि नै अनुसन्धान पद्धति वा अध्ययन विधि हो । अनुसन्धानको प्रस्ताव तयार गर्ने देखि लिएर अध्ययन पूरा गर्दा सम्म गरिने सम्पूर्ण कार्य र प्रक्रियालाई यस खण्डमा संश्लेषण गरी राखिएको छ । यस अध्ययन विधिले अनुसन्धान योजनाको कार्यान्वयन प्रक्रियालाई स्पष्ट गर्छ । त्यसैले अध्ययन विधिलाई अनुसन्धानको मुख्य खण्डको रुपमा लिने गरिन्छ । क्षेत्रगत अध्ययनवाट सूचना सङ्कलन गर्नको लागि परिणात्मक र गुणात्मक दुवै तरिकालाई यस अनुसन्धानको आधार बनाइएको छ । यस अध्ययनमा निर्धारित गरिएका उद्देश्यहरू प्राप्तिका लागि तथ्याङ्क तथा सूचनाहरूसङ्कलन गर्न विभिन्न आधार र पद्धतिको अबलम्बन गरिएको छ ।

### ३.१. अनुसन्धानात्मक ढाँचा

अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, सङ्कलित सूचनाहरूको किसिम जस्ता पक्षहरूमा निर्भर गर्दछ । त्यसैले प्रस्तुत अध्ययनका निर्धारित उद्देश्यहरू परिपुर्ति गर्ने लक्ष्य सहित सीमित स्रोत र साधनको सीमा भित्र रही गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धानको ढाँचालाई प्रयोग गरिएको छ । गुणात्मक ढाँचा भित्र श्रोतव्यक्ति, प्रधानाध्यापक,  शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको विद्यालयको व्यवस्थापन एवं भौतिक पक्षको न्युनतम् ज्ञान तथा जानकारीका साथै विद्यालयको व्यवस्थापकीय पक्षमा व्यवस्थापन समितिको भूमिका, निर्णय प्रक्रियालाई वास्तविक तथ्यपूर्ण रुपमा उजागर गराई गुणात्मक सूचनाहरू लिइएको छ । त्यस्तै परिमाणात्मक भित्र विद्यालयको भौतिक विकासमा  व्यवस्थापन समितिले गरेका निर्णयहरुको प्रभावकारीता एवं भूमिका र निर्णय कार्यान्वयनमा आइपरेका समस्याहरूको पहिचान तथा समस्या समाधान गर्ने उपायहरु समेत पत्ता लगाउन  र व्यवस्थापकीय अवस्थाका वारेमा स्पष्ट रुपमा खोज तथा अनुसन्धान गरी प्राप्त तथ्याङ्कलाई वर्णनात्मक ढाँचाको माध्यमबाट अनुसन्धान सम्पन्न गरिएको छ ।

### ३.२. जनसङ्ख्या

यस अध्ययनलाई सम्पन्न गर्नका लागि धनकुटा जिल्लाको त्रिवेणी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित उच्चमाध्यमिक, माध्यमिक, निम्नमाध्यमिक, प्राथमिक विद्यालयका प्रधानाध्यापक, कार्यरत शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अध्ययनरत विद्यार्थी, विद्यालयमा निर्माण गरिने/गरिएका शैक्षिक योजना, वि.व्य.स.को निर्णयका साथै अभिभावक र स्रोतव्यक्ति समेतलाई जनसङ्ख्याको (Universe) को रुपमा लिइएको छ ।

## ३.३. नमूनाको आकार तथा छनौट विधि

यस अध्ययन क्षेत्रको लागि धनकुटा जिल्लाका त्रिवेणी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सम्पूर्ण उच्च माध्यमिक, माध्यमिक, निुम्नमाध्यमिक र प्राथमिक विद्यालयहरु मध्ये Random Sampling Method बाट १ उच्च माध्यमिक, १ निम्न माध्यमिक र १ प्राथमिक विद्यालयको छनौट गरिएको छ भने यस भित्र प्रधानाध्यापक स्रोतव्यक्ति, लगायत विषय शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिका पदाधिकारी समेतको छनौट Purposive Sampling Method बाट छनौट गरी अध्ययनको लागि नमूनाको आकार निर्धारण गरिएको छ । यसलाई देहायको तालिकावाट अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका १**

**नमूनाको आकार**

| क्र.स. | विवरण | कुल विद्यालय | छनौट विद्यालय | प्रतिशत |
|---|---|---|---|---|
| १. | विद्यालयहरु | २३ | ३ | १३.०४% |
| २. | प्रधानाध्यापक सङ्ख्या | २३ | ३ | १३.०४% |
| ३. | शिक्षक सङ्ख्या | १५० | ४१ | २७.३३% |
| ४. | विद्यार्थी सङ्ख्या | ४८०० | १२५० | २६.०४% |
| ५. | विद्यालय व्यवस्थापन समिति (अध्यक्ष) | २३ | ३ | ३२.५% |

स्रोत : विद्यालय तथ्याङ्क प्रथम, २०६७

## ३.४. नमूना छनौटको आधार

अध्ययनकार्यलाई सम्पन्न गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि नमूना क्षेत्रभित्रका छनौटमा परेका विद्यालय लगायत अन्य पक्षहरूको छनौट गर्दा -स्रोत, साधनको

सीमितता, तथ्याङकको वैधता तथा विश्वसनियता, भौगोलिक आधार (क्षेत्रगत, जातिगत), आर्थिक मितव्ययिता, मानव संसाधनको आधार समेतलाई आधार बनाई नमूना छनौट गरिएको छ ।

## ३.५. अनुसन्धानका साधन

यस अध्ययन कार्यलाई परिणाममूखी वनाउन शोध विषयको प्रकृति हेरी सान्दर्भिक र प्रभावकारी साधन तथा औजारहरुको प्रयोग गर्नु पर्ने हुन्छ जसले गर्दा अध्ययन कार्य फलदायी र परिणाममूखी वन्न सक्छ । यस अनुसार यस अध्ययन कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका साधनहरू प्रश्नावली, अन्तरर्वाता, अभिलेख अध्ययनलाई निम्नानुसार छनोट गरी प्रयोग गरिएको छ :-

**क) प्रश्नावली** : कुनै विष्यवस्तुको वारेमा सूचना प्राप्त गर्नको लागि सङ्गठित एवम् क्रमवद्ध रुपमा निर्माण र विकास गरिएको प्रश्नहरूको श्रृङ्खला प्रश्नावली हो (ज.व.रा., श्रेष्ठ र रञ्जितकार, २०६२) । प्रश्नावलीवाट सूचना सङ्कलनका लागि अनुसूचीमा उल्लेख गरिएका प्रश्नावली प्र.अ., शिक्षक र विद्यार्थीहरूवाट सङ्कलन गरिएको छ । यसभित्र खुल्ला र वन्द दुवै किसिमका प्रश्नावली समावेश छन् ।

**ख) अन्तर्वार्ता** : उद्देश्यमूलक ढङ्गवाट अन्तर्वार्ता लिने र दिने दुवै पक्ष आमने, समने बसेर मौखिक रुपमा आवश्यक सूचना प्रदान गर्नु नै अन्तर्वार्ता हो (ज.व.रा., श्रेष्ठ र रञ्जितकार, २०६२) । अन्तर्वार्तावाट सूचना सङ्कलनका लागि अनुसूचीमा उल्लेख गरिए अनुसारका अन्तर्वार्ता प्रश्नावली बाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी,अभिभावक एवं स्रोत व्यक्ति लगायत शिक्षासँग प्रत्यक्ष सरोकार साख्ने व्यक्तिहरुसँगको अन्तर्वार्ताबाट सङकलन गरिएको छ ।

**ग) अभिलेख अध्ययन** : यस अन्तर्गत विद्यालयहरूको अभिलेख, विभिन्न प्रकाशित सान्दर्भिक पुस्तक, पत्रपत्रिका, बुलेटिन र स्रोतकेन्द्रवाट प्राप्त विद्यालय रेकर्ड, तथ्याङ्क आदिवाट पनि आवश्यक सूचना सङ्कलन गरिएको थियो ।

## ३.६. तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका क्रममा शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउन प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएको छ । यस अन्तर्गत :-

**क) प्राथमिक स्रोत :-** प्रश्नावली, अन्तर्वाता प्रश्नावलीको प्रयोग गरी प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरू वाट र विद्यालय व्यवस्थापन समितिका अध्ययक्षवाट सङ्कत्लित सूचना प्राथमिक स्रोत अन्तर्गत समावेश गरिएको छ । जसका लागि अनुसन्धानकर्ता आफैं नमूना क्षेत्रभीत्र उपस्थिति सूचना सङ्कलन गरिएको छ ।

**ख) द्वितीय स्रोत :** तथ्याङक सङ्कलनका क्रममा द्वितीय स्रोतको रुपमा अभिलेख अध्ययनवाट प्राप्त सूचनालाई लिइएको छ । यसभीत्र विद्यालय, स्रोतकेन्द्र वा जि.शि.का. र अन्य क्षेत्रवाट प्रकाशित लेख रचना तथ्याङ्कहरू समावेश गरिएको छ ।

## ३.७. तथ्याङ्कको सङ्कलन प्रक्रिया

प्रस्तुत शोध अध्ययनमा छनोट गरिएका विद्यालयहरूमा अनुसन्धानका साधन प्रश्नावली, अन्तर्वाता अवलोकनवाट प्रधानध्यापक, शिक्षक र विद्यार्थीवाट प्रश्नावली भराई तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष , अन्तर्वार्ता ,प्रश्नावलीको प्रयोग गर्दै आवश्यक सूचना सङ्कलन गरिएको थियो भने प्राप्त अभिलेख अध्ययनवाट समेत आवश्यकीय तथ्याङक सङ्कलन गरिएको छ ।

## ३.८. तथ्याङ्क विश्लेषपण प्रक्रिया

त्यसपछि सङकलित तथ्याङकहरूलाई आवश्यकता अनुसार तालिका, ग्राफ, चार्ट, प्रतिशतमा प्रस्तुत गर्दै अनुपात, औषतका आधारमा तथ्याङ्कहरूलाई अलग-अलग रुपमा व्याख्या विश्लेषण गरिएको छ । यसै गरी निर्धारण गरिएका उद्देश्य अनुसार उपर्यूक्त शीर्षकको चयन गरी प्राप्त तथ्याङकलाई सोही शीर्षक भित्र प्रस्तुतीकरण गरी व्याख्या गर्दै साहित्य र सिद्वान्तसँग सम्बन्धित गराउँदै निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

अनुसन्धानबाट सही निष्कर्षमा पुग्न प्राप्त तथ्याङ्कको सही विधिद्वारा विश्लेषण र प्रस्तुतिकरण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययन विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको योगदानमा धनकुटा जिल्लाका छनौटमा परेका सामुदायिक सरकारी विद्यालयहरुमा भइरहेका विद्यालयहरुको भौतिक विकासात्मक कार्यहरुको अध्ययन गरी तालिका समेत प्रस्तुत गरी गुणात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ । साथै विद्यालयका प्र. अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरुलाई सोधिएको प्रश्न र अन्तर्वार्ताबाट आएको प्रतिक्रिया एवं स्थलगत अवलोकनबाट प्राप्त भएको नतिजालाई समेत समावेश गरी विश्लेषण गरिएको छ ।

## ४.१. विद्यालयको वर्तमान भौतिक विकासको अवस्था

शिक्षा आदान प्रदानको प्रमुख केन्द्र विद्यालयको चौतर्फी विकासका लागि सम्बद्ध सबै पक्षको समान दायित्व र योगदान आवश्यक हुन्छ । समय सापेक्ष व्यक्ति, समाज र राष्ट्रको आवश्यकता परिपूर्ति गर्न राष्ट्रको शिक्षा प्रणाली प्रभावकारी र उत्पादनमूलक बनाइनु पर्दछ जसको लागि विद्यालयको समुचित विकास गरिनु पर्दछ । सरकार एक्लैले मात्र विद्यालयको विकास गर्न सम्भव नहुने भएकोले सम्बद्ध शिक्षक , अभिभावक तथा सरोकारवाला सबैले आ-आफ्नो ठाउँबाट दायित्व अनुसारको भूमिका निर्वाह गर्नु पर्दछ । विद्यालय संचालनका लागि सरकारी सहयोगका अलवा स्थानीय अभिभावक, शिक्षक र सरोकारवालाहरु समेतलाई सहभागी गराई विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको हुन्छ । विद्यालयलाई प्रभावकारी व्यवस्थित र सफल रुपमा संचालन गर्न विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी अत्यन्त महत्वपूर्ण रहन्छ ।

विद्यालयलाई व्यवस्थित रुपमा संचालन गर्न अत्यावश्यक पर्ने प्राज्ञिक , आर्थिक , भौतिक लगायतको क्षेत्रमा समुचित विकासका लागि पर्याप्त ध्यान पु-याउनु आवश्यक हुन्छ र त्यस्ता पक्षको समुचित विकासका लागि विद्यालय व्यवस्थापन समितिले अत्यन्त जिम्मेवारीपूर्वक कार्य गर्नु पर्दछ । विद्यालयका भौतिक पक्षको विकासमा विद्यालय व्यवस्थापन समितिले सम्बद्ध शिक्षक , अभिभावक तथा सरोकारवाला लगायतलाई सहभागी गराई परिचालन गर्न सकेको खण्डमा उपलव्ध साधन , स्रोतको अधिककतम परिचालन र सदुपयोग हुन गई व्यक्ति, समाज र राष्ट्रले अपेक्षा गरेका शैक्षिक उपलब्धि हासिल गर्न सजिलो हुन्छ । यस परिच्छेदमा विद्यालयको विद्यमान वर्तमान भौतिक

विकासमा विद्यालय व्यवस्थापन समितिले निर्वाह गरिरहेको भूमिका तथा भोग्नु परिरहेका समस्या र निराकरणका लागि भइरहेका प्रयासहरुलाई गुणात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

विद्यालयको वर्तमान भौतिक विकासको अवस्था विद्यालयको व्यवस्थापकीय विकास अनुसार अलग अलग रुपमा विद्यालय अनुसार फरक फरक पाइन्छ । विद्यालय संचालनमा महत्वपूर्ण भूमिका विद्यालयको बर्तमान भौतिक स्थितिलाई लिन सकिन्छ । विद्यालयका अन्य पक्षहरु व्यवस्थित र मज्भूत छन् तर भौतिक अवस्था नाजुक रुपमा रहेको छ भने विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिमा प्रत्यक्ष असर पर्दछ  जसले गर्दा विद्यालयको शैक्षिक गुणस्तर राम्रो कायम गर्न सकिन्न । कमजोर विद्यालयको भौतिक व्यवस्थापनले गर्दा शिक्षण कियाकलाप व्यवस्थित हुन सक्तैन । यसर्थ विद्यालयको वर्तमान भौतिक अवस्था नमुना छनोट भएका विद्यालयहरुवाट केलाउनु र ती विद्यालयको भौतिक व्यवस्थापन पक्षलाई विश्लेषण गरिएको छ ।।

### ४.१.१. विद्यालयको जग्गा

विद्यालय संचालन गर्न सबैभन्दा अत्यावश्यक र महत्वपूर्ण पक्ष विद्यालयको जग्गा हो । विद्यालयमा भवन, खेलमैदान, शौचालय, बगैंचा लगायत अन्य भौतिक निर्माणका लागि पर्याप्त जग्गाको व्यवस्था र उपलव्धता हुनु पर्दछ ।

**तालिका २**

**विद्यालयको जग्गाको विवरण**

| क.सं. | विद्यालयको नाम | जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | श्री गोकुण्डेश्वर उ.मा.वि.धनकुटा | १४-०-०-० | |
| २ | श्री देउराली नि.मा.वि. धनकुटा | २१-२-०-० | |
| ३ | श्री गणेश प्रा.वि.धनकुटा | २-२-०-० | |

स्रोत : विद्यालय सुधार योजना, २०६७

प्रस्तुत तालिका अनुसार वि.स. १९८९ सालमा शिक्षा प्रेमी संस्थापक स्व. गजेन्द्रबहादुर प्रधानाङबाट स्थापना भएको यस श्री गोकुण्डेश्वर उच्च माध्यमिक विद्यालयको स्वामित्वमा १४ रोपनी क्षेत्रफलको जग्गा रहेको छ । विद्यालयको परिसर भित्र २ रोपनी ७ आना २ पैसा मात्र जग्गा रहेको छ । सो जग्गा पनि वि.स.२०१५ सालमा धनकुटा नगरपालिका ६ निवासी श्री सूर्यनारायण श्रेष्ठले भवन निमार्णका लागि दिनु भएको पाइन्छ । अन्य वांकी जग्गा विद्यालय परिसरबाट वाहिर धनकुटा

नगरपालिका ५ र धनकुटा नगरपालिका ३ आत्मारामा रहेको छ। यस अनुसार विद्यालयको भवन निमार्ण , खेलमैदान एवं अन्य प्रयोजनका लागि यस विद्यालयको जग्गाको क्षेत्रफल कम देखिन्छ । तापनि विद्यालयलाई जसरी स्व. सूर्यनारायण श्रेष्ठबाट २ रोपनी ७ आना २ पैसा, धनकुटा ६ निवासी स्व.भीमबहादुर खड्गीबाट १० रोपनी ७ आना , धनकुटा २ निवासी चन्द्रबहादुर श्रेष्ठबाट ३ आना ३ पैसा जग्गा निःशुल्क उपलब्ध गराएको देखिन्छ । यसका साथै पूर्व प्राचार्य सुश्री सुलोचना जोशीको सक्रियताबाट जु.रे. सर्कलको तर्फबाट १३ आना ३ पैसा जग्गा धनकुटा ५मा रु ७ हजार रुपैयामा खरीद गरेको पाइन्छ । यसरी छरिएर रहेका जग्गालाई एकीकृत गरेमा उपयुक्त देखिन्छ । विद्यालय परिसर बाहिरको जग्गा खाली नै रहेकोले अन्य आय आर्जन हुने गरी प्रयोगमा ल्याए अझ राम्रो हुनेछ । विद्यार्थी संख्याको अत्याधिक चापका कारणले भौतिक निमार्ण गर्ने जगा अप्रयाप्त एवं समस्याग्रस्त हुने देखिन्छ । जु.रे.सर्कलबाट खरीद गरिएको जग्गामा विद्यार्थी आवासगृह निर्माण गर्ने सोच विद्यालय व्यवस्थापन समितिले बनाई निर्णय समेत गरेकोले वि.व्य.स.को निर्णय कार्यान्वयन गर्न सकेमा सो सोच विद्यालयको सकारात्मक विकास तर्फ उन्मुख हुने देखिन्छ । साथै विद्यालय व्यवस्थापन समितिबाट जग्गाको अतिकमण रोक्न जग्गाको अनुगमन र अवलोकन तथा निरीक्षण गर्ने गरेको पाइयो ।

यस श्री देउराली नि.मा.वि. सान्ताङ्ग धनकुटा धनकुटा नगरपालिकाको वार्ड नं ८ देउराली डाँडामा अवस्थित छ । वि.स.२०१६ सालमा स्थापित यो विद्यालयको जग्गा २१ रोपनी मात्र रहेको छ । विद्यालयभवन निर्माणका लागि आवश्यक पर्ने २ रोपनी जग्गा सोही धनकुटा नगरपालिका निवासी शिक्षाप्रेमी एवं सामाजसेवी स्व.चतुरमान राईबाट निःशुल्क रुपमा प्रदान गरिएको देखिन्छ । यसै गरी बञ्चरे खोला स्थित वगरमा रहेको खेत १९ रोपनी तत्कालीन श्री ५ को सरकारबाट निःशुल्क विद्यालयको नाममा दर्ता गरिदिएको पाइन्छ । उक्त जग्गा कृषि योग्य भएकोले विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरि ठेक्कामा कमाउन दिएबाट विद्यालयलाई आर्थिक रुपमा सहयोग पुगेको देखिन्छ । बांकी २ रोपनी जग्गामा विद्यार्थीको न्यूनतम चाप मात्र रहेकोले भौतिक निर्माण गर्न प्रर्याप्त मात्रामा जग्गा देखिन्छ ।

यसै गरी यस श्री गणेश प्राथमिक विद्यालय देव्रेवास धनकुटा ४ धनकुटा वि.स. २०३४ सालमा स्थापित विद्यालय हो । यो विद्यालयको स्थापना कालदेखि स्कूल डाँडामा सरकारी जग्गामा सानो १ भवन निर्माण गरी संचालन हुदै आएकोमा पछि यस क्षेत्रका शिक्षाप्रेमी , समाजसेवी व्यक्तिहरुबाट ठाउँ उपयुक्त भएन भनी तत्कालीन श्री ५ को सरकारसँग माग गरी करीव २ रोपनी २ आना क्षेत्रफलको जग्गा देव्रेवास लोकसेवा छेउमा उपलब्ध गराई भवन निर्माण गरी विद्यालय

संचालन भई रहेको छ । समग्रमा हेर्दा यस विद्यालयको जग्गा भूवनोटका आधारले उपयुक्त र व्यवस्थित देखिदैन । तापनि विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ ,अभिभावक समेतको संयुक्त वैठकको निर्णयनुसार १ रोपनी जग्गा थप गर्न चन्दा अभियान संचालन गरेको देखिन्छ जसले गर्दा विद्यालयको जग्गा थप भए भौतिक निर्माण मर्मतका लागि सहज र सरल हुने देखिन्छ ।

विद्यालय व्यवस्थित रुपमा संचालन गर्न , भौतिक पक्षलाई मजभूत पार्न भौतिक निर्माण मर्मतका लागि प्रर्याप्त मात्रामा जग्गा हुनु आवश्यक छ । उपयुक्त र फराकिलो जग्गाले विद्यालयलाई व्यवस्थित गर्न सकिन्छ । विद्यालयका लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, दातृ निकाय र व्यक्ति एवं संथाहरुको पहिचान गरी जग्गा थप गर्ने, भएका जग्गाको सही सदुपयोग गर्ने र उचित व्यवस्थापन गर्ने कार्यमा विद्यालयसंग सम्वद्ध सवै सरोकारवालाको समान दायित्व हुन्छ र हुनु पनि पर्छ । जस्को अगुवाई विद्यालय व्यवस्थापन समितिले लिनुपर्छ । यसरी विद्यालयसंग काम गर्न सवै पक्ष वीच मेरीपार्कर फलेटका सिद्धान्त अनुसार मानव सम्वन्ध सुमधुर भएमा कार्य प्रगति उच्च भएको पाइन्छ ।

### ४.१.२. विद्यालय भवन

औपचारिक शिक्षा आदान प्रदानको केन्द्र विद्यालयमा सुचारु ,प्रभावकारी र उपलब्धिमूलक पठनपाठनको लागि उचित, प्रयाप्त र अनुकूल विद्यालय भवनको व्यवस्था हुनु पर्दछ । जहाँ मापदण्ड अनुसारका कक्षा कोठाहरुको व्यवस्था गरी निर्वाध र सहज रुपमा कक्षाहरु संचालन गर्न सकियोस् ।

**तालिका ३**

**विद्यालय भवनको विवरण**

| क्र.स. | विद्यालयको नाम | भवन संख्या | कैफियत |
|---|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि. धनकुटा | ५ | |
| २. | श्री देउराली नि.मा.वि. धनकुटा | ५ | |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | ४ | |

स्रोत : विद्यालय सुधार योजना,२०६७ तथा स्थलगतभ्रमण अवलोकन ।

प्रस्तुत तालिका अनुससार श्री गोकुण्डेश्वर उच्च मा.वि. धनकुटामा जम्मा ५वटा भवनहरु रहेका छन् । अधिकांश भवनहरु २०४५ सालको भूकम्पमा क्षतिग्रसत भएपछि केही भवनहरु निर्माण भएका हुन् । विद्यालयमा दिनप्रतिदिन बढ्दै गइरहेको विद्यार्थी संख्या र थपिदै गइरहेको उच्च तहका कक्षाहरुका कारण विद्याालयको आन्तरिक स्रोतर र सरकारी तथा दातृ निकाय र संघ संस्थाहरुको सहयोगमा  केही भवनहरु निर्माण भएका छन् । विद्यमान विद्यालय भवनहरु सामान्यतः अनुकूल र पर्याप्त मात्रामा रहेका छन् । नयाँ भवनहरु सामान्यतः सिमेन्ट प्लाष्टर गरिएका र पक्ककी प्रकृतिका रहेका छन् ।

यस श्री गोकुण्डेश्वर उच्च मा.वि.मा विद्यार्थी संख्याको उच्च चापका कारणले नयाँ भवनहरु थप्ने काम भइरहेको पाइयो । वर्तमान विद्यालय व्यवस्थापन समितिले थप भवन निर्माणार्थ केही वर्ष अगावै विभिन्न दातृ निकायमा सहयोगको लागि पहल र अनुरोध गरे अनुसार धनकुटा नगरपालिकाको अनुदान सहयोगमा ११ कोठे भवन निर्माण गरेको साथै भारतीय राजदूतावासबाट ९ कोठे पक्की भवन निर्माण गरेको अवस्था छ । उक्त भवनहरु निर्माण गर्नका लागि वि.व्य.स.ले आफ्नो बैठकमा छलफल गरी निर्णयका साथ जिम्मेवारी पनि बाँडफाँड गरेको पाइयो । यसका साथै दातृ निकायसँग योजना सम्झौता गर्ने ,योजना कार्यान्वयनमा आवश्यक श्रमदान जुटाउने ,अभिभावक एवं सरोकारवालहरुको भेला जुटाउने भवन निर्माणको क्रममा अनुगमन समिति बनाउने र बेला बखत अनुगमन, निरीक्षण गर्ने  साथै योजनामा पारदर्शिता अपनाउन सामाजिक परीक्षण गराउने गरेको पाइयो । विद्यालयमा विद्यमान भवनहरु समयमा अवलोकन गरी अवस्था हेरी मर्मत संभार गर्न विद्यालय कोषबाट रकम विनियोजन गरी कार्य गर्ने गरेको पाइयो । साथै विद्यालयको भौतिक निर्माणमा शिक्षक अभिभावक संघलाई समेत सक्रिय बनाएको देखियो ।

श्री देउराली नि.मा.वि. धनकुटामा जम्मा ५ वटा भवनहरु भध्ये ३ वटा भवन पुरानो र २ वटा भवनहरु नयाँ निर्माण गरिएका छन् । यी २ वटा भवनहरु सामान्यतः सिमेन्ट प्लाष्टर गरिएका छन् । यी पक्की प्रकृतिका छन् । विद्यालयमा विगत वर्षमा निर्माण भएका भवनहरु वि.स.२०४५ सालको भूकम्पबाट ध्वस्त भएपछि अरु भवनहरु  निर्माण भएका हुन् । विद्यालयमा दिन प्रतिदिन बढ्दो कार्यालय धनकुटाले ई.एफ.ए. कार्यक्रम अर्न्तगत उपलब्ध भएको २ कोठे भवन निर्माण गर्ने क्रममा योजना माग गर्ने ,सम्झौता गर्ने लगायतका कार्यमा वर्तमान वि.व्य.स.ले सक्रिय र जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरेको पाइयो र हाल विद्यमान केही भवनहरु जीर्ण भइसकेकोले नयाँ भवन निर्माण गर्न वि.व्य.स.ले दातृ निकायको खोज गरिरहेको पाइयो । त्यसका लागि विद्यालयको जग्गा सीमित रहेकाले पूराना तथा जीर्ण भवनहरु हटाई नयाँ भवन निर्माण गर्ने योजना विद्यालयसुधार योजनामा वि.व्य.स.ले उल्लेख गरेको पाइयो । गत साल २०६६ साल वैशाख २८

गतेको वि.व्य.स. र आम अभिभावकहरुको व्यापक भेलाले धनकुटा नगरपालिकालाई भवन निर्माण गर्न आर्थिक सहयोग माग गर्ने निर्णय समेत गरेको पाइयो ।

श्री गणेश प्रा.वि. धनकुटामा रहेका जम्मा ४ वटा भवनहरु निर्मित छन् । विद्यालय स्थापना कालमा निर्माण भएका मध्ये एउटा कच्ची भवन वि.स. २०४५ सालमा गएको भूकम्पबाट क्षतिग्रस्त भएको छ । त्यस पछि अरु भवनहरु निर्माण भएका हुन् । भवन निर्माणका क्रममा जिल्ला शिक्षा कार्यालय धनकुटाबाट र धनकुटा नगरपालिकाबाट आर्थिक सहयोग अनुदान प्राप्त गरी निर्माण भएको हो । सबै भवनहरुमा भूई प्लाष्टर गरिएको अवस्थामा रहेका छन् । विद्यार्थी संख्याको वृद्धि हुने आधारमा विद्यालयका भवनहरु कमी नै देखिएका छन् ।

यस श्री गणेश प्रा.वि.मा रहेका भवनहरु मध्ये ३ वटा भवनहरु पुरानै छन् । एक वटा भवन चाहिँ यसै साल मात्र निर्माण भएको हो । पुराना भवनका झ्याल ढोकाहरु मर्मत गर्नु पर्ने भएको विद्यालय व्यवस्थापन समितिको बैठकले निर्माण गर्ने निर्णय गरी विद्यालयको आन्तरिक स्रोतबाट रकम विनियोजन गरी आवश्यक काठ एवं ढुङ्गाको व्यवस्था गरिसकेको छ । उक्त भवन निर्माणार्थ आवश्यक योजना तर्जुमा, स्रोत पहिचान र कार्यान्वयनमा वि.व्य.स.अत्यन्त सक्रियताका साथ लागेको पाइयो । वि.व्य.स.ले निर्णय गरी महत्वपूर्ण छलफल गरेको देखिन्छ । यसरी अभिभावकको सक्रियता वढाउन विद्यालयले विभिन्न समिति,उपसमितिहरु गठन गरेको र सेवा क्षेत्र भित्रका अभिभावकहरुको भेला वोलाई सरोकारवालहरुको पटक पटक भेला गराई प्रगति विवरण समेत सुनाएको पाइयो ।

विद्यालयमा अत्यावश्यक पूर्वाधारको रुपमा विद्यालय भवनलाई लिइन्छ । विद्यालयमा पर्याप्त र अनुकूल भवनको व्यवस्था विना प्रभावकारी र उपलब्धिमूलक शिक्षण सिकाइ कार्यको कल्पना गर्न सकिदैन । तसर्थ विद्यालय संचालनमा विद्यालय भवनको व्यवस्थालाई पहिलो र प्रमुख प्राथमिकतामा राखिनु पर्दछ । त्यसका लागि विद्यालयमा सम्बद्ध सबै पक्षको अहम् जिम्मेवारी र भूमिका अपरिहार्य रहन्छ । त्यसका साथै फलेटको सिद्धान्त अनुसार मानव सम्वन्धको सिद्धान्त लागु गरी सरोकारवाला सबै पक्षसँग सम्वन्ध स्थापित भए निर्माण कार्य सहज र सरल हुन्छ ।

### ४.१.३. कक्षा कोठा

विद्यालयमा प्रभावकारी पठनपाठन क्रियाकलाप संचालन गर्न तथा विभिन्न किसिमका क्रियाकलापहरु गराई निर्धारित सिकाइ उपलब्धि हासिल गर्न र निर्धारित समयमा तह अनुसारको विषयवस्तुको अध्यापन गराउन मापदण्ड अनुसारका पर्याप्त र अनुकूल कक्षाकोठाको व्यवस्था हुनु पर्दछ ।

**तालिका ४**

**कक्षा कोठाको विवरण**

| क्र.स. | विद्यालयको नाम | कक्षा कोठाको संख्या |
|---|---|---|
| १ | श्री गोकुण्डेश्वर उच्च मा.वि. धनकुटा | २९ |
| २ | श्री देउराली नि.मा.वि. धनकुटा | ११ |
| ३ | श्री गणेश प्रा.वि. धनकुटा | ८ |

स्रोत : विद्यालय सुधार योजना,२०६७

प्रस्तुत तालिका अनुसार श्री गोकुण्डेश्वर उच्च मा.वि.मा जम्मा २९ वटा कक्षा कोठाहरु रहेका छन् । कक्षा कोठाहरु सामान्यतः फराकिलो र सर्वोत्तमयुक्त अवस्थाका रहेका छन् । सम्पूर्ण कक्षा कोठाहरुको भुई सिमेन्ट प्लाष्टर गरिएको र सुरक्षित झ्याल ढोकाको व्यवस्था रहेको छ ।

यस श्री गोकुण्डेश्वर उच्च मा.वि.मा विद्यार्थी संख्याको चाप अत्याधिक रहेकाले विद्यार्थी संख्या अनुसारको कक्षा कोठाहरु निर्माण गर्नुपर्ने अवस्था रहेको पाइयो । प्रयोगमा नआइरहेका केही पुराना र जीर्ण कक्षा कोठाहरुको मर्मत र सरसफाइ गरी प्रयोगमा ल्याउने काम भइरहेको पाइयो । त्यसका लागि समय समयमा वि.व्य.स.बाट अवलोकन निरीक्षण गरी बैठकमा छलफल र निर्णय गर्नुका साथै खर्च र स्रोतबाट रकम विनियोजन गरी काम सम्पन्न गर्ने काम बर्तमान वि.व्य.स.ले गरेको पाइयो । कतिपय स-साना कामहरुमा विद्यालय आफैले काम गर्ने गरेको र त्यसको खर्च वि.व्य.स.को बैठकले अनुमोदन गर्ने गरेको पनि पाइयो ।

श्री देउराली नि.मा.वि.मा जम्मा ११ कोठाहरु रहेका छन् । यस विद्यालयमा विद्यार्थी संख्या र संचालित कक्षाको अनुपातमा कक्षा कोठाको संख्या सामान्यतः पर्याप्त रहेको देखिन्छ । सम्पूर्ण कक्षा कोठाको भूई सिमेन्ट प्लाष्टर गरिएको भएता पनि अधिकांश पुराना भवनका कक्षा कोठाहरु तुलनात्मकरुपमा साँघुरा रहेका छन् । प्रकाशको राम्रो व्यवस्था रहेको छ । यस विद्यालयमा थप कक्षा कोठाको व्यवस्था गर्न विद्यालय व्यवस्थापन समितिले पहल गरिरहेको पाइयो । यस विद्यालयमा कक्षा कोठाको पर्याप्तता र उचित व्यवस्थापनका लागि वि.व्य.स.ले समय-समयमा अवलोकन

निरीक्षण गर्ने गरेको पाइयो । गत वर्ष २०६७/०४/२९ को वि.व्य.स.को बैठकको निर्णयानुसार ३ वटा कक्षा कोठाहरुमा सिमेन्ट प्लाष्टर गर्ने काम सम्पन्न भएको पाइयो । त्यस प्रयोजनका लागि विद्यालयको आन्तरिक स्रोतबाट रकम विनियोजन गरी काम गरेको पाइयो । कक्षा कोठाहरुमा केही झ्याल ढोका जीर्ण भएकोले मर्मत सम्भार गर्न आवश्यक काठ खरिद गरी मिस्त्री लगाउन चाहिने खर्च विद्यालयको आन्तरिक स्रोतबाट विनियोजन गरी कार्य सम्पन्न गर्ने काम वर्तमान वि.व्य.स.ले गरेको पाइयो ।

श्री गणेश प्रा.वि.मा जम्मा ८ वटा कक्षा कोठाहरु रहेका छन् । यस विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा कक्षा कोठाको संख्या र आकार सामान्यतः पर्याप्त छ । सम्पूर्ण कक्षा कोठाहरुको भुई सिमेन्ट प्लाष्टर गरिएको र झ्याल ढोकाहरुबाट प्रकाश छिर्ने अवस्था पनि राम्रो छ । विभिन्न किसिमका कक्षा क्रियाकलापहरु संचालन गर्न पनि सकिने गरी व्यवस्थापन मिलाईएको छ ।

यस श्री गणेश प्रा.वि.मा नयाँ थप भवन र कक्षा कोठाको निर्माण क्रम जारी रहेको पाइयो र त्यस कामका लागि विद्यालय एवं वि.व्य.स.ले समय समयमा बैठक वसी योजना र कार्यक्रम तर्जुमा गर्ने र स्रोत साधन परिचालन तथा आवश्यक रकम विनियोजन गरी आफ्नो प्रत्यक्ष संलग्नता र सक्रियतामा वर्तमान वि.व्य.स.ले कार्य सम्पन्न गरेको पाइयो । आवश्यक भवन र कक्षा कोठा थप गर्न जिल्ला शिक्षा कार्यालय धनकुटालाई माग पत्र पनि पेश गरिसकेको पाइयो । यस क्रममा आम अभिभावक तथा सरोकारवालाहरुको भेला, छलफल र कार्य विभाजनको जिम्मेवारी बाँडफाँड पनि वि.व्य.स.बाट भएको पाइयो ।

विद्यालयमा संचालित तह अनुसारका कक्षाहरु संचालन गर्न पर्याप्त मात्रामा कक्षा कोठाहरुको व्यवस्था र आवश्यक कोठाहरुको निर्माण गर्न वि.व्य.स.ले गहन जिम्मेवारीका साथ कार्य गर्न आवश्यक पर्दछ । निर्मित कक्षा कोठाहरुलाई थप व्यवस्थित गर्नका साथै जिर्णोदार मर्मत सम्भार तथा सरसफाई गर्न गराउनका लागि पनि पहल कदमीको आवश्यकता पर्दछ । त्यसका लागि उपलब्ध साधनको पहिचान, परिचालन र सदुपयोग पनि गर्न सक्नु पर्दछ ।

### ४.१.४. खेल मैदान

विद्यार्थीको सर्वाङ्गिण विकासका लागि विद्यालयमा पठन पाठनको अलवा विभिन्न क्रियाकलापहरु पनि संचालन गर्नु पर्ने हुन्छ । त्यस्ता क्रियाकलापहरु पाठ्यक्रमबाट निर्दिष्ट उद्देश्यहरु हासिल गर्न तथा विद्यार्थीहरुको शारीरिक एवम् मानसिक विकासका लागि पनि अपरिहार्य मानिन्छन् । त्यसका लागि विद्यालयमा मापदपण्ड अनुसारको खेलमैदान विद्यालय परिसरमा नै हुनु आवश्यक पर्दछ ।

**तालिका ५**

**खेलमैदानको विवरण**

| क.स. | विद्यालयको नाम | खेलमैदानको क्षेत्रफल |
|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि.धनकुटा | ४ आना |
| २. | श्री देउराली नि.मा.वि.धनकुटा | १.रोपनी |
| ३. | श्री गणेश प्रा.वि.धनकुटा | १ रोपनी |

स्रोत : विद्यालय सुधार योजना २०६७,तथा स्थलगत अवलोकन

माथिको तालिका अनुसार श्री गोकुण्डेश्वर उच्च मा.वि.धरान धनकुटा राजमार्गको नजिक रहेकोले र विद्यालयको स्थापना हुँदा राम्रोसंग सोचविचार नपुगेकोले विद्यालय परिसरमा उपयुक्त जग्गा खेलमैदानका लागि देखिदैन । जस अनुसार विद्यालय परिसर भित्र ४ आना मात्र जग्गा खेलममैदानका लागि देखिन्छ । साह्रै कम क्षेत्रफलमा रहेको यो विद्यालयको जग्गा विद्यालय परिसर भन्दा टाढा निक्कै छ । तर विद्यालयबाट निक्कै टाढा मात्र रहेकोले खेलमैदानका लागि समस्या नै देखिएको छ ।

यस विद्यालयले खेलमैदानका लागि आवश्यक व्यवस्था गर्न जिल्ला शिक्षा कार्यालय धनकुटामा र स्थानीय निकाय नगरपालिकामा आवश्यक रकमको माग समेत गरेको छ । सो अनुसार निमार्ण गर्न धनकुटा नगरपालिकाको वार्ड नं ६ मा नै रहेको दीपाचोकको छेउमा १ रोपनी जग्गा खरीदका लागि एक समिति बनाइ विद्यालय व्यवस्थापन समितिको वैठकले निर्णय समेत गरेकोछ । यसका साथै विद्यालयको स्थानीय स्रोतको समेत प्रयोग गरेर उक्त जग्गा खरिद गर्ने कार्य भएमा विद्यालयको खेलमैदानको उचित व्यवस्थापन हुनेछ ।

श्री देउराली नि.मा.वि.मा विद्यालय भवनसँगै जोडिएर रहेको एउटा खेलमैदान प्रयोगमा रहेको छ । सीमित क्षेत्र र नमिलेको भू-वनोटका कारण खेलमैदानको अवस्था कमजाोर रहेको देखिन्छ । करीब एक रोपनी क्षेत्रफलमा निर्मित यस खेलमैदान भलिबल खेल्न र विद्यार्थीहरुलाई प्रार्थना गराउन बाहेक अरु खेलकुदका लागि खेलमैदान अपर्याप्त रहेको देखिन्छ ।

यस श्री देउराली नि.मा. वि.मा रहेको खेलमैदान अत्यन्त साँघुरो र सतह नमिलेको अवस्थामा रहेकोले र्ममत संम्भार तथा व्यवस्थापनको लागि वि.व्य.स.ले कार्य गरिरहेको पाइयो । गतसाल २०६६ मा नगरपालिकाबाट प्राप्त आर्थिक सहयोग रु ५००००।-को लागतमा डोजर लगाउने काम सम्पन्न भएपनि खेलमैदानले अपेक्षाकृत सही आकार लिन नसकेको पाइयो । विद्यालयको सीमित जग्गामा अरु भौतिक निर्माणका कामहरु भएकोले खेलमैदानको समस्या हल गर्न

वि.व्य.स.ले अन्यत्रै उपयुक्त जग्गा खोजी गरिरहेको पाइयो । त्यसका लागि आम अभिभाबक तथा सरोकारवालहरुको भेला गराई छलफल र अन्तर्क्रिया गराउने र बिभिन्न दातृ निकायको खोजी गर्ने काम बर्तमान वि.व्य.स.बाट भइरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा पनि एउटा साँघुरो खेलमैदान रहेको छ । विद्यालय परिसरमा नै निर्मित उक्त खेलमैदान करीब आधा रोपनी क्षेत्रफलमा फैलिएको छ । नमिलेको भू-वनोट र साँघुरो क्षेत्रका कारण भलिबल खेलाउन बाहेका अरु खेलहरु खेलाउन नसकिने अवस्था यस विद्यालयमा खेल मैदानको रहेको छ । लम्बाइ र चैडाइ नमिलेकाले यस खेलमैदानको उपयोग पनि त्यति नआएको देखिन्छ ।

यस श्री गणेश प्रा.वि.मा रहेको खेलमैदान नाममात्रको रहेकाले त्यसको विकल्प सोच्ने काम वि.व्य.स.बाट भएको पाइयो । हाल त्यस ठाउँमा खेलमैदान निर्माण गर्न वि.व्य.स.ले आन्तरिक स्रोत तथा बिभिन्न सम्भाव्य दातृ संस्था वा निकायहरुको पहिचान गर्ने कार्य गरिरहेको पाइयो । त्यसका लागि वि.व्य.स.ले समय समयमा आम अभिभावक तथा सरोकारवालाहरुको भेला गराउने र छलफल तथा अन्तर्क्रिया गराई राय, सल्लाह र सुझाव लिने काम भइरहेको पाइयो ।

विद्यालयमा अत्यवश्यक पर्ने खेलमैदानको निर्माण, व्यवस्थापन र सुधारका लागि सम्बद्ध सबै सरोकारवालाहरुले उचित ध्यान पु-याउनु आवश्ययक हुन्छ । आवश्यक जग्गाको व्यवस्था गर्ने, स्रोत साधनको संकलन र परिचालन गर्ने, भएको खेलमैानको व्यवस्थापन, सुधार र मर्मत सम्भार गर्ने कार्यको प्रमुख जिम्मेवारी विद्यालयको वि.व्य.स.को नै मानिन्छ ।

### ४.१.५. शौचालय

विद्यालयमा अत्यावश्यक पर्ने भौतिक साधन अर्न्तगत शौचालय पनि पर्दछ । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थीहरुका लागि पर्याप्त र छुट्टा छुट्टै शौचालयको व्यवस्था हुनुपर्दछ । प्रचलित शिक्षा ऐन तथा नियमावलीले पनि विद्यालयमा मापदण्ड अनुसारको शौचालय अनिवार्य रुपमा रहनुपर्ने प्रावधान राखेको छ ।

**तालिका ६**

**विद्यालयमा रहेको शौचालयको विवरण**

| क्र.स. | विद्यालयको नाम | शौचालयको संख्या | शौचालयको अवस्था |
|---|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि.धनकुटा | ४ | प्रर्याप्त |
| २. | श्री देउराली नि.मा.वि.धनकुटा | २ | अपर्याप्त |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | २ | अपर्याप्त |

स्रोतः विद्यालय सुधार योजना,२०६७ ।

उल्लेखित तालिका अनुसार श्री गोकुण्डेश्वर उ.मा.वि.मा ४ वटा शौचालयहरु रहेका छन् । जसमध्ये ४ वटै पक्की किसिमका शौचालयहरु रहेका छन् । प्रत्येक शौचालयहरु ४,४ कोठे र विद्यालय परिसरमा नै निर्माण गरिएका छन् । विद्यालयमा विद्यार्थी संख्या अत्याधिक रहेकाले विद्यमान शौचालयहरु प्रर्याप्त रहेका छन् । शिक्षक कर्मचारीहरुका लागि एउटा अलग रुपमा शौचालय भवन रहेको छ। भएका शौचालयको थप सरसफाई गर्नुपर्ने आवश्यक्ता रहेको देखिन्छ।

यस श्री गोकुण्डेश्वर उ.मा.वि.मा विद्यमान शौचालयहरुको बेलावखत वि.व्य.स.का पदाधिकारीहरुबाट अनुगमन तथा निरीक्षण हुने गरेको पाइयो । विद्यालयमा बिगत वर्षदेखि नै विद्यार्थी संख्याको चाप अत्याधिक रहँदै आएकाले त्यसैको अनुपातमा शौचालयको निर्माण तथा व्यवस्थापनमा वि.व्य.स.ले ठूलो भूमिका निर्वाह गर्दै आइरहेको छ। विद्यालय परिसरमा नै निर्माण भएका शौचालयहरुको निर्माण कार्य विगत वर्षमा हुँदा पनि वि.व्य.स.को बैठकबाट व्यापक छलफल सहित रकम विनियोजनको कार्यहरु भएको पाइयो । गत बर्ष २०६६ सालमा निर्माण भएको एउटा छात्रा शौचालय निर्माणार्थ जि.शि.का. धनकुटामा आर्थिक सहयोगका लागि अनुरोध गर्नेदेखि लिएर योजना सम्झौता गर्ने र योजना कार्यान्यिन गर्ने कार्यमा बर्तमान वि.व्य.स. तनमनका साथ लागि परेको पाइयो । तथापि शौचालयहरुको निर्माण क्रममा आवश्यक अनुगमन प्रभावकारी रुपमा हुने नगरेको पाइयो, तर वि.व्य.स.ले निर्णय गरी कार्यान्वयन गर्ने गरेको देखिन्छ।

श्री देउराली नि.मा.वि.मा २ वटा भवनहरु २,२ कोठे शौचालयका रुपमा रहेका छन् । ती मध्ये १ वटा पक्की छात्रा शौचालय र १ वटा साधारण शौचालय रहेका छन् । विद्यालय परिसर मै निर्मित ती शौचालयहरु शिक्षक विद्यार्थी संख्याको अनुपातमा अपर्याप्त रहेका छन् । विद्यालयमा शौचालयको व्यवस्था र थप निर्माण तथा निर्मित शौचालयहरुको समुचित प्रयोग र सरसफाईको अभाव देखिन्छ।

यस श्री देउराली नि.मा.वि.मा विद्यालय परिसरमा नै निर्मित २ वटा शौचालयहरु वि.स.२०६६ सालमा निर्माण भएको पाइयो । जि.शि.का. धनकुटाको आर्थिक सहयोगमा निर्मित एउटा छात्रा शौचालय निर्माण क्रममा आर्थिक सहयोग जुटाउनेदेखि लिएर योजना सम्झौता गर्ने र कार्यान्वयन गर्ने सम्मका कार्यमा वि.व्य.स.ले अत्यन्त सक्रिय भएर लागेको पाइयो । अर्को एउटा शौचालय निर्माण गर्न वि.व्य.स.ले विद्यालयको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी विद्यालय सुधार योजना कार्यक्रम अर्न्तगत रकम विनियोजित गरेको पाइयो । निर्माण कार्यमा वि.व्य.स.का सम्पूर्ण पदाधिकारीहरुको समान सहभागिता र सक्रियताको. अभाव देखिनुका साथै गुणास्तरहीन सामग्रीको प्रयोग हुने गरेको र आर्थिक मितव्ययीतामा पनि कन्जुस्याई हुने गरेको पाइयो ।

श्री गणेश प्रा.वि.मा पहिल्यैदेखि रहेको एउटा २ कोठे वाटरशील शौचालय शिक्षक र विद्यार्थी सबैले साझा रुपमा प्रयोगमा ल्याइरहेको भएता पनि विद्यालय छेउको पर्खाल भत्कीएकाले क्षतिग्रस्त भएपछि गतसाल २०६५ सालमा एउटा साधारण १ कोठे शौचालयको निर्माण भएको छ । त्यस लगत्तै यसै साल विद्यालय परिसरमै २ कोठे एउटा छात्रा शौचलयको निर्माण सम्पन्न भएको छ । सामान्यतः पक्की र वाटरशील प्रकृतिको उक्त शौचालय समेत गरेर जम्मा २ वटा शौचालयहरु अप्रयाप्त रहेको एउटा छात्रा शौचालयको निर्माण कार्य सम्पन्न भएको छ । पूर्ण रुपमा वाटरशील प्रकृतिको उक्त शौचालय विद्यालय परिसर भित्रै निर्माण गरिएको छ ।

यस श्री गणेश प्रा.वि.मा पहिल्यै निर्मित एउटा वाटरशील शौचालय भत्किएका कारण पुरिएको त्यसलाई हटाई नयाँ छात्रा शौचालय निर्माण गर्ने काम वर्तमान वि.व्य.स.कै कार्यकालमा सम्पन्न भएको छ । त्यसका लागि दातृ निकाय जि.शि.का. धनकुटामा आर्थिक सहयोगका लागि अनुरोध गर्ने र योजना सम्झौता गरी कार्यान्वयन गर्ने कार्यमा वि.व्य.स.सक्रियताका साथ लागिपरेको पाइयो । पटकपटक वि.व्य.स.को बैठक बसी आवश्यक छलफलका साथ निर्णयहरु परित गरी कार्यान्वयन गर्ने गरेको पाइयो । त्यसका साथै निर्माण कार्यको लागि आवश्यक सामग्री जुटाउने र कामदारलाई काममा लगाउने काम पनि वि.व्य.स. स्वयंले गरेको पाइयो । तथापि निर्माण क्रममा कमसल सामग्रकिो प्रयोग हुने गरेको, आर्थिक मितव्ययीताको अभाव भएको र वि.व्य.स.का सम्पूर्ण पदाधिकारीहरुमा समान दायित्व र सहभागिताको अभाव भएको पनि पाइयो ।

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थीहरुका लागि छुट्टै शौचालयको व्यवस्था हुनु उपयुक्त हुन्छ । शौचालयको पर्याप्तता र अपर्याप्ताको लेखाजोखा गरी आवश्यकता अनुसार त्यसको व्यवस्थापन गर्ने कार्यको प्रमुख जिम्मेवारी समग्र विद्यालय परिवार तथा विद्यालय व्यवस्थापन समितिको रहेको हुन्छ ।

### ४.१.६ खानेपानी

मानवीय जीवनको अस्तित्व सुरक्षित खानेपानीसँग गाँसिएको हुन्छ । विद्यालयमा पनि सुरक्षित र पर्याप्त खानेपानीको आवश्यकता पर्दछ । सुरक्षित र पर्याप्त खानेपानीको व्यवस्था नहुँदा विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु प्रत्यक्ष प्रभावित भई पठनपाठनमा प्रतिकूल असर पर्न जान्छ ।

## तालिका ७

## विद्यालयमा खानेपानीको अवश्थाको विवरण

| क्र.सं. | विद्यालयको नाम | खानेपानीको स्रोत | धारा संख्या |
|---|---|---|---|
| १ | श्री गोकुण्डेश्वर उच्च मा.वि.धनकुटा | धारा | १ |
| २ | श्री देउराली नि.मा.वि.धनकुटा | धारा | १ |
| ३ | श्री गणेश प्रा.वि.धनकुटा | धारा,कुवा | १/१ |

स्रोतः स्थलगत अवलोकन, २०६७।

यस तालिका अनुसार श्री गोकुण्डेश्वर उच्च मा.वि.मा विगत लामो समयखेखि नै विद्यालय परिसर मै एउटा खानेपानीको धारा रहेको छ । विकट भौगोलिक अवस्थाको कारण खानेपानीको वैकल्पिक स्रोत नहुँदा यस विद्यालयमा खानेपानीको समस्या जटिल रुपमा रहेको देखिन्छ। करीब ३ कि.मी.को दुरीबाट मुहान थापी पाइपबाट विद्यालय सहित आसपासका गाउँलाई पनि पु-याउने गरी खानेपानी आयोजना संचालनमा रहेको छ । विद्यालय परिसरमा नै करीब ८००० लिटर क्षमताको खानेपानी रिजर्भ टंकी रहेको र त्यसैबाट वितरण गरिएको अवस्था छ । विद्यालयमा शिक्षक विद्यार्थीलाई पर्याप्त मात्रामा खानेपानी उपलब्ध हुन सकिरहेको छैन र त्यसका वैकल्पिक समाधान खोज्न सकिने अवस्था पनि छैन ।

यस श्री गोकुण्डेश्वर उच्च मा.वि.मा पर्याप्त र सुरक्षित खानेपानी र आपूर्तिका लागि विद्यालय व्यवस्थापन समितिले यथोचित भूमिका निर्वाह गरिरहेको पाइयो । उपलब्ध खानेपानीलाई थप पर्याप्त र सुलभ बनाउन विद्यालयमा अर्को नयाँ धारा निर्माण गर्न पहल गरिरहेको पाइयो । आवश्यक पाइप व्यवस्था गर्न न.पा. र जि.वि.स. धनकुटामा माग गरिरहेको पाइयो । साथै उक्त काम सम्पन्न गर्न विद्यालयको आन्तरिक स्रोतबाट समेत व्यहोर्ने गरी वि.व्य.स.ले निर्णय गरेको छ। तथापि विद्यालयमा उपलब्ध भइरहेका खानेपानीलाई थप व्यवस्थित गर्ने कुनै ठोस कार्यक्रम ल्याउन नसकोको तथा विद्यालयमा खानेपानीको समुचित आपूर्ति र प्रयोगका लागि अनुगमन तथा नीति नियमको व्यवस्था हुन नसकिरहेको पाइयो ।

श्री देउराली नि.मा.वि.मा विद्यालय भन्दा करीब २०० मीटर टाढा एउटा सार्वजनिक खुल्ला धारा रहेको छ। पहिल्यै विद्यालयमा खोनपानीको व्यवस्था स्वरुप उक्त धारा निर्माण भए पनि हाल आएर आसपासका बासिन्दाका लागि पनि यसै धारालाई प्रयोगमा ल्याएको देखिन्छ। विद्यालय भन्दा करीब डेढ किलोमिटर टाढाबाट मुहान थापी ल्याइएको पानीबाट वितरित यस धाराबाट विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुका लागि खानेपानीको सामान्य सुविधा पुगेको देखिन्छ । अरु वैकल्पिक स्रोत र उपाय नहुँदा यस विद्यालयमा खानेपानीको समस्या जटिल रुपमा रहेको देखिन्छ।

यस श्री  देउराली नि.मा.वि.मा उपलब्ध भइरहेको खानेपानीलाई थप व्यवस्थित गर्ने उपाय नभएकोले उक्त धारोलाई विद्यालय समयमा खुल्ला राखी विद्यालय परिवारले मात्र प्रयोग गर्न पाउने व्यवस्था गर्न वि.व्य.स.ले पहल गरिरहेको पाइयो । विद्यालयभन्दा टाढा रहेकाले उक्त धाराबाट कक्षाकोठासम्म नै खानेपानी पु-याउन एकजना परिचरको पनि व्यवस्था गरेको पाइयो । विद्यालयमा उपलब्ध खानेपानीलाई थप सुरक्षित बनाउने र सहज आपूर्तिलाई निरन्तरता दिने काममा वि.व्य.स.बाट ठोस काम हुन नसकिरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा खानेपानीका लागि एउटा खुल्ला धारा र कुवा रहेका छन् । विद्यालय भन्दा करीब ४०० मीटर टाढाबाट सिधै मुहान थापी विद्यालयसम्म ल्याइएको पानी हाल जलवायु परिवर्तनका कारण सुक्दै गएकाले विद्यालयमा खानेपानीको बैकल्पिक स्रोतको रुपमा नजिकै रहेको कुवाको पानी पीउनका लागि सुरक्षित रहेको देखिन्छ । तथापी विद्यालयमा खानेपानीको अरु स्रोत र विकल्प नभएकाले. त्यसै कुवाको पानीलााई खानेपानीको रुपमा प्रयोगमा ल्याइको पाइन्छ ।

यस श्री गणेश प्रा.वि.मा खानेपानीको समुचित व्यवस्थापनका लागि विगत बर्षदेखि नै वि.व्य.स. प्रयासरत रहेपनि ठोस काम हुन नसकेको पाइयो । विद्यालय परिसरमा  नै खुल्ला पाइपको धारा रहेपनि विद्यालयले एक लौटी रुपमा पानीको प्रयोग गर्न नपाइ रहेको पाइयो । विद्यालयमा खानेपानी आपूर्तिका लागि न.पा. धनकुटाबाट प्राप्त भएको प्लाष्टिकको ३०० मीटर पाइप वि.व्य.स.को पहलबाट उपलब्ध भएको पाइयो । तथापि त्यसको सही सदुपयोग हुन नसकेको देखियो । विद्यालय नजिकै परापूर्व कालदेखि नै प्रयोगमा आइरहेको खुल्ला कुवालाई खानेपानीको बैकल्पिक स्रोतको रुपमा प्रयोगमा ल्याए पनि त्यसलाई मर्मत सम्भार गरी थप व्यवस्थित बनाउन वि.व्य.स.ले कुनै चासो नदेखाएको पाइयो । वि.व्य.स.को नियमित बैठकहरुमा खानेपानी व्यवस्थापनका विषयमा न्यून मात्रामा छलफल हुने गरेको र छलफल भई निर्णय भइ हाले पनि कार्यान्वयन नहुने गरेको पाइयो । विद्यालयमा अरु भौतिक पक्षको तुलनामा खानेपानी व्यवस्थापनलाई कम महत्व दिने गरिएको पनि पाइयो ।

विद्यालयमा कार्यरत शिक्षक-कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरुका लागि पर्याप्त र सुरक्षित खानेपानीको व्यवस्था हुनु पर्दछ । त्यसका लागि समग्र विद्यालय परिवार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभािवक संघ, अभिभावक लगायत सम्बद्ध सरोकारवालाको भूमिका र जिम्मेवारीको आवश्यकता पर्दछ ।

### ४.१.७. पुस्तकालय

विद्यालय ज्ञानको मन्दिर भएकाले प्रशस्त मात्रामा पुस्तकहरुको व्यवस्था र संग्रह गरिएको हुनु पर्दछ । पाठ्यक्रमद्धारा निर्दिष्ट पाठ्यपुस्तक, विभिन्न ज्ञान, विज्ञान र प्रविधिका बारेमा प्रकाशित पुस्तक तथा समसामयिक लेख, रचना, साहित्य तथा ग्रन्थहरुको संग्रहले विद्यालयलाई ज्ञानको भण्डार बनाउन सकिन्छ । त्यसका लागि विद्यालयमा पुस्तकालयको व्यवस्था अपरिहार्य मानिन्छ ।

**तालिका ८**

**विद्यालयमा पुस्तकालय तथा पुस्तकहरुको विवरण**

| क.स. | विद्यालयको नाम | पुस्तकालय | पुस्तक संख्या |
|---|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि. धनकुटा | १ | ५००० |
| २. | श्री देउराली नि.मा.वि.धनकुटा | छैन | ५०० |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | छैन | २५० |

स्रोतः विद्यालय सुधार योजना, २०६७ ।

माथिको तालिका अनुसार श्री गोकुण्डेश्वर उ.मा.वि.मा विभिन्न पुस्तक तथा पत्र पत्रिकाहरुको संग्रह गरी सुरक्षित र व्यवस्थित गर्न एउटा व्यवस्थित पुस्तकालय रहेको छ । माध्यमिक तहसम्म संचालन हुने भवनमा छुट्टै पुस्तकालयको व्यवस्था नभए पनि शिक्षक प्रधानाध्यापक कार्य कक्ष कै एक भाग पुस्तकालयको रुपमा प्रयोग भइरहेको अवस्था छ । संग्रहित पुस्तक तथा पत्रपत्रिकाहरुलाई व्यवस्थित रुपमा -याकको व्यवस्थापन गरी सजाएर राखिएका छन् । प्रत्येक कक्षाका प्रत्येक विषयका एक एक सेट पाठ्यपुस्तक पनि आवश्यकता परेको बेला प्रयोग गर्न सकिन्छ । प्रत्येक पुस्तकमा कोड नम्बर अंकित गरिएको छ । उच्च माध्यमिक तहका कक्षा ११ र १२ संचालन हुने भवनको एउटा कोठा व्यवस्थित र सुरक्षित तरीकाले पुस्तकालयको रुपमा प्रयोगमा ल्याइएको छ । उक्त पुस्तकालयमा विभिन्न ज्ञान-विज्ञान, प्रविधि, कला, संस्कृति, साहित्य तथा समसामयिक विषयवस्तुमा आधारित पुस्तक, ग्रन्थ तथा पत्र पत्रिकका साथै पाठ्यक्रमसँग आधारित कोर्षका पाठ्यपुस्तकहरु कोड नम्वर राखी -याकमा व्यवस्थित रुपमा सजाएर राखिएका छन् । प्रत्येक विद्यार्थीलाई लाइब्रेरी कार्डको व्यवस्था गरिएको र त्यसैका आधारमा पालो प्रणालीमा निश्चित समयावधिका लागि पुस्तक लगेर पढ्ने सुविधा पनि उपलब्ध छ । पुस्तकालयमा करीब ५००० जति पुस्तकहरु संग्रहित छन् । पुस्तकालय संचालनको लागि एक लाईब्रेरियनको व्यवस्था पनि मिलाइएको देखिन्छ ।

यस श्री गोकुण्डेश्वर उच्च माध्यमिक विद्यलयमा व्यवस्थित पुस्तकालयका लागि वि.व्य.स.ले प्रभावकारी भूमिका खेल्ने प्रयास गरिरहेको पाइयो । समय सान्दर्भिक पुस्तक -पत्रपत्रिका संकलन र खरिदका लागि रकम विनियोजन गर्ने गरेको पाइयो । पुस्तकालयको लागि एउटा छुट्टै कोठाको व्यवस्था गरी आवश्यक -याक र अध्ययनकक्षको लागि आवश्यक फर्निचर निर्माण गर्न वि.व्य.स.ले विद्यालयको आन्तरिक कोषबाट रकम बिनियोजन गरेको पाइयो । संचालित पुस्तकालयलाई थप व्यवस्थित गरी सेवा प्रवाहलाई चुस्त र प्रभाबकारी बनाउन गत २०६७ साल फाल्गुण २४ गतेका दिन खुल्ला प्रतिस्पर्धाबाट एकजना लाइब्रेरियनको नियुक्ति पनि गरिएको पाइयो । तथापि पुस्तकालयमा भएका कोर्षसँग सम्बन्धित पाठ्यपुस्तकबाट प्रदान गरिने सेवा प्रभावकारी नभएको गुनासो सेवाग्राहीबाट सुन्न पाइयो । समय सान्दर्भिक पुस्तकहरु संकलन, खरिद र पुस्तकालयलाई आधुनिक र व्यवस्थित गर्न वि.व्य.स.बाट कमै चासो देखाइएको पाइयो । वि.व्य.स.बाट पुस्तकालयको समय-समयमा अनुगमन हुने गरेको पाइयो । साथै वि.व्य.स. को भौतिक निर्माण र व्यवस्थापनको प्राथमिकताको सूचीमा अन्तिम तिर पार्ने गरिएकोले पनि त्यसतर्फ खासै प्रगति हुन नसकिरहेको पाइयो ।

श्री देउराली नि.मा.वि.मा थप छुट्टै पुस्तकालयको व्यवस्था छैन । तथापि शिक्षक-कर्मचारी कक्षलई नै पुस्तकालयको रुपमा प्रयोग गरिदै आएको छ । विभिन्न विषयका पुस्तक, पत्र पत्रिका तथा समसामयिक लेख, रचना र ग्रन्थहरुको संग्रह गरी आकर्षक तरीकाले -याकमा सजाएर राखिएका छन् । प्रत्येक कक्षाका प्रत्येक विषयका एक एक सेट पाठ्यपुस्तकका साथमा पाठ्यक्रमबाट निर्दिष्ट पुस्तक , शिक्षक -निर्देशिका तथा सन्दर्भ सामग्रीहरु समेत गरी करीब ५०० वटा पुस्तकहरु संग्रहित भएपनि संचालन गर्न लाइब्रेरियनको व्यवस्था भने छैन । तथापि प्रत्येक पुस्तकलाई सुरक्षण गर्न कोड नम्बर भने अंकित गरिएको छ ।

यस श्री देउराली नि.मा.वि.मा विद्यमान कार्यालयलाई नै पुस्तकालयको रुपमा प्रयोग गर्नु पर्ने अवस्था रहेकाले त्यसको समाधानार्थ वि.व्य.स.बाट पहल भइरहेको पाइयो । विद्यमान पुस्तकालयको मर्मत सम्भार गरी पुस्तकहरुको सुरक्षणको अभिभारा पनि सम्बन्धित शिक्षकहरुलाई नै दिइएको पाइयो । वर्तमानमा समस्या ग्रस्त अवस्थालाई ख्याल गरी भविष्यमा एक व्यवस्थित र आधुनिक पुस्तकालयको निर्माण र व्यवस्था गर्ने वि.व्य.स.को योजना रहेको पाइयो । तथापि त्यसका लागि इच्छुक दातृनिकाय र दाताको अभाव रहनका साथै विद्यालयको आन्तरिक स्रोत पनि कमजोर रहेकोले वि.व्य.स.ले समस्या भोलिरहेको पाइयो र साथै विद्यालयको भौतिक निर्माण तर्फको प्राथमिकतामा कम महत्वका साथ लिनुपर्ने वाध्यता रहेकाले वि.व्य.स.को बैठकमा छलफलमा नै नआउने गरेको र त्यसतर्फ काम पनि हुन नसकिरहेको पाइयो ।

श्री गणेश प्रा.वि. मा भवन तथा कक्षाकोठाको अभाव अलग्गै र व्यवसिथत पुस्तकालयको व्यवस्था नभएको देखिन्छ । तथापि शिक्षक तथा कर्मचारी कक्षको एक भागमा व्यवस्थित -याक बनाएर उपलब्ध पुस्तकहरु संग्रह गरेर राखिएको अवस्था छ । पाठ्यक्रमबाट निर्दिष्ट पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरुका साथै विभिन्न विषयमा प्रकाशित लेख, रचना तथा ग्रन्थहरु संग्रह गरी कोड नम्बर साथ आकर्षक तरिकाले सजाएर राखिएका छन् । प्रत्येक कक्षाका प्रत्येक विषयका एक एक सेट पाठ्यपुस्तक सहित गरी करीब २०० पुस्तकहरु रहेपनि त्यसको प्रभावकारी व्यवस्थापनका लागि लाइब्रेरीयनको व्यवस्था भने छैन ।

यस श्री गणेश प्रा.वि.मा विद्यालय भवन र कोठाको अभावमा कार्यालयलाई नै पुस्तकालयको रुपमा प्रयोग गर्नुपर्ने वाध्यता रहेको पाइयो । विद्यालयमा उपलब्ध तथा संग्रहित पुस्तकहरुको सुरक्षणका लागि २ बर्ष अगाडि विद्यालय कोषबाट वि.व्य.स.ले रकम विनियोजन गरी -याकको निर्माण गर्ने काम भएको पाइयो । संग्रहित पुस्तक तथा पत्रपत्रिकाको सुरक्षण र संरक्षणको अभिभारा सम्बन्धित शिक्षकरुलाई नै दिइएको पाइयो । विद्यालयमा पुस्तकालय स्थापनार्थ आवश्यक भौतिक तथा आर्थिक स्रोतको व्यवस्थापनलाई अधिकतम महत्वका साथ दिइने गरिएकाले पनि वि.व्य.स.को प्राथमिकताको सूचीमा नपर्ने गरेको पाइयो । यसका साथै अभिभावक, दातृनिकाय तथा सरोकारवालाहरुले पनि पुस्तकालयको व्यवस्थापन प्रति खासै महत्व दिइएको पाइएन , उदासिनता मात्र देखाएको पाइयो ।

### ४.१.८. घेराबारा

विद्यालय कम्पाउण्डलाई सुरक्षित बनाइ राख्न बगैंचा तथा फूलबारीलाई गाईवस्तु तथा जंगली जनावरबाट जोगाउन , विद्यालय समयमा विद्यार्थीहरुलाई अनावश्यक रुपमा बाहिर जाने आउने क्रमबाट रोक्न , अरु समयमा अनावश्यक व्यक्तिहरुको विद्यालय कम्पाउण्डमा प्रवेश रोक्ने कार्यका साथै विद्यालयमा सुरक्षित र दरिलो घेराबाराको व्यवस्था हुनु पर्दछ ।

श्री गोकुण्डेश्वर उच्च मा.वि.मा विगत १० वर्ष देखिनै विद्यालय कम्पाउण्डमा फलामे तारको घेरावारा लगाउने काम भएको छ । हाल विद्यालय भवनहरु रहेको सम्पूर्ण क्षेत्रमा जि.शि.का. धनकुटाको र नगरपालिकाको आर्थिक सहयोगमा फलामेतारको घेराबारा लगाइएको छ । विद्यालयका सम्पूर्ण भवन, शौचालय तथा क्यान्टिनहरु समेत भित्र पर्ने गरी लगाइएको उक्त घेराबारामा विद्यालय भित्र प्रवेशका लागि २ वटा प्रवेशद्वारको व्यवस्था रहेको छ ।

यस श्री गोकुण्डेश्वर उच्च मा.वि. धनकुटामा विद्यालयको सम्पूर्ण क्षेत्रलाई घेराबाराको लागि विगत बर्ष देखि नै फलामे काँडेतारको जाली लगाइएको पाइयो । हाल उक्त फलामे काँडेतारको

घेराबारा ठाँउ ठाउँ मा टुट्न थालेको छ भने अड्याउन लगाइएको काठको खम्बा पनि भत्किन थालेको पाइयो । हाल विद्यालयको वि.व्य.स.को बैठकहरुमा त्यसको पुनःनिर्माण तथा मर्मत सम्भारका लागि व्यापक छलफल हुने गरेको पाइयो । गत बर्ष २०६७ साल भाद्र ५ गतेको वि.व्य.स.को बैठकले उक्त जीर्ण फलामे तार घेराबारको मर्मत सम्भारको लागि जि.वि.स.धनकुटामा तारजाली उपलब्ध गराउन माग पत्र पेश गरे बमोजिम पुस ५ गते वि.व्य.स. र जि.वि.स.वीच योजना सम्झौता भई फलामे तारजाली उपलब्ध भएको पाइयो। विद्यालयको नीजि स्रोतबाट रकम थप गरी यथासम्भव छिट्टै काम सम्पन्न गर्ने प्रयासमा वि.व्य.स. जुटिरहेको पाइयो । तथापी अरु सामग्री जुटाउन र भत्केका पर्खालहरु उठाउन निकै समय लाग्ने देखियो । वि.व्य.स.ले स्थानीय अभिभावकहरुलाई परिचालन गरेर जनश्रमदान जुटाई स्थानीय स्रोत साधनको सदुपयोग गर्दै तदारुकताका साथ मितव्ययीता अपनाई काम गर्न नसकिरहेको पाइयो ।

श्री देउराली नि.मा.वि.मा केही बर्ष पहिल्यै फलामेतारको घेराबारा लगाउन पूर्वाधार तयार पारिएको भएपनि विद्यालयको जग्गा क्षेत्र र सीमा प्रष्ट नहुँदा त्यतिकै स्थगित भई हालसम्म पनि घेराबाराको व्यवस्था छैन । यस श्री देउराली नि.मा.वि.मा विद्यालय कमपाउण्डलाई सुरक्षित गर्न घेराबाराको निर्माणका लागि विगत बर्षदेखि नै वि.व्य.स.ले योजना बनाई रहेपनि हालसम्म कुनै काम हुन नसकिरहेको पाइयो । वर्तमान वि.व्य.स.ले विद्यालयको स्वामित्वको जग्गा किटान गरी त्यसलाई सुरक्षित बनाउन घेराबाराको निर्माणको कार्यक्रम बनाइरहेको पाइयो । त्यसका लागि आन्तरिक स्रोतको पहिचान र विभिन्न दातृनिकायहरुको खोजी गरिरहेको पाइयो । तथापी विद्यालय भवनहरुसँगै र अरु नीजि घरहरु पनि रहेकाले र विद्यालयको भू-बनावट पनि नमिलेकोले कार्यान्वयनमा समस्या परिरहेको पाइयो । विद्यालयमा भवन, कक्षाकोठा, खेलमैदान, शौचालय निर्माण लगायतका काममा अल्झिनु परेकाले घेराबारा निर्माणको काम प्राथमिकतामा नपरिरहेको पाईयो ।

श्री गणेश प्रा.वि.मा पनि केही बर्ष पहिल्यै विद्यालयको कम्पाउण्डमा घेराबारा गर्न ढुङ्गाको पर्खाल लगाउने तयारी भए पनि विविध कारणवश त्यो कार्य त्यतिकै स्थगित भई हालसम्म विद्यालयमा घेराबाराको व्यवस्था छैन ।

यस श्री गणेश प्रा.वि.मा विद्यालयमा घेराबाराका लागि कुनै प्रकारको पर्खाल, बार वा तारजालीको व्यवस्था नरहेको पाइयो । विगतवर्ष देखि नै विद्यालय सुधार योजना निर्माण गर्दा ढुङ्गाको पर्खाल लगाई घेराबारा लगाउने कार्यक्रम उल्लेख गरिएपनि हाल कुनै प्रकारको काम हुन सकेको छैन । वि.व्य.स.ले योजना छनोट गर्दा अरु भौतिक निर्माणका कार्यक्रमहरु नै आवश्यकता र

प्राथमिकताको सूचीमा पार्ने गरेको पाइयो र साथै अरु दातृनिकाय र सरोकारवालहरु पनि त्यस तर्फ लगानी नगर्ने भएकोले वि.व्य.स.ले कुनै ठोस काम गर्न नसकिरहेको पाइयो ।

### ४.१.९. फर्निचर

विद्यालयमा कक्षा अनुसार विद्यार्थी संख्या र विद्यार्थी संख्या अनुसारको फर्निचरको व्यवस्था हुनु पर्दछ । अध्ययन अध्ययापन कार्यलाई थप प्रभावकारी बनाउन र कार्यालय संचालनलाई सरल बनाउन विद्यालयमा पर्याप्त मात्रामा फर्निचरको व्यवस्था हुनुपर्दछ ।

**तालिका ९**

**विद्यालयमा फर्निचरको विवरण**

| क.स. | विधालयको नाम | डेक्स | बेञ्च | कुर्सी | टेबल | दराज | अन्य |
|---|---|---|---|---|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि.धनकुटा | २७५ | २७५ | १२० | ३० | ८ | |
| २. | श्री देउराली नि.मा.वि.धनकुटा | १५० | १५० | २० | ४ | ३ | |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | ७० | ७० | १० | २ | २ | |

स्रोत : विद्यालय सुधार योजना,२०६७ ।

माथिको तालिका अनुसार सबै विद्यालयको विद्यार्थीको तथ्याङ्क बमोजिम विद्यालयमा फर्निचरको उपयुक्त स्थिति  नदेखिएकोले विद्यालयले थप गर्नु पर्ने देखिन्छ । त्यस  अनुसार सबै विद्यालयको विद्यालय व्यवस्थापन समितिले फर्निचर थप गर्ने निर्णय गरेको देखिन्छ । हरेक विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार विद्यालयको आन्तरिक स्रोतका साथै सम्बन्धित निकायमा आर्थिक सहयोग माग गर्ने समेत निर्णय गरेको देखिन्छ । त्यसका साथै विद्यालय व्यवस्थापन समितिले बेला बेला अनुगमन गर्ने, कक्षाकोठाको अवलोकन, निरीक्षण गर्ने फर्निचरको अवस्था बुझ्ने र आवश्यक मर्मत संभार गर्ने गराउने काम भइरहेको पाइयो । तथापी वि.व्य.स.बाट फर्निचरको सदुपयोग र सुरक्षणका लागि ठोस पहल र उपाय अपनाउने काम पनि भईरहेको पाइयो ।

राष्ट्रिय अपेक्षा अनुसारको शिक्षाका उद्देश्यहरु हासिल गर्न र अपेक्षित सिकाइ उपलब्धिहरु प्राप्त गर्नका लागि विद्यालयमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप संचालन हुनु पर्दछ । त्यसका लागि विद्यालयमा अत्यावश्यक भौतिक पक्षहरु जस्तै : जग्गा, भवन, कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी , पुस्तकालय, घेराबारा, फर्निचरका  साथै अन्य प्रयोगशाला अध्ययन कक्ष जस्ता विविध कुराहरु पनि आवश्यक पर्ने हुन्छ ।

### ४.१.१०. प्रयोगशाला

पाठ्यक्रमले तोकेका कतिपय सैद्धान्तिक विषयवस्तुहरुलाई प्रत्यक्ष प्रयोगमा ल्याई प्रयोगबाट सिद्ध तथा प्रमाणित गरेर अध्ययन अध्यापन गर्नु पर्ने हुन्छ । त्यसका लागि विद्यालयमा प्रयोगशालाको व्यवस्था हुनुपर्दछ ।

यस अनुसार श्री गोकुण्डेश्वर उच्च मा.वि.मा २ वटा विज्ञान प्रयोगशाला रहेका छन् । विद्यालय भवनकै दुईवटा कोठालाई प्रयोगशालाको रुपमा प्रयोगमा ल्याइएको छ । विज्ञान विषयसँग सम्बन्धित विषयवस्तुहरु अध्ययन अध्यापनका लागि उक्त प्रयोगशाला प्रयोगमा आउने गरेको छ । उक्त प्रयोगशालामा विज्ञान विषयका विभिन्न सामग्रीहरु रहेका छन् । यस विद्यालयमा गत वर्षदेखि उच्च मा.वि.मा कक्षा ११ र कक्षा १२ मा विज्ञान विषयमा अध्यापन गरिदै आएको पाइन्छ । त्यस प्रयोगशालामा तल्लो तहका कक्षाहरुमा पनि विषयको प्रकृति अनुसार कक्षा संचालन गरी प्रयोगात्मक रुपमा कक्षा लिने व्यवस्था पनि रहेको छ ।

यस श्री गाकुण्डेश्वर उच्च मा.वि.मा विद्यालय भवन कै कक्षा कोठालाई छुट्टै प्रयोगशालाका रुपमा प्रयोगमा ल्याइएको पाइयो । विशेषतः विज्ञान र स्वास्थ्य विषयसँग सम्बन्धित विषयहरु अध्यापन गर्ने व्यवस्था गरिएको उक्त प्रयोगशालाको समुचित प्रयोग र सुरक्षणका लागि वि.व्य.स.ले विद्यालयको आन्तरिक स्रोतबाट व्यहोरेर बारबेर गर्ने ,पेन्टिङ्ग गर्ने फर्निचर निर्माण गर्ने र सामग्री संकलन गर्ने कार्य गरेको पाइयो । तथापी अरु भौतिक पक्षहरुको तुलनामा यस विषयलाई गौण रुपमा लिने गरेको देखियो ।

श्री देउराली नि.मा.वि.मा प्रयोगशालाको व्यवस्था रहेको छैन । थिसल फनेल, म्याग्नेट, ग्लोब, प्लानेट, आदि विद्यालयमा रहेपनि अध्ययन अध्यापनको क्रममा कक्षाकोठा नै प्रयोगशालाको रुपमा प्रयोगमा आउने गरेको छ । सीमित विद्यालय भवन र कक्षा कोठाको कारण छुट्टै प्रयोशालाको व्यवस्था हुन सकिरहेको छैन ।

यस विद्यालयमा हालसम्म पनि छुट्टै र व्यवस्थित प्रयोगशालाको व्यवस्था हुन नसकिरहेको हुँदा त्यसप्रति वि.व्य.स. बारम्बार संवेदनशील भएको पाइयो । प्रयोगशाला र आवश्यक सामग्रीको अभावमा पठन पाठनमा प्रत्यक्ष असर परिरहेको पाइयो । त्यस विषयमा वि.व्य.स.को बैठकहरुमा समय समयमा छलफल हुने गरेको भए पनि विद्यालयको आन्तरिक स्रोत अत्यन्त कमजोर रहेका कारणले वि.व्य.स.ले कुनै ठोस कार्य गर्न नसिकिरहेको पाइयो र अरु सरोकारवाला र निकायहरुबाट पनि कम चासो दिने गरिएकोले वि.व्य.स.ले प्रयोगशाला निर्माण र व्यवस्थापनमा खासै ध्यान दिइरहेको र चासो कम देखाएको पाइयो ।

श्री गणेश प्रा.वि.मा पनि प्रयोगशालाको व्यवस्था रहेको छैन । ग्लोब, नक्सा, चार्ट तथा सामान्य सामग्रीहरु बाहेक अरु केही पनि उपलब्ध नभएको अवस्था छ । नि.मा.वि. तहमा पठन पाठन केही साल यता मात्र शुरु भएकोले र सीमित विद्यालय भवन र कक्षाकोठा तथा साधन स्रोतको कारण छुट्टै प्रयोगशालाको व्यवस्था हुन सकेको छैन ।

यस श्री गणेश प्रा.वि.मा पनि कुनै प्रकारको प्रयोगशालाको निर्माण र व्यवस्था हुन नसिकरहेको अवस्था देखियो । प्रभावकारी र व्यवहारिक पठन पाठनका लागि छुट्टै व्यवस्थित प्रयोगशालाको आवश्यकता परेपनि त्यसतर्फ वि.व्य.स. लगायत सम्बद्ध निकायको ध्यान नपुगेको देखियो । सीमित भवन, कक्षाकोठा र साधन स्रोतको कारण पनि विद्यालयमा छुट्टै प्रयोगशालाको व्यवस्था हुन नसकेको साथै प्रयोगशाला निर्माण र व्यवस्थापनलाई कम चासो र महत्वका साथ लिने गरिएको पनि पाइयो ।

### ४.१.११. विद्युत र संचार

वर्तमान एक्काइसौं शताब्दी सूचना र संचारको विकसित युग भएकाले विद्यालयहरुमा सूचना र संचारको सुविधा उपलब्ध हुनुपर्दछ । त्यस पछि मात्र अध्ययनरत विद्यार्थीहरु सूचना र संचार  तथा त्यससँग सम्बन्धित सामग्री तथा उपकरणसँग परिचित भई ज्ञान , विज्ञान, सूचना र प्रविधि लगायत विश्व परिवेशसँग परिचित हुन पाउँछन् । त्यस्ता सामग्री तथा उपकरण संचालनका लागि विद्यालयमा विद्युत सेवा पनि उपलब्ध हुनु पर्दछ ।

**तालिका १०**

**विद्यालयमा विद्युत तथा सञ्चारको विवरण**

| क्र.स. | विद्यालयको नाम | सञ्चार सामग्री तथा उपकरण |
|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि. धनकुटा | इन्टरनेट र टेलिफोन, प्रोजेक्टर,फ्याक्स ,प्रिन्टर |
| २. | श्री देउराली नि.मा.वि. धनकुटा | सौर्य प्रणाली, कम्प्युटर र टेलिफोन सेट |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | केही छैन |

स्रोत : विद्यालयको स्थलगत भ्रमण अध्ययन,२०६७ ।

उपरोक्त  तालिका अनुसार श्री गोकुण्डेश्वर उ.मा.वि.मा विद्युतीय प्रणाली सम्बन्धी प्राय: सम्पूर्ण सामग्रीहरु रहेका छन् । टेबलमा उल्लेख गरिएका सबै सामग्रीहरु विद्यालयमा प्रयोगमा ल्याइएको छ ।

यस श्री गोकुण्डेश्वर उ.मा.वि.मा हाल विद्यमान रहेको विद्युत तथा सञ्चार सुविधाको व्यवस्था गर्न वि.व्य.स.को भूमिका प्रशंसनीय रहेको पाइयो । विद्यालयमा विद्युत सेवा उपलब्ध गराउनका लागि विद्यालयको निजी स्रोतबाट व्यवस्थापन गरिएको पाइन्छ । अन्य सामग्रीहरु जिल्ला शिक्षा कार्यालय धनकुटाको कम्प्युटर सेवा सुविधा अनुदान रकमबाट व्यवस्था गरिएको हो । विद्यालयमा उपलब्ध भइरहेको विधुत तथा संचार सेवाका लागि अत्यन्त सक्रियताका साथ लागि परेको पाइयो । विद्यालयमा उपलब्ध भइरहेको विद्युत तथा संचार सेवाका लागि अत्यन्त सक्रियतापूर्वक काम गर्दै गत २०६८ साल आषाढ १० गते कम्प्युटर तथा इमेल, इनटरनेट सेवा संचालनका लागि एक जना अपरेटरको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट गराएको पाइयो । त्यसका लागि आवश्यक रकम विद्यालयको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी वि.व्य.स.को बैठकबाट परित गरिएको पाइयो । विधुत तथा कम्प्युटर सुरक्षणका लागि नियम विनियम तथा आचार संहिता निर्माण गरी कार्यान्वयन गराउने कार्यमा वि.व्य.स. सक्रियताका साथ लागि परेको पाइयो । तथापी संचार सेवाका लागि टेलिफोन सेवा संस्थागत हितमा प्रभावकारी रुपले प्रयोगमा ल्याउन नसकिरहेको, कम्म्प्युटर तथा इमेल इन्टरनेट सेवाका  लागि सर्व साधारणको सर्वसुलभ पहुँचमा कार्यक्रम ल्याउन वि.व्य.स. चुकिरहेको देखियो । विद्यालयमा उपलब्ध रहेको संचार तथा कम्प्ययुटर सुविधालाई सर्वसुलभ बनाउने संस्थागत हित र प्रयोग तथा सर्वसाधारण सेवाग्राहीका लागि पहुँच भन्दा टाढा राखेको, अभिभावकलाई आफ्नो जिम्मेवारी र अपनत्वको भावना विकसित गर्न नसकेको पाइयो ।

श्री देउराली नि.मा.वि.मा २००० वाट क्षमताको सौर्य प्रणाली मार्फत संचार र कम्प्युटर चलाउने व्यवस्था रहेको छ । टेलिफोन लाइन र इमेल इन्टरनेटको पनि सुविधा विद्यालयमा विद्यालय व्यवस्थापन समितिले गर्न सकेको छ ।

यस श्री देउराली नि.मा.वि.मा विद्युत सेवा उपलब्ध गराउन वि.व्य.स.ले दातृनिकायसंग माग गरे अनुसार स्थानीय निकाय नगरपालिका धनकुटाको आर्थिक सहयोगबाट उपलब्ध गरिएको पाइयो । त्यसका लागि सम्झौता गर्ने उपकरण खरिद गर्ने कार्य पनि वि.व्य.स.ले नै  भूमिका निर्वाह गरेको पाइयो । कम्प्युटर सेवा संचालनका लागि मिति २०६७ साल चैत्र १४ गतेको वि.व्य.स.को बैठकको निर्णययानुसार एकजना कम्प्युटर अपरेटरको नियुक्ति गरी कम्प्युटर सेवा सुचारु गराएको पाइयो । तथापि विद्यालयमा उपलब्ध रहेको बिद्युत तथा कम्प्युटर सेवालाई प्रभावकारी प्रयोगमा

ल्याउन पहल गर्न नसकेको देखियो । विद्यालयमा उपलब्ध भएको संचार, विद्युत र कम्प्युटर सेवा प्रभावकारी, सर्वसुलभ र पहुँच योग्य बनाई स्थानीय अभिभावकहरुलाई अपनत्व र जिम्मेवारीको वोध गराउन वि.व्य.स.ले नसकेको पाइयो ।

श्री गणेश प्रा.वि.मा हालसम्म कुनै सौर्य प्रणाली र संचार सुविधा नरहेको अवस्था छ । विद्यालयमा अन्य भौतिक निर्माणको क्रम चलिरहेकोले विद्युत तथा संचारको व्यवस्था हुन सकेको छैन ।

यस श्री गणेश प्रा.वि.मा हालसम्म अन्य भौतिक निर्माण मै समय दिनु परेकोले कुनै संचार, विद्युत र कम्प्युटरको उपकरण र सुविधा उपलब्ध भइ नरहेकोले वि.व्य.स. त्यसतर्फ संवेदनशील भइरहेको पाइयो । समय सापेक्ष अगाडि बढ्न विद्यालयमा विधुत संचार तथा कम्प्युटर सेवाको व्यवस्था गर्न सम्भावित दातृ निकायहरुको खोजी र पहिचान कार्य वि.व्य.स.बाट भइरहेको पाइयो र सौर्य प्रणाली उपलब्ध गराउनका लागि स्थानीय निकाय नगरपालिकामा माग पत्र दिएको पाइयो । त्यसका अलवा स्थानीय अभिभावक तथा सरोकारवालाहरुमा जनजागरण ल्याई समय समयमा छलफल अन्तर्क्रिया र साय सुझाव संकलन गर्ने काम पनि हुने गरेको पाइयो ।

## ४.२. विद्यालय व्यवस्थापन समितिको बैठकका निर्णयहरु

यस अनुसार यस अध्ययन कार्यका लागि छनोटमा परेका विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक विकास निर्माण कार्यका लागि छलफल, बैठक, अन्तरक्रिया आदिबाट विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रहेछ भन्ने कुरा प्रष्ट हुने देखिन्छ ।

**तालिका ११**

**विद्यालय व्यवस्थापन समितिको बैठकका निर्णयहरु**

| क्र.स. | विद्यालयको नाम | अन्तरक्रिया | बैठक संख्या | कार्यालयको अवस्था |
|---|---|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि. धनकुटा | २ | न्युनतम २२ पटक | अत्यन्त व्यवस्थित |
| २. | श्री देउराली नि.मा.वि.धनकुटा | २ | न्युनतम १२ पटक | व्यवस्थित |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | १ | न्युनतम ८ पटक | सामान्य |

स्रोत : विद्यालयको अभिलेख,२०६७ ।

यस अनुसार श्री गोकुण्डेश्वर उ.मा.वि. सबै भन्दा विद्यालयको शिक्षक, विद्यार्थी,

अभिभावक एवं सवै सरोकारवालाहरु वीचमा भएको अन्तरक्रिया,बैठक एवं कार्यालयको अवस्था सबै कुराको आधारमा व्यवस्थित रहेको देखिन्छ । श्री देउराली नि.मा.वि.को अवस्था ठीकै मात्रै देखियो तर श्री गणेश प्रा.वि. को सामान्य रुपमा रहेकोले विद्यालय व्यवस्थापन समितिले थप ध्यान दिनु पर्ने अवस्था यस विद्यालयमा रहेको छ ।

विद्यालयको समग्र विकासका लागि जिम्मेवार एवं महत्वपूर्ण निकाय वि.व्य.स. भएकोले विद्यालयको भौतिक विकासमा त्यसले जिम्मेवार र सक्रियतापूर्वक आफ्नो भूमिका निर्वाह गरेको पाइयो । विद्यालयमा भौतिक निर्माणको कार्यहरु गर्दा विद्यालयको आन्तरिक स्रोतले नपुग भएमा विभिन्न दतृ निकाय र संघ, संस्था एवं चन्दादाताहरुसंग समन्वय र सहकार्य गरी काम गर्ने गरेको पाइयो ।

विकट भ-ूबनोट, सीमित स्रोत साधन र निस्कृय अभिभावकका कारण विद्यालयहरुमा आवश्यकता अनुसारको भौतिक विकास गर्न वि.व्य.स.हरु समस्याग्रस्त भइरहेको पाइयो ।

विद्यालयको भौतिक विकास अपरिहार्य र वि.व्य.स.को पहिलो प्राथमिकता तथा अभिभारा पनि ठानिएकोले त्यसतर्फ वि.व्य.स. बढी लागिपरेको पाइयो । विद्यालयको भौतिक पक्षको विकास तथा सुरक्षणका लागि समय समयमा अनुगमन, अवलोकन र निरीक्षण गरी थप सुधार र व्यवस्थित बनाउने काम वि.व्य.स.ले गरको पाइयो ।

विद्यालयहरुमा विद्यार्थी संख्या अधिक हुनु , भू-वनावट विकट हुनु, विद्यालयमा उपलब्ध स्रोत साधन अत्यन्त सीमित हुनु, विद्यालयको भौतिक विकास, सुरक्षण र मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी र दायित्व वि.व्य.स.को मात्र हो भन्ने कमजोर सोचाइ शिक्षक तथा अभिभावकहरुमा रहनु , विद्यालयमा उपलब्ध साधन स्रोतको सही र समुचित उपयोग हुन नसक्नु , निर्णय कार्यान्वयनमा प्रभावकारीता नहुनु, दातृ निकाय तथा चन्दादाताहरुसँग समन्वय र सहकार्यको सम्बन्ध विद्यालयसँग स्थापित हुन  नससक्नु, सम्बन्धित निकायहरुबाट विकास निर्माणका क्रममा अनुगमन, निरीक्षणको प्रभावकारी व्यवस्था नहुनु, आर्थिक ,पारदर्शिता र मितव्ययीता नहुनु , हरेक कुराका लागि सरकारको मुख ताक्ने प्रवुति रहनु, विद्यालय प्रति अभिभावकहरुमा अपनत्व र जिम्मेवारीको वोध नहुनु आदि जस्ता कारणहरुले विद्यालयको भौतिक विकासमा वि.व्य.स.को भूमिका अपेक्षाकृत रुपमा कम्जोर रहेको पाइयो ।

मानव सम्वन्धको सिद्धान्त अनुसार संघ , संस्था र संगठनमा कार्यरत व्यक्तिहरु वीच असल सम्वन्ध रहेमा संस्था प्रभावकारी ढंगले सञ्चालन हुन्छ , हरेक समस्याको न्यूनिकरण गर्न सकिन्छ । अपनत्वको भावना बन्छ । जिम्मेवारीको वोध हुन्छ । त्यसैले प्रभावकारी ढंगले विद्यालयको व्यवस्थापनमा असल मानवीय सम्वन्धको जरुरत पर्छ । विद्यालय एक सामाजिक संस्थाका साथै लघु

समाज पनि हो । यहाँ समाजका हरेक वर्ग सम्प्रदायका मानिसहरुको उपस्थिति रहन्छ । त्यसैले संस्थामा सम्लग्न मानिसहरु विच असल मानवीय सम्वन्ध हुनुपर्छ । जसले संस्थाको दीर्घकालीन उन्नति सम्भव हुन्छ । शिक्षक , विद्यार्थी शिक्षा प्रशासक विद्यालयका प्रत्यक्ष सरोकार वालाहरु हुन । यिनीहरु विच एक आपसमा अन्योन्यास्रित सम्वन्ध भएमा विद्यालयको भौतिक , शैक्षिक ,आर्थिक उन्नति सम्भव हन्छ । विद्यालयको भौतिक विकास त अझै वहुपक्षिय सम्वन्धमा निर्भर रहन्छ । विद्यालयको समग्र भौतिक विकास कुनै एक पक्षको प्रयासबाट मात्र सम्भव छैन । सवै पक्षहरुवीच असल सम्वन्ध भई सामूहिक प्रयास गरे विद्यालयको भौतिक विकास सम्भव छ ।

### ४.३. विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिले पारेको प्रभाव

विद्यालयको भौतिक विकास एक चुनौतिपूर्ण र जटिल कार्य हो । स्रोत साधनको अभाव, सीमित स्रोत अधिकतम आवश्यकताले गर्दा विद्यालयको भौतिक विकास गर्न कठिन वन्दै गएको अवस्था छ । विद्यालयको स्तरोन्नति तथा सवल भौतिक अवस्था निमार्णका लागि व्यवस्थापन समितिले समय समयमा महत्वपूर्ण निर्णयहरु गरिनुपर्छ र मात्र असल विद्यालयको परिकल्पना गर्न सकिन्छ । यहाँ विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिले गर्ने गरेका महत्वपूर्ण निर्णयहरुले साथै वि.व्य.स.ले पारेका प्रभावलाई उठाउने प्रयास गरिएको छ जसलाई निम्नानुसार उल्लेख गरिएको छ :-

### ४.३.१. भौतिक विकासका लागि सहयोग

विद्यालय एक सामाजिक संस्था भएकोले यसको स्तरोन्नतिका लागि व्यक्ति र विभिन्न प्रकारका संघ,संस्थाहरु लागिरहेका हुन्छन् । आफ्नो नाम र सामाजिक प्रतिष्ठाका लागि समाजका अगुवाहरु बुद्धिजिवीहरु चन्दादाताहरुलाई विद्यालयमा भवन, कक्षाकोठा, तला थप्ने, फर्निचर निमार्ण मर्मत गर्ने र सो गरिदिए वापत उनीहरुलाई सामाजिक रुपले सम्मान गर्ने सिलालेख र ताम्रपत्रमा लेखी विद्यालयमा राख्ने निर्णयहरु विद्यालय व्यवस्थापन समितिले गरेमा विद्यालयको भौतिक विकासमा सुदायबाट थप सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । त्यसैगरी समाजमा क्रियाशील रहेका विभिन्न प्रकारका सरहारी र गैर सरकारी संस्थालाई सहयोगको अपिल गर्ने, उनीहरुलाई आफ्नो आवश्यकता अनुसार विभिन्न प्रकारका भौतिक सेवा सुविधा थप्ने र त्यसलाई सुधार गर्न लगाउन सकिन्छ । विद्यालयको भौतिक विकासमा अभिभावकले सहयोग गर्नै वातावरण वि.व्य.स.ले वनाएमा ल्यसको सकारात्मक प्रभाव रहन्छ । जसले गर्दा विद्यालयमा अति आवश्यक पक्षहरुको सहज

व्यवस्थापन हुन जान्छ भने विद्यालय प्रति समुदायका व्यक्ति र संघ संस्थालाई उत्तरदायी वा जवाफदेही बनाउन सकिन्छ ।

### ४.३.२. भौतिक विकासको लागि चन्दा संकलन गर्ने

विद्यालयको भौतिक विकास चुनौतिपूर्ण कार्य भएकाले व्यवस्थापन समितिले आवश्यक पूर्वाधार निर्माण र विकासका लागि ठूलो मात्रामा धनराशीको पनि आवश्यकता पर्नजान्छ । त्यसैले उक्त धनराशीको संकलन गर्न विद्यालयसेवा क्षेत्र भित्रका अभिभावकहरु सँग आवश्यकताका आधारमा चन्दा संकलन गर्ने ,चाडपर्वका समयमा , देउसी , भैलो खेली पैसा उठाउने दान लिने, पूराणहरु लगाई पैसा संकलन गर्ने गर्नुपर्दछ । यसका लागि व्यवस्थापन समितिले आवश्यक निर्णय गरी विद्यालयका समस्याहरु सवैलाई जानकारी गराई स्वेच्छाले अथावा रकम नै तोकेर चन्दा संकलन गरी भौतिक विकास गनुपर्छ र मात्र विद्यालयको भौतिक विकास हुनसक्छ ।

### ४.३.३. व्यवस्थापन समितिका पदाधिकारीहरुको उदाहरणीय व्यवहार

भौतिक विकास जटिल कार्य भएकाले यसका लागि विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले नमूनाको रुपमा काम गरी अभिभावक र समुदायका मानिसहरुलाई उत्प्रेरित गराउन सकिन्छ । पदाधिकारीहरुले भौतिक विकासका विभिन्न पक्षहरु जस्तै , खेलमैदान निर्माण, शौचालय निर्माण, भवन निर्माण र फर्निचर निर्माण जस्ता पक्षहरुमा श्रमखदान गर्नुपर्छ ।आफै खट्नु पर्छ । जसले गर्दा अभिभावकहरु स्वतः विद्यालयको भौतिक विकासमा आउछन् । व्यवस्थापपन समिति आफै निस्कृय भए अरु त्यहाँ काम गर्न आउने संभावना ज्यादै कम रहन्छ । त्यसैले पदाधिकारीहरु स्वयं नमूनाको रुपमा रहनुपर्छ ।

### ४.३.४. विद्यालयको भौतिक विकासमा अनिवार्य श्रमदान

विद्यालयको भौतिक पक्षलाई सुदृढ वनाउनका लागि सवै अभिभावकहरुलाई अनिवार्य रुपमा जनश्रमदान गर्नका लागि आह्वान गर्नुपर्छ । कामको जिम्मेवारी दिइनु पर्छ । समूह, विभाजन गरी प्रतिस्पर्धात्मक आधारमा काम लगाउन सके भौतिक विकास स्वतः हुन जान्छ । जस्तै :- भवन निर्माणमा इटा वनाउने , गाह्रो लगाउने , झ्याल ढोका वनाउने कामहरु श्रमदानबाट गर्न सकिन्छ जसले गर्दा समुदायमा विद्यालय प्रति अपनत्वको भावना वन्छ ।

### ४.३.५. विद्यालयको भौतिक विकासका लागि जिम्मेवारीको बाँडफाँड

विद्यालयको भौतिक विकासको कार्य केवल व्यवस्थापन समिति, प्र.अ., शिक्षकको प्रयासबाट मात्र संभव छैन जसका लागि समूदायका मानिसलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई अलग अलग जिम्मेवारी दिन सकिन्छ । जस्तै :- कसैले खानेपानी, कसैले भवन , कसैले फर्निचर कसैले शौचालय कसैले खेलमैदान आदिको संरक्षण गर्ने आदि ।

यसरी व्यवस्थापन समितिले गर्ने विभिन्न निर्णयहरु कार्यान्वयन गर्न असल मानवीय सम्वन्धको आवश्यकता पर्छ । संलग्न र सरोकारवाला पक्षहरु वीच असल सम्वन्ध भएमात्र यसले विद्यालयको प्रभावकारी भौतिक व्यवस्थापन सम्भव हुन्छ भने भौतिक सुविधा विस्तार र यसलाई अफ टिकाइ राख्न पनि उपयुक्त मानवीय सम्वन्धको नै आवश्यकक्ता पर्न जान्छ । यस अनुसार मानव सम्वन्धको सिद्धान्तमा आधारित हुँदै मानवीय सम्वन्धलाई र मानवीय श्रोतको वीचमा राम्रो सम्वन्धलाई विकास गर्न संगठनको व्यवस्थापकको विशेष भूमिका देखिन्छ जसले संस्थालाई अग्रगति तर्फ लैजान्छ । गरिएका निर्णयहरु कार्यान्वयन गर्न गराउन सहज हुन्छ । यसका साथै विद्यालय व्यवस्थापन समितिले गर्ने निर्णयहरुमा कार्यकुशल सिद्धान्तले प्रभावकारी रुपमा काम गरेको हुन्छ । राम्रो व्यवस्थापकले राम्ररी सहभागितामूलक निर्णय गर्छ झै नमूनाका रुपमा छनौट गरिएका विद्यालयहरुले सो सिद्धान्तलाई अपनाई व्यवस्थितरुपमा निर्णयहरु गरेको समेत पाइयो जसले विद्यालयको शैक्षिक गुणस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसैले विद्यालयको चौतर्फि विकासका लागि मानवीय सम्वन्धको आवश्यकक्ता नै महत्वपूर्णरुपमा रहन्छ ।

### ४.४. विद्यालयको भौतिक विकासमा देखापरेका चुनौति एवम् समस्याहरु

औपचारिक शिक्षा आदानप्रदानको केन्द्र विद्यालयलाई भौतिक रुपले व्यवस्थित र सम्पन्न बनाउनका लागि विद्यालयमा आवश्यक भौतिक पक्षहरुको समुचित व्यवस्था, विकास र सदुपयोग तथा सुरक्षण पनि गर्न सक्नु पर्दछ । त्यसका लागि उपलब्ध स्रोत साधनको समुचित परिचालन र उपयोग गर्नुका साथै अभिभावक , सम्बद्ध सरोकारवालाहरुलाई परिचालन गरी सहभाागिताका साथ विभिन्न दातृनिकाय र संघ संस्थाहरुसँ समन्वय, सहयोग र सहकार्यको वातावरण विकसित गराउनु आवश्यक हुन्छ । नेपालको वर्तमान परिवेशमा विद्यालयलाई समुचित रुपमा विकसित गर्न स्थानीय निकाय र अभिभावकहरु समेतलाई सहभागी गराई एक अधिकार सम्पन्न विद्यालय व्यवस्थापन समितिको व्यवस्था रहने प्रावधान रही आए अनुसार विद्यालय व्यवस्थापन समितिले आफ्नो दायित्व, जिम्मेवारी र क्षेत्राधिकारको नियम नियमावली भित्र रही कार्य गर्नु पर्दछ । विद्यालयको भौतिक विकासमा हुने गरेका सकारात्मक र नकारात्मक कामहरुलाई पूर्ण जिम्मेवारी र

जवाफदेहिताका साथ वि.व्य.स.ले लिन सक्नु पर्दछ । विद्यालयको भौतिक विकासमा विभिन्न किसिमका चुनौति एवम् समस्याहरुलाई सामना गदै अगाडी बढ्नु पर्ने र आफ्नो कर्तव्य र दायित्वलाई कुशलतापूर्वक निर्वाह गर्नु पर्ने हुन्छ ।

### ४.४.१. विद्यालयको भौतिक व्यवस्थापन

विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न भौतिक पक्ष मजभूत हुनु पर्दछ । यस भौतिक पक्षलाई केलाउदा नमूना छनोटमा परेका विद्यालयहरुको भौतिक स्तरोन्नत्ती समय सापेक्षरुपमा हुनुपर्दछ र भै रहेको अवस्थालाई पनि विश्लेषणात्मकरुपमा यस शोध कार्यमा केलाइएको छ ।

#### ४.४.१.१. विद्यालयको जग्गा खरिद तथा व्यवस्थापन

विद्यालयमा अत्यावश्यक भौतिक निर्माणका कार्यहरु गर्न पर्याप्त र अनुकूल तथा उपयुक्त जग्गाको व्यवस्था हुनु पर्दछ । त्यसपछि मात्र स्तरीय विद्यालयका लागि आवश्यक पूर्वाधार र मापदण्ड पूरा भएको मान्न सकिन्छ । विद्यालयमा जग्गा खरिद गर्ने तथा व्यवस्थापन गर्ने कार्यका लागि प्रमुख अधिकार सम्पन्न र जिम्मेवार निकाय वि.व्य.स. भएकाले त्यसले जिम्मेवारीपूण भूमिका निर्वाह गर्नु पर्दछ । तथापी त्यस कार्यमा त्यसले विविध किसिमका चुनौति र समस्याहरु पनि सामना गर्नु पर्ने हुन्छ ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा आवश्यक पर्ने भौतिक निर्माणका कार्यहरु गरी बाँकी रहेको जग्गा केही निकटवर्ती व्यक्तिहरुबाट अतिक्रमण गरेको पाइयो । साथै रोपिएका  र संरक्षण गरिएका वोट विरुवाहरु पनि अनाधिकृतरुपमा चोरी कटानी हुनेगरेको पाइयो । त्यसलाई निराकरण गर्न वि.व्य.स.बाट समय समयमा अवलोकन र निरीक्षण गर्ने कार्य भएपनि कुनै प्रकारको उपलब्धि हासिल नभएको पाइयो ।

श्री देउराली नि.मा.वि.मा जग्गाको क्षेत्रफल अत्यन्त कम रहेको हुँदा थप जग्गा खरिद गर्न वि.व्य.स.लाई आर्थिक समस्या परिरहेको पाइयो । विद्यालय नजिकै उपयुक्त बिक्रिको जग्गा पनि नपाइने र अभिभावक तथा सरोकारवालाहरुलाई त्यसतर्फ ध्यान दिने र चासो राख्ने काम पनि नभएको पाइयो । जग्गालाई व्यवस्थित बनाउन र थप गर्न आम अभिभावक, वि.व्य.स. तथा शि.अ.संघका पदाधिकारी र दातृनिकायहरुबाट सकारात्मक सहयोग प्राप्त हुन नसकिरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा पनि विद्यालयको स्वामित्वमा रहेको जग्गामा समय समयमा केही रुपमा समस्याहरु आइरहेको स्थिति देखिएको छ । विद्यालयको जग्गा खरीदलाई सरोकारवाला निकायहरु तथा अभिभावकहरुबाट कमै मात्रामा ध्यान पुरयाएको पाइयो । कमै मात्रामा सहयोग प्राप्त हुने

गरेको पाइयो । विद्यालयका यावत चुनौति र समस्याहरुलाई सामना गर्दै वि.व्य.स.ले विद्यालयको जग्गालाई सदुपयोगमा ल्याउने र थप खरिद गर्ने काम गरिरहेको पाइयो ।

### ४.४.१.२. विद्यालयको भवन निर्माण तथा मर्मत

विद्यालयमा आवश्यक पूर्वाधार पूरा गरी प्रभावकारी र उपलब्धिमूलक पठनपाठनको लागि पर्याप्त र अनुकूल भवनहरुको व्यवस्था हुनुपर्दछ । विद्यालयमा भवन निर्माण तथा मर्मत सम्भारका लागि उपलब्ध साधन स्रोतको परिचालन र सदुपयोग गर्ने र विभिन्न दातृनिकाय र संघ संस्थाहरुसंग समन्वय, सहकार्य र सहयोगी भावनाका साथ व्यापक जनसहभागिता जुटाई कार्य सम्पन्न गर्ने कार्यको प्रमुख दायित्व वि.व्य.स.को हो । तथापि त्यस कार्यमा वि.व्य.स.ले विभिन्न किसिमका चुनौति र समस्याहरु पनि सामना गर्नुपर्ने हुन्छ ।

श्री गोकुण्डेश्वर उच्च मा.वि.मा आवश्यकता र प्राथमिकताका आधारमा विद्यालय भवनहरु मापदण्ड अनुसार भएको पाइयो ।  भवनहरु निर्माणका क्रममा स्थानीय स्रोत र साधनको समुचित प्रयोग हुन सकेको , सम्झौता अनुसारको मापदण्डमा आधारित रहेर कार्य हुनु, निर्माण सामग्रीको प्रयोग पनि राम्रै गरेको पाइयो । तर श्रमदान र जनसहभागिता जुट्न नसकेको अवस्था यस विद्यालयमा भएको पाइयो । साथै माथिल्लो र सम्बन्धित निकायबाट अनुगमन र निरीक्षण पनि भएको पाइयो ।

श्री देउराली नि.मा.वि.मा विद्यालयको आर्थिक अवस्था अत्यन्त कमजोर हुनु, इच्छुक दाता र स्थानियनिकाय र आम अभिभावकहरुमा विद्यालय प्रति कम चासो रहनु ,जनश्रमदान जुट्न नसक्नु जस्ता चुनौति र समस्याहरु वि.व्य.स.ले सामना गर्नु परिरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा आवश्यकता  र प्राथमिकताको आधारमा विद्यालयहरु निर्माण गरिएपनि त्यस कार्यमा विविध समस्याहरु वि.व्य.स.ले सामना गर्नु परेको पाइयो । वि.व्य.स.को बैठकबाट परित निर्णयहरु कार्यान्वयन गर्न र पदाधिकारीहरुमाक आफ्नो दायित्वलाई विर्सेर अनभिज्ञता प्रकट गरेको पाइयो । भवन निर्माणको क्रममा आर्थिक मितव्ययीता र पारदर्शिता कायम राख्न नसकेको र समयमानै कार्य सम्पन्न गर्न नसकेको जस्ता गुनासाहरु  पनि सुन्न पाइयो । वि.व्य.स. तथा शि.अ.संघका पदाधिकारीहरुको  जिम्मेवारी बाँडफाँड प्रभावकारी रुपमा हुन नसकेको, समान सहभागिता र जवाफदेहिता नहुनु र निर्माण कार्यमा गुणस्तरहीन खालको निमार्ण सामग्री प्रयोग गरिनु साथै सम्बन्धित माथिल्लो निकाय र वि.व्य.स.बाट समय समयमा निरीक्षण, अनुगमन नहुनु जस्ता समस्याहरु विद्यालयले सामना गर्नु परेको पाइयो ।

### ४.४.१.३. कक्षाकोठा निर्माण , मर्मत सम्भार तथा व्यवस्थापन

विद्यालयमा विद्यार्थीको संख्याको आकार अनुसारका कक्षाकोठाहरु निर्माण र व्यवस्था गरिएको हुनु पर्दछ । अन्यथा सहज रुपमा पठनपाठन क्रियाकलाप संचालन गरी अपेक्षित उपलब्धि हासिल गर्न गाह्रो हुन्छ । त्यसका लागि वि.व्य.स.ले पहलकदमी साथ जिम्मेवारीपूर्ण तरिकाले भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । तथापी त्यस कार्यमा विविध चुनौति र समस्याहरु पनि खडा हुन सक्दछन् ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा विद्यार्थी संख्याको चाप अत्याधिक रहेकोले विद्यमान प्रयोगमा नआइरहेका कक्षाकोठाहरु मर्मत सम्भार र सरसफाइ गरी प्रयोगमा ल्याउने काम भइरहेको पाइयो । त्यसका लागि प्रभावकारी तरिकाले कार्य सम्पन्न गर्न वि.व्य.स.ले समस्या भोग्नु परिरहेको पाइयो । झ्याल ढोका तथा छेस्किनीको स्याहार र सुरक्षा गर्न नसकएको , कक्षाकोठाहरुमा थुप्रिएको कागज र फोहर धुलोसफा गर्ने कामदारको व्यवस्था गर्न नसकिरहेको अवस्था पाइयो । कक्षाकोठाहरुको भुई सिमेन्ट तथा वालुवाको मात्रा नमिलाई प्रयोग गर्ने गरेकाले काम राम्रो र टिकाउ नहुने गरेकोले समस्याहरु भोग्नु परेको पाइयो ।

श्री देउराली नि.मा.वि.मा धुलो र मैलो कक्षाकोठामा थुप्रिने समस्याले ग्रस्त बनाउने गरेको पाइयो । त्यसलाई निराकरण गर्न वि.व्य.स.ले विद्यालयको आन्तरिक स्रोत परिचालन गरी सिमेन्ट प्लाष्टर गर्ने कार्यक्रम राखी कार्य गरे पनि आर्थिक अभावका कारण काम पूर्णरुपमा समापन हुन नसकेको र कमसल सामग्रीको प्रयोग कामदारहरुले गरेकाले टिकाउ नभएको पाइयो । थप कक्षा कोठा निर्माण गर्नलाई आवश्यक भवन निर्माण गर्न पुग्दो जग्गा पनि नरहेको र अभिभावक तथा सरोकारवालाहरुबाट पर्याप्त सहयोग पनि प्राप्त हुन नसकिरहेको जस्ता समस्याहरु वि.व्य.स.ले सामना गर्नुपरेको पाइयो ।

श्री गणेश प्रा.वि.मा नयाँ थप भवन र कक्षाकोठाहरु निर्माण गर्ने कार्य जारी रहेकाले त्यस कार्यमा वि.व्य.स. सक्रियताका साथ लागिरहेको पाइयो । तथापि विद्यालयमा भइरहेका निर्माण कार्यहरुमा स्थानीय स्रोत साधनको परिचालन गर्न , आर्थिक सहयोग जुटाउन र आम अभिभावकहरुको सहभागिता जुटाउन समस्या भोगिरहेको पाइयो । आर्थिक मितव्ययीता र पारदर्शिता कायम गर्न नसक्नु , विभिन्न दातृ निकाय र संघ संस्थाहरुसंग समन्वय र सहकार्यको वातावरण निर्माण हुन नसुक्नु जस्तो चुनौतिहरु पनि वि.व्य.स.ले सामना गरिरहनु परेको पाइयो । साथै वि.व्य.स.को बैठकबाट परित निर्णयहरु प्रभावकारी र सहजरुपमा कार्यान्वयन गर्ने वातावरण सिर्जना हुन नसकिरहेको जस्ता समस्याहरु विद्यालयमा वि.व्य.स.ले भोगिरहेको पाइयो ।

### ४.४.१.४. खेलमैदान निर्माण तथा व्यवस्थापन

विद्यालय संचालनका लागि आवश्यक पूर्वाधार पूरा गर्न तथा विभिन्न खलकुद सम्बन्धी क्रियाकलापहरु संचालन गरी विद्यार्थीको सर्बाङ्गिण विकासमा सहयोग पु-याउदै शिक्षाका अपेक्षित उद्देश्यहरु प्राप्त गर्न उचित खेलमैदानको व्यवस्था हुनु पर्दछ । तथापि विद्यालयमा खेलमैदान निर्माण र व्यवस्थापन गर्न पनि विभिन्न चुनौति तथा समस्याहरु रहेका हुन्छन् ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा खेलमैदानको निर्माण निकै वर्ष अगाडि भएको पाइयो । तर किनारा भत्किएको र भित्ता पुरिएको अवस्थामा रहनुका साथै सतहको भाग नमिलेको यसका साथै विद्यालयको क्षेत्रफल अत्यन्तै कम भएको कारणले खेलमैदानको समस्या ज्यादै मात्रामा रहेको छ । विद्यालयलाई खेलमैदानको निक्कै समस्या भएको अवस्था छ । खेलमैदानको समस्या हल गर्न कुनै त्यस्तो वैकल्पिक व्यवस्था पनि विद्यालयसँग छैन । यसका अलवा विद्यालयले नजिकै रहेको खालि जग्गा खरिद गरी खेलमैदान निर्माण गर्नु पर्ने अवस्था छ ।

श्री देउराली नि.मा.वि. मा विद्यमान खेलमैदानको सतह नमिलेको हुँदा त्यसलाई मिलाउनका लागि डोजर लगाउन आवश्यक पर्ने रकम जुटाउन नगरपालिकासँग धेरै पटक धाउनु परेको पाइयो । मुस्किलले मात्र कार्य सम्पन्न भए पनि प्रतिकूल भू-वनावटका कारण खेलमैदानले सही आकार लिन नसक्दा आलोचना खेप्नु परेको पाइयो । विद्यालयको जग्गा अत्यन्तै कम रहेकाले खेलमैदानको निर्माण र व्यवस्थापनमा वि.व्य.स.ले समस्याहरु भोग्नु परिरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा रहेको खेलमैदान अत्यन्त साँघुरो रहेकोले त्यसलाई बढाउने प्रयास केही अघि गरिएपनि भिराले भू-वनोट र सीमित क्षेत्रफलको कारण सफलता प्राप्त नभएको पाइयो ।अर्को खेलमैदान निर्माण गर्न वि.व्य.स.ले धनकुटा नगरपालिकाबाट आर्थिक सहयोग माग गरी आवश्यक जग्गा खरिद गरेको पाइयो । त्यस काममा सर्वसम्मतिका साथ सहमति नहुँदा ज्यादै कडा प्रयास पछि मात्र वजेट उपलब्ध भएको पाइयो । हाल उक्त जग्गामा खेल मैदान निर्माण गर्नुपर्ने जरुरी भए पनि विद्यालयमा आर्थिक स्रोत नभएको र अरु निकाय र सरोकारवाला तथा वि.व्य.स.का सबै पदाधिकारीहरुले महत्व र चासो तथा जिम्मेवारीका साथ नलिँदा विद्यालयले ठूलो चुनौति सामना गर्नु परेको अवस्था रहेको पाइयो ।

### ४.४.१.५. शौचालय निर्माण

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी एवं विद्यार्थीहरुका लागि पर्याप्त र सफा शौचालयको निर्माण र व्यवस्था गरिएको हुनुपर्दछ । जसबाट मात्र विद्यालयको सरसफाइ राख्न तथा प्रभावकारी पठनपाठनका लागि सहज र निर्वाध वातावरण बन्छ । विद्यालयमा आवश्यक

शौचालयको निर्माण गर्न वि.व्य.स.ले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तथापी त्यसमा विविध प्रकारका चुनैति र समस्याहरु देखा पर्न सक्छन् ।

श्री गोकुण्डेश्वर उच्च मा.वि.मा अत्याधिक रहेको विद्यार्थी चापका कारण विद्यार्थी संख्याको अनुपातमा शौचालयहरु निर्माण गर्न वि.व्य.स.ले प्राथमिकता र जिम्मेवारीका साथ कार्य गर्ने प्रयास गरिरहेको देखिन्छ । आवश्यक निकायमा पहल गरी आर्थिक सहयोग माग गरी शौचालय निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले आवश्यक मात्रामा निर्माण गर्नुले यस विद्यालयको शौचालयमा कुनै समस्या हाल देखिदैन । यसका साथै विद्यालयले खासै कुनै यस सम्बन्धमा समस्या भोगेको देखिदैन ।

श्री देउराली नि.मा.वि.मा रहेका शौचालयहरु अपर्याप्त मात्रामा रहेकाले थप शौचालय निर्माण गर्न वि.व्य.स.ले आर्थिक अभावको सामना गर्नु परेको स्थिति विद्यालयमा देखिएको छ । भएका शौचालयहरु पनि सदुपयोग गर्न नियम विनियम र आचारसंहिता निर्माण गरेपनि कार्यान्वयन नभएको पाइयो । वि.व्य.स.का सम्पूर्ण पदाधिकारीहरुको समान सहभागिता र सक्रियताको अभाव हुनु , अभिभावक तथा सरोकारवालाहरुबाट कम चासोका साथ शौचालयको निर्माण र व्यवस्थालाई लिइनु र निर्माणको जिम्मा लिएको ठेकेदारले कमसल निर्माण सामग्री प्रयोग गर्नु र आर्थिक मितव्ययीता र पारदर्शितामा कन्जुस्याई गरिनु जस्ता चुनौति एवं समस्याहरु वर्तमान अवस्थामा वि.व्य.स.ले सामना गर्नु परेको पाइयो ।

श्री गणेश प्रा.वि.मा शौचालय निर्माणका लागि वि.व्य.स.ले पारित गरेका निर्णयहरु स्थानीय अभिभावक र समुदायका व्यक्तिहरुको असहयोगका कारण कार्यान्वयन गर्न मुस्किल पर्ने गरेको पाइयो । निर्माण क्रममा सम्बद्ध सबैको दायित्व वोध , समान सहभागिता र सक्रियताको अभान हुने गरेको पाइयो र मापदण्ड अनुसारको निमार्ण सामग्रीको प्रयोग नहुँदा योजना फछ्र्यौट गर्न नै समस्या भोग्नु परेको पाइयो ।

### ४.४.१.६. खानेपानी व्यवस्थापन

विद्यालयमा खानेपानीको उचित आपूर्ति र व्यवस्थापन गर्नु सम्बद्ध सबै पक्षको समान दायित्व र जिम्मेवारी मानिन्छ । त्यसमा पनि विद्यालय संचालनको जिम्मेवारी पाएको अधिकार सम्पन्न वि.व्य.स.को भूमिका प्रमुख रुपमा रहन्छ । तथापी विद्यालयमा खानेपानीको सहज आपूर्ति र व्यवस्थापनमा वि.व्य.स.ले विविध चुनैति र समस्याहरु भोगी रहनु परेको हुन सक्छ ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा खानेपानीको सहज आपूर्ति र व्यवस्थापनका लागि स्थानीय समुदायबाट कम सहयोग वि.व्य.स.ले प्राप्त गरिरहेको छ । विद्यालयको आफ्नै स्रोतबाट जिल्ला

खानेपानी उपभोक्ता समिति धनकुटामा निवेदन दिई उक्त समितिबाट एउटा धारो उपलब्ध गराएको पाइन्छ । त्यस अनुसार यस गोकुण्डेश्वर उ.मा.वि.ले १००० लिटरका ५ वटा ट्याङ्की खरीद गरी संरक्षण गरेकाले खानेपानीको कुनै समस्या यस विद्यालयका देखिँदैन । उपलब्ध खानेपानीलाई थप सुरक्षित गर्नुपर्ने यहाँको आवश्यकता देखिन्छ ।

श्री देउराली नि.मा.वि. सान्ताङ्गमा सरल रुपमा खानेपानीको आपूर्ति र व्यवस्थापनका लागि स्थानीय समुदायबाट कम सहयोग वि.व्य.स.ले प्राप्त गरिरहेको पाइयो । विद्यालय समयमा स्थानीय समुदायद्वारा धारा प्रयोगमा ल्याइनु, खानेपानीको बैकल्पिक स्रोत पनि नपाइनु र उपलब्ध खानेपानीलाई थप सुरक्षित बनाउने वातावरण सिर्जना हुन नसक्नु जस्ता चुनैति र समस्याहरु वि.व्य.स.ले भोग्नु परिरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा प्रयोगमा आइरहेको खानेपानीको स्रोत जलवायु परिवतर्नका कारण सुकेर जानु , सम्वद्ध निकाय एवम् सरोकारवालाहरुबाट पर्याप्त मात्रामा ध्यान नदिनु, स्थानीय समुदायले विद्यालय प्रति अपनत्वको भावना नराख्नु जस्ता कारणहरुले गर्दा विद्यालयमा सहज रुपमा खानेपानी आपूर्ति र व्यवस्थापनमा वि.व्य.स.ले समस्या भोग्नु परिरहेको पाइयो ।

### ४.४.१.७. पुस्तकालय निर्माण तथा व्यवस्थापन

ज्ञान आदान प्रदान गर्ने थलो विद्यालयमा पर्याप्त मात्रामा विभिन्न किसिमका पुस्तकहरु संग्रह गरी शिक्षक विद्यार्थीहरुलाई प्रयोग गर्ने सेवा उपलब्ध गराउन व्यवस्थित र सुविधा सम्पन्न पुस्तकालयको निर्माण र व्यवस्थापन विद्यालयमा भएको हुनुपर्दछ । तथापी पुस्तकालयको निर्माण ,व्यवस्थापन र संचालनमा विविध समस्याहरु चुनौतिहरु देखा पर्नसक्छन् । श्री गोकुण्डेश्वर उ.मा.वि.मा व्यवस्थित रुपले पुस्तकालय संचालन गर्न आर्थिक अभावको समस्या वि.व्य.स.ले केही रुपमा भए पनि भोगि रहेको पाइयो । विद्यार्थीको आवश्यकता र तह अनुसारको पुस्तक संग्रह गर्न र खरिद गर्न पर्याप्त बजेटको व्यवस्था नभएको पाइयो । संचालित पुस्तकालयबाट पनि प्रभावकारी रुपमा स्तरीय सेवा सुबिधा प्रदान गरेको पाइयो । पुस्तकालयमा भएका पुस्तकहरु पनि व्यवस्थित रुपमा सुरक्षण गरिएको देखियो । पुस्तकालय संचालनमा पनि नीति, नियमहरु राम्ररी एवं प्रभावकारी रुपमा रहेको पाइयो । पुस्तकालयमा सेवा सविधा प्रर्याप्त मात्रामा विद्यार्थीलाई उपलब्ध गराउन एक जना थप पुस्तकालय कर्मचारीको आवश्यकता देखियो ।

श्री देउराली नि.मा.वि.मा पुस्तकालय निर्माण तथा व्यवस्थापनमा आर्थिक अभाव प्रमुख समस्याको रुपमा रहेको पाइयो । त्यसैको कारण आवश्यकता हुँदाहुँदै पनि विद्यालयमा पुस्तकालयको स्थापना र त्यसको संचालन सम्बन्धी कुनै ठोस काम गर्न वि.व्य.स.ले नसकिरहेको पाइयो । साथै

वि.व्य.स.लगायत अन्य निकायबाट पनि पुस्तकालयको व्यवस्थपनलाई कम महत्वका साथ लिइने गरिएको पाइयो ।

श्री गणेश प्रा.वि.मा उपलब्ध पुस्तकहरुलाई -याकमा संग्रहित गरेर राख्ने काम भएपनि त्यसको संचालन र व्यवस्थापनलाई सबै पक्षबाट कम महत्वका साथ लिइनु , वि.व्य.स.ले गम्भिर रुपमा चुनौतिको र समस्याको सामना गरिरहेको पाइयो ।

### ४.४.१.८.घेराबारा निर्माण

विद्यालय कम्पाउण्डलाई सुरक्षित बनाई राख्न विद्यालयमा बलियो घेराबाराको निर्माण तथा व्यवस्थापन गर्नु अपरिहार्य मानिन्छ । विद्यालयमा घेराबारा निर्माण गर्न विद्यालयको जिम्मेवारी र अधिकार सम्पन्न निकाय वि.व्य.स.ले विविध चुनौति एवं समस्याहरु भोग्नु परिरहेको छ ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा पुरानो फलामे तारको घेराबारा मर्मत सम्भार गर्न उपलब्ध भएको फलामे तारजाली वाँध्न पर्याप्त आर्थिक स्रोत आवश्यक पर्ने भएकोले सो अनुसार निर्माण मर्मत गर्न स्थानीय निकाय नगरपालिका धनकुटाले आर्थिक स्रोतको व्यवस्थापन गरिदिएर ईटाको जोडाईबाट वालको निर्माण गरेर घेराबारा गरेको अवस्था छ । तथापी पनि विद्यालयको सबै तर्फ वाल निर्माण गर्न आर्थिक अभाव नै रहेको देखिन्छ । त्यसलाई समाधान गर्न वि.व्य.स.ले स्थानीय अभिभावकलाई परिचालन गर्न खोजे पनि स्थानीय अभिभावकलाई राम्ररी परिचालन गर्न नसकेको अवस्था , श्रमदान समेत जुट्न नसकेको स्थिति यस विद्यालयमा रहेको छ ।

श्री देउराली नि.मा.वि.मा घेराबारा निर्माण गर्न विद्यालयको कम्पाउण्डको भू-वनोट नमिल्नु, आर्थिक अभाव तथा अन्य अत्यावश्यक भौतिक निर्माणमा नै अधिकाशं समय र स्रोत खर्च गर्नुपर्ने वाध्यता लगायतका चुनौति र समस्याहरु वि.व्य.स.ले भोगिरहनु परिरहेको अवस्था छ ।

श्री गणेश प्रा.वि.मा अन्य अत्यावश्यक भौतिक निर्माणका कार्यमा वि.व्य.स. अल्झिनु परेको वाध्यता रहनु , अरु दातृ निकाय र सरोकारवालाहरुले पनि घेराबारा निर्माणमा चासो नदेखाउनु जस्ता समस्याहरु र चुनौतिहरु वि.व्य.स.ले सामना गर्नुपरेको अवस्था पाइएको छ ।

### ४.४.१.९.फर्निचर निर्माण

विद्यालयमा शिक्षक विद्यार्थीको संख्यालााई आधार मानेर फर्निचरहरुको निर्माण तथा व्यवस्था गरिएको हुन्छ । आवश्यक फर्निचर निर्माण तथा व्यवस्थापनमा सम्बन्धित पक्षबाट समुचित ध्यान पु-याइएको हुन्छ ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा आवश्यक फर्निचरहरुको निर्माण र व्यवस्थापनमा खासै समस्या नरहेको पाइयो । तथापी भएका फर्निचरहरुको सुरक्षण चाँहि हुन नसकिरहेको र वि.व्य.स.ले काठका डेक्स वेन्चलाई हटाएर फलामे डेक्स बेन्च खरीद गरेको र अन्य आवश्यक फर्निचरहरु पनि खरीद गर्ने योजना बनाएको छ ।

श्री देउराली नि.मा.वि.मा नयाँ फर्निचरहरु थप गर्ने कार्यक्रम वि.व्य.स.ले तय गरेपनि आर्थिक स्रोत कमजोर हुनाले समस्या भोगिरहेको  पाइयो । भएका फर्निचरहरुको सुरक्षण र सदुपयोग गर्न र जिर्ण अवस्थाका फर्निचरहरुको मर्मत सम्भार र पुनः निर्माणमा ध्यान नपुगेको देखियो ।

श्री गणेश प्रा.वि.मा फर्निचर निर्माणको लागि सुलभ र उपयुक्त काठ नपाइने,विद्यालयको आन्तिरिक स्रोत अत्यन्त नाजुक रहनु र भएका फर्निचरहरुको सुरक्षणको उपायहरु अबलम्वन गर्न नसकिरहेको जस्ता समस्याहरु वि.व्य.स..ले सामना गर्नु परेको अवस्था पाइयो ।

**४.४.१.१०. विज्ञान प्रयोगशाला निर्माण**

विद्यालयमा अध्यापन हुने कतिपय विषयहरुमा प्रयोगात्मक रुपले कक्षाहरु संचालन गर्न प्रयोगशालाको व्यवस्था हुनु पर्दछ । यस कार्यमा सबैको समान दृष्टि नपुगेको हुन सक्छ ।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा प्रयोगशाला निर्माण गर्न विद्यालयबाट आन्तरिक स्रोत परिचालन गरी कार्य गर्न सिलसिलामा वि.व्य.स.को बैठकमा पटक पटक छलफल गरी विज्ञान विषयमा कक्षा ११ मा विज्ञान विषयको पढाइ संचालन गरेर आवश्यक मात्रामा विज्ञानको प्रयोगशाला निर्माण भएको छ । अभिभावकहरु तथा सरोकारवालाहरुबाट पनि प्रयोगशाला निर्माणलाई अत्यन्त महत्वका साथ हेरेको पाइयो । त्यसबाट विद्यार्थीको प्रभावकारी र अर्थपूर्ण सिकाइमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

श्री देउराली नि.मा.वि.मा इच्छा र आवश्यकता हुँदाहुँदै पनि विद्यालयको आन्तरिक स्रोत नहुनु, इच्छुक दातृ निकाय र सरोकारवाला पनि नहुनु , अन्य भौतिक निर्माण मै अल्भिनु पर्ने बाध्यता हुनु जस्ता समस्याहरुले गर्दा वि.व्य.स.ले हालसम्म पनि प्रयोगशाला निर्माण तथा व्यवस्था गर्न नसकिरहेको पाइयो ।

श्री गणेश प्रा.वि.मा विद्यालयको आन्तरिक स्रोत नहुनु, अन्य भौतिक निर्माणमा व्यस्त रहनु, अभिभावक तथा सम्बद्ध निकायबाट सहयोग प्राप्त नहुनु जस्ता समस्याहरुको कारण विद्यालयमा हालसम्म पनि वि.व्य.स.ले प्रयोगशाला निर्माण गर्न नसकिरहेको पाइयो ।

### ४.४.१.११. विद्युत र सञ्चार गृह निर्माण

वर्तमान सञ्चार र सूचनाको युगमा विद्यालयमा पनि विद्युत र सञ्चारको सुविधा पु-याई विद्यार्थीहरुलाई सूचना र सञ्चारसँग परिचित गराउन वि.व्य.स.ले पहल कदमीको भूमिका निर्वाह गर्नु पर्दछ। त्यस कार्यका लागि विविध किसिमका चुनैति र व्यवधानहरु  देखा पर्न सक्छन्।

श्री गोकुण्डेश्वर उ.मा.वि.मा विद्युत सेवा विद्यालयको कोषबाट रकम उपलब्ध गराइ विद्युत सेवाको प्रवन्ध गराएको छ । विद्यालयको आन्तरिक स्रोतबाट र जिल्ला शिक्षा कार्यालको आर्थिक अनुदानबाट  कम्प्युटर खरीद गरिएको छ । विद्यालयमा इमेल ,इन्टरनेटको सुविधा पनि छ । यस विद्यालयमा भएका विद्युतिय सामग्रीहरुको यथोचित व्यवस्थापन प्रयोगको सुरक्षणको समस्या मात्र रहेको छ । तै पनि वि.व्य.स.को वैठकको निर्णयानुसार त्यसलाई थप व्यवस्थित गर्नु पर्ने र जिम्मेवारी तोकिदिएर थप व्यवस्थित गर्ने समस्या छ।

श्री देउराली नि.मा.वि.मा सौर्य उर्जा र कम्प्युटर सेवा संचालन गर्न दातृनिकायहरुलाई अनुरोध गरेको पाइयो । कम्प्युटर सेवा संचालन गर्न अपरेटरको व्यवस्था गर्न वि.व्य.स. र आम अभिभावकहरुमा सहमति कायम हुन नसकि रहेको पाइयो ।  विद्यालयमा उपलब्ध भएको संचार ,विद्युत र कम्प्युटर सेवालाई सर्वसुलभ, पहुँच योग्य र प्रभावकारी बनाउन आवश्यक नियम, विनियम र आचार संहिता निर्माण गरिए पनि त्यसको कार्यान्वयन गर्ने वातावरण नरहेको पाइयो । उपकरणहरुको सुरक्षण र हिफाजत गर्न स्वयं प्रयोगकर्ताहरुबाटै खासै ध्यान दिइएको पाइएन।

श्री गणेश प्रा.वि.मा आर्थिक अभाव र विकट भौगोलिक अवस्थाका कारण वि.व्य.स.ले कुनै प्रकारको विद्युतीय तथा संचार सुविधाको व्यवस्था गर्न सकेको देखिएन । सम्भाव्य दातृ निकायमा मागपत्र पेस गर्ने काम भएपनि हालसम्म कुनै प्रकारको प्रतिक्रिया प्राप्त नभएको  पाइयो । साथै स्थानीय अभिभावक, बुद्धिजीवि, शिक्षक, वि.व्य.स. तथा शि.अ.सघका पदाधिकारीहरुमा दृढ इच्छा शक्ति, जोश, जाँगरको र तत्परताको आवश्यक्ता रहेको पाइयो।

### ४.४.२. विद्यालयको शैक्षणिक अवस्था

विद्यालयको भौतिक विकास विना शैक्षिक विकास सम्भव छैन । भौतिक रुपमा सवल र सक्षम विद्यालयमा शैक्षिक वातावरणको उपयुक्त अवस्था रहन्छ। शैक्षिक अवस्था सुदृढ बनाउनलाई विद्यालयको भौतिक पक्ष (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, शैक्षिक सामग्री आदि) राम्रो हुनुपर्दछ । भौतिक रुपले सम्पन्न र सुविधायुक्त विद्यालयमा शैक्षिक विकासका प्रसस्त अवसरहरु रहन्छन् । जसलाई भौतिक पक्षले नै निर्देशित गरिराखेको हुन्छ । समग्रमा विद्यालयको भौतिक विकासले शैक्षिक पक्षलाई निर्देशित गरिराखेको हुनाले विद्यालयको उचित भौतिक विकास हुनु आवश्यक छ । भौतिक विकासमा अनेकौ समस्या र चुनैतिहरु देखा पर्दछन् । ती समस्याहरु  र

चुनौतिहरुलाई न्यूनिकरण गर्नुपर्दछ । त्यस पछि मात्र विद्यालयको शैक्षिक वातावरण समय सापेक्ष अनुकूल बन्दछ ।

### ४.४.३. विद्यालयका आर्थिक चुनौति एवं समस्याहरु

विद्यालयको समुचित व्यवस्थापन पक्षको एक मेरुदण्ड नै आर्थिक सक्षमता नै हो । हरेक विद्यालयले गुणात्मक शैक्षिक उपलब्धि हासिल गर्न गराउन आर्थिक अवस्था मजभूत भए भौतिक व्यवस्थापन राम्रो गर्न विद्यालय व्यवस्थापन समितिले सक्छ । नत्र व्यवस्थापकीय पक्ष कमजोर नै रहन्छ । सक्षम र सबल बनाउन आर्थिक स्रोतहरुको समुचित पहिचान गरेर विद्यालय व्यवस्थापन समितिले सो सम्बन्धी योजना वनाई क्रियाशील हुनुपर्दछ । हाल यी विद्यालयको अवस्था हेर्दा दिगो सुदृढ आर्थिक तथा आय आम्दामी ३ वटै श्री गोकुण्डेश्वर उच्च माध्यमिक विद्यालय , श्री देउराली नि.मा.वि. र श्री गणेश प्रा.वि.को समेत देखिदन । त्यसैले आर्थिक समस्या यी विद्यालयमा रहेको देखिन्छ । यसका लागि विद्यालय व्यवस्थापन समितिको दायित्व तथा भूमिका अग्रणी हुन्छ । स्थायी आर्थिक स्रोतको पहिचान गरी व्यवस्थापन गर्न वि.व्य.स. तयार हुनुपर्छ । आर्थिक लगानी गर्ने दातृ निकायहरु , चन्दा दाताहरु , एजेन्सीहरु आदि सबैको सक्रियतालाई ३ वटै विद्यालयहरुले महत्वका साथ ध्यान दिई आर्थिक चुनौतिको सामना गर्नु पर्दछ ।

यस शोध अध्ययनलाई निर्देशित गर्नकालागि मानव सम्वन्धको सिद्धान्तलाई अनुसरण गरिएको छ । विद्यालयको भौतिक विकास एक जटिल प्रक्रिया भएकोले यसलाई सहज रुपमा अगाडि वढाउन विभिन्न पक्षहरु वीच असल सम्बन्ध, उचित तालमेलको आवश्यकता पर्दछ । विद्यालयको भौतिक विकास केवल सरकार ,प्र.अ. व्यवस्थापन समिति ,अभिभावक, शिक्षक मध्ये कुनै एकको प्रयासबाट मात्र सम्भव हुदैन । सबै पक्षहरुबीच असल मानवीय सम्बन्ध भएमा मात्र विद्यालयमा देखिएका समस्याहरु भौतिक पक्षमा आउने समस्याहरु समाधान र भौतिक विकास सम्भव छ । एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति र सत्रुतापूर्ण व्यवहार वढेमा भौतिक विकास जटिल बन्दै जान्छ । त्यसैले समग्रमा असल मानवीय सम्बन्धले मात्र विद्यालयमा आइपर्ने अनेकौं भौतिक लगायत अन्य समस्याहरु समाधान गर्न सकिन्छ । सरकार अभिभावक, व्यवस्थापन समिति ,प्र.अ., शिक्षक, राजनैतिक दल बीच पारस्परिक सम्बन्ध प्रगाढ हुनुपर्दछ । जसले गर्दा अनेकौं समस्याहरु समाधान सजिलै किसिमले हुनसक्छ । अझ विद्यालयको भौतिक विकास त एउटाको प्रयासले मात्र सफल हुनसक्दैन । त्यसैले सरोकारवाला बीचमा असल सम्बन्ध हुनुपर्दछ । सबै सरोकारवाला बीचमा एक अर्का प्रति हेर्ने दृष्टिकोण , विस्वासको वातावरण पनि सुमधुर हुनु आवश्यक छ । जुन असल सम्बन्धले मात्र विद्यालयको प्रगति, उन्नति एवं विकास संभव देखिन्छ ।

### ४.५. विद्यालयको प्रभावकारी भौतिक विकासका उपायहरु

नेपालको परिवेशमा औपचारिक शिक्षा आदान प्रदान गर्ने थलो विद्यालय नै हो । विद्यालयको अस्तित्व विना औपचारिक शिक्षाको कल्पना गर्न सकिन्न । तसर्थ औपचारिक शिक्षाको केन्द्र विद्यालयमा अत्यावश्यक प्राज्ञिक ज्ञान, आर्थिक, भौतिक लगायतका महत्वपूर्ण पक्षहरुको समुचित र सन्तुलित विकास गरिनु पर्दछ । त्यसमा पनि भौतिक पक्षको विकासलाई त झनै विद्यालयको विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ । नेपालका अधिकांश विद्यालयहरु विविध समस्याहरुबाट ग्रस्त भइरहेका कारण तिनको समुचित र सन्तुलित रुपमा भौतिक विकास हुन नसकिरहेको अवस्था छ । यद्यपी विद्यालयहरुको भौतिक विकासका लागि विभिन्न उपायहरु अवलम्वन गर्न सकिन्छ । ती अवलम्वन गर्न सकिने भौतिक विकासहरु निम्नानुसार छन् :-

#### ४.५.१. प्राथमिकताको निर्धारण

विद्यालयमा आवश्यकताहरु धेरै हुन्छन् । तथापी प्रभावकारी र उपलब्धिमूलक तथा दीघकालीन रुपमा विद्यालय संचालन गर्ने र आवश्यकतालाई समाधानतिर लानको लागि विद्यालयको भौतिक विकासलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ । त्यसमा पनि कस्तो भौतिक विकास गर्ने हो ? त्यसको किटानी हुनु पर्दछ । भवन,खेलमैदान, शौचालय, खानेपानी आदि मध्ये विद्यालयको कुन चाँहि पहिलो आवश्यकता हो । त्यसलाई प्राथमिकतामा राखेर कार्य गर्न सकेमा विद्यालयको प्रभावकारी भौतिक विकास हुन सक्छ ।

#### ४.५.२. समुदायको परिचालन

विद्यालय समुदायका सबैको साझा सम्पति भएकोले त्यसप्रति समुदायका आम अभिभावकहरुमा अपनत्वको भावना विकसित हुनसक्नु पर्दछ । विद्यालय संचालन र रेखदेख तथा व्यवस्थापनको दायित्व बहन गर्न सक्ने जिम्मेवारी पनि उनीहरुलाई दिइनु पर्दछ ।

त्यसका साथै विद्यालय संचालन र व्यवस्थापनको नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका वि.व्य.स. र शि.अ.संघले समुदायका आम अभिभावकहरुलाई विद्यालयको विकासका लागि जिम्मेवारीपूर्ण तरीकाले परिचालित हुन सक्ने वातावरण निर्माणमा अग्रणी भूमिका निर्वाह गर्नुपर्दछ । समुदायका चन्दादाता, समाजसेवी, बुद्धिजीवि, व्यापारी, राष्ट्सेवक कर्मचारी, राजनीतिकर्मी, पेशाकर्मी, शिक्षित वर्ग लगायतसँग समन्वय, सहकार्य र सहयोगी भावना सहित परिचालित हुनु पर्दछ । त्यसो हुँदा स्थानीय स्रोत साधनको समुचित प्रयोग र परिचालन पनि हुन सक्छ । तब मात्र विद्यालयको भौतिक विकासमा सहज वातावरण निर्माण हुन सक्छ ।

### ४.५.३. आर्थिक स्रोतको पहिचान

विद्यालयमा जुनसुकै विकासात्मक कार्यहरु गर्दा पनि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्दछ । त्यसमा पनि भौतिक विकासका कार्यहरु गर्दा बढी आर्थिक स्रोत चाहिन्छ । सबै विद्यालयहरु आर्थिक रुपले सम्पन्न हुँदैनन् । तथापी आर्थिक स्रोतको पहिचान गरी अर्थ जुटाउन भने सकिन्छ । त्यसका लागि वि.व्य.स. तथा शि.अ.संघ, संस्थासँग समन्वय र सहकार्यका साथ अर्थ संकलन गरी विद्यालयमा भौतिक विकासको काम गर्नुपर्दछ । असल मानवीय सम्बन्ध नै विद्यालयको शैक्षिक विकासको अभिन्न अंगका रुपमा हुनेगर्दछ त्यसले सकारात्मक परिणाम ल्याई विद्यालयको उन्नति हुनसक्छ ।

### ४.५.४. लागत तथा जन सहभागितामा वृद्धि

नेपाल गाउँ नै गाउँले बनेको देश हो । यहाँका धेरै जसो मानिसहरु ग्रामिण क्षेत्रमा स्थापित भएका छन् । ग्रामीण क्षेत्रमा आर्थिक समस्या जल्दोबल्दो रुपमा रहेको हुन्छ । यस्तो अवस्थामा स्थानीय निकाय, समुदाय तथा अभिभावकहरुमा विद्यालयमा आर्थिक लगानी गर्न सक्ने हैसियत कम हुन्छ । त्यसकारण राज्यले विद्यालयहरुमा आफ्नो दायित्व बहन गर्न शिक्षामा गर्ने लगानीमा वृद्धि गर्नुपर्दछ । शिक्षाको विकासलाई उच्च प्राथमिकताका साथ लिएर सरकारले बढी रकम विद्यालयको भौतिक विकासका लागि विनियोजन गर्नुपर्दछ । त्यसका साथै सरकार र अभिभावक बीचमा लागत साझेदारीको पद्धतिबाट लगानी गरेर पनि विद्यालयको भौतिक विकास गर्न सकिन्छ । यसरी विद्यालयको भौतिक विकासमा सरकारी लगानीको मात्र मुख ताकेर नवसी विद्यालयहरुले समय सापेक्ष अभिभावकको पहुँचलाई हेरेर यापेजना बनाई कार्यक्रमहरुको सञ्चालन गर्नुपर्दछ । अझ लागत सहभागिताको आधारमा आधारित हुनुपर्छ । लागत सहभागिताम आधारित हुनसके मात्र विद्यालयको गुणात्मक विकास हुने देखिन्छ । यस तर्फ विद्यालय व्यवस्थापन समिति चनाखो हुनुपर्दछ । विद्यालयको सम्पूर्ण पक्षमा पारदर्शिता भएमा मात्र अभिभावकको चासो अझ बढि भई विद्यालय प्रतिको लगानीमा वृद्धि हुने देखिन्छ ।

विद्यालयको भौतिक विकासमा विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि प्रमुख जिम्मेवार निकाय वि.व्य.स. र शि.अ.संघले नेतृत्वदायी भूमिका बहन गर्दै एक आपसमा सहकार्य, समन्वय र सहयोगी भावनाका साथ सम्बद्ध  निकाय एवं अभिभावकहरुलाई परिचालन गर्न सकेमा सीमित स्रोत साधनको अधिकतम प्रयोग भई आर्थिक मितव्यीयता र पारदर्शिता कायम हुनुका साथै छिटो छरितो कार्य हुन सक्छ । अनि त्यसबाट प्रभावकारी परिणाम दिन सक्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

**“विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति ”** शीर्षकमा गरिएको अध्ययन, व्याख्या र प्राप्त प्रतिक्रिया लगायतको गुणात्मक विश्लेषणको आधारमा आएको निष्कर्ष र सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१. प्राप्ति

विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्सथापन समिति शीर्षकमा गरिएको यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुको तथ्याङ्कहरु, विद्यालय अभिलेखहरु , बैठक पुस्तिकाहरु , वि.व्य.स.का पदाधिकारीहरु एवं प्र.अ.हरुको प्रतिक्रिया तथा विद्यालयहरुको भौतिक अवलोकनको विश्लेषणबाट देखिए अनुसार वि.व्य.स.को भूमिका महत्वपूर्ण पाइयो ।

विद्यालयमा भौतिक विकासका कार्यहरु गर्दा विद्यालयको आन्तरिक स्रोतले नपुग भएमा विभिन्न दातृ निकाय , चन्दादाताहरुसँग समन्वय र सहकार्य गरी कानम गर्ने गरेको पाइयो । विकट भूवनोटका कारण भएपनि सीमित स्रोत साधन र निस्कृय अभिभावकको कारण विद्यालयहरुमा आवश्यकता अनुसारको भौतिक विकास गर्न वि.व्य.स.ले समस्याहरु झेलिरहेको पाइयो । विद्यालयको भौतिक पक्षको सुरक्षण गर्न , सदुपयोग गर्न मर्मत सम्भार गर्न वि.व्य.स. कर्तव्य निष्ठ भई कार्य गरेको पाइयो । भौतिक पक्षका चुनौतिहरुको सामना गर्न वि.व्य.स. ले समय समयमा अवलोकन अनुगमन , निरीक्षण गरेको पाइयो ।

विद्यालयहरुमा विद्यार्थी संख्या अधिक हुनु , भूवनोट विकट हुनु । विद्यालयमा उपलब्ध स्रोत साधन अत्यन्त सीमित हुनु , विद्यालयको भौतिक विकास , सुरक्षण र मर्मत संभारको सम्पूर्ण जिम्मेवारी र दायित्व वि.व्य.स.को मात्र हो भन्ने कमजोर सोचाइ शिक्षक तथा अभिभावकहरुमा हुनु , विद्यालयमा उपलब्ध साधन स्रोतको सही र समुचित रुपमा उपयोग हुन नसक्नु , निर्णयहरु कार्यान्वयनमा प्रभावकारी व्यवस्था हुन नसक्नु , आर्थिक, पारदर्शिता र मितव्ययीता नुहुनु , हरेक कुराका लागि सरकारको मुख ताक्ने वानी एवं प्रवृति रहनु , विद्यालय प्रति आर्थिक अपनत्वको र जिम्मेवारीको बोध नहुनु आदि जस्ता कारणहरुले विद्यालयको भौतिक विकासमा वि.व्य.स.को भूमिका अलिक न्यूनरुपमा रहेको पाइयो । विद्यालयको भौतिक विकासमा अभिभावकहरुका साथै सम्वद्ध सबै पक्षको समन्वय भएको अवस्था पनि कमजोर देखियो ।

## ५.२. निष्कर्ष

प्रस्तुत अध्ययन विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति भन्ने शीर्षकमा धनकुटा जिल्लाका ३ वटा सामुदायिक सरकारी विद्यालयमा वि.व्य.स.हरुले विद्यालयको भौतिक

विकासमा निर्वाह गरिरहेको भूमिकामा केन्द्रित रहेको छ । अध्ययन सामुदायिक सरकारी विद्यालयहरुको वर्तमान भौतिक अवस्थाको विवरणका साथ विद्यालयहरुको भौतिक विकासमा वि.व्य.स.को वर्तमान भूमिका पहिचान गर्ने, विद्यालयको भौतिक विकासमा देखा परेका चुनौति एवम् समस्याहरु विष्लेषण गर्ने र विद्यालयको प्रभावकारी भौतिक विकासका उपायहरुका लागि धनकुटा जिल्लाका सम्पूर्ण क्षेत्रको सामुदायिक सरकारी विद्यालयहरुको प्रतिनिधित्व गर्ने गरी उद्देश्यमूलक नमूना छनोट माध्यमबाट ३ वटा विद्यालयहरुको छनौट गरिएको थियो । जसमा १ उच्च मा.वि., १ नि.मा.वि. र १ प्रा.वि. रहेका थिए भने यी विद्यालयहरुमा भइरहेका भौतिक विकास निर्माणमा वि.व्य.स.को वर्तमान भूमिकाका लागि विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई छनौट गरिएको थियो ।

छनौट भएको नमुनाबाट प्राप्त तथ्याङ्क र विवरणको विश्लेषण गर्दा विद्यालयहरुको भौतिक विकासमा वि.व्य.स. सक्रिय रहेको देखिन्छ भने कतिपय विद्यालयरुमा साधन स्रोत र भू-वनोटको कारण पनि विद्यालयको भौतिक विकासमा वि.व्य.स.ले काम गर्न नसकेको अवस्था छ । विद्यालयको भौतिक विकासका लागि उपलब्ध स्थानीय स्रोत साधन र जनशक्तिको यथोचित प्रयोग र परिचालन गर्ने रणनीति वि.व्य.स.हरुले अख्तियार गर्न सकेमा सहज, सरल र प्रभावकारी रुपमा काम गर्न सकिन्छ । विद्यालयको चौतर्फी विकासका लागि विद्यालयमा आवश्यक प्राज्ञिक, आर्थिक तथा भौतिक लगायतका सबै पक्षहरुमा समुचित ध्यान दिइ कार्य गर्न सकेमा उपलब्धिमूलक तरिकाले कार्य समपादन हुन सक्ने देखिन्छ । विद्यालयमा अत्यावश्यक पक्षहरुको निर्माण र विकासमा यथोचित ध्यान दिइ समान प्राथमिकता र महत्वका साथ कार्य गर्नु पर्ने हुन्छ ।

विद्यालयको भौतिक विकासमा वि.व्य.स.हरुले भोगिरहेको समस्याहरुलाई समाधान गर्न सम्बद्ध सबै पक्षमा समान दायित्व, जिम्मेवारी र अभिभावकमा अपनत्वको भावना विकसित गर्न सकेमा उपयोगी हुन्छ । दातृनिकाय, चन्दादाता, सरोकारवाला, वि.व्य.स., शि.अ.संघ लगायत आम अभिभावकहरुमा समन्वय,सहकार्य र सहयोगको भावना विकसित गरी हुने गरेका भौतिक निर्माणका कार्यहरुको समय समयमा अनुगमन, अवलोकन र निरीक्षणको व्यवस्था हुनुपर्ने देखिन्छ । वि.व्य.स.का सम्पूर्ण पदाधिकारीहरुमा समान दायित्व र जिम्मेवारी बहन हुन सकेमा सम्बद्ध पक्ष र आम अभिभावकहरुलाई परिचालन गरी उपलब्ध स्रोत साधनको अधिकतम उपयोग भई विद्यालयको भौतिक विकास यथोचित रुपमा हुन सक्छ । वि.व्य.स.हरुले आफ्नो दायित्व र जिम्मेवारीलाई आत्मसाथ गरी सम्बद्ध सबै पक्षलाई समेटेर कार्य गर्न सकेमा विद्यालयको भौतिक विकास लगायत सबै पक्षमा समुचित र सन्तुलित विकास भई राष्ट्रमा शैक्षिक उन्नयन गर्न र शिक्षाका अपेक्षित सबै लक्ष्यहरु हासिल गर्नमा ठूलो सहयोग पुग्दछ ।

### ५.३. सुझावहरु

"विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका" शीर्षक सम्वन्धमा गरिएको यस अध्ययनमा प्राप्त तथ्याङ्क, विवरण, पूर्व साहित्यको अवलोकन, विभिन्न महानुभावहरुको प्रतिक्रिया तथा वर्तमान परिवेशलाई ध्यान राखी निम्न सुझावहरु दिइएको छ :

सामुदायिक सरकारी विद्यालय सञ्चालन र व्यवस्थापनका लागि स्पष्ट जिम्मेवारी, दायित्व र क्षेत्राधिकारको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै स्पष्ट नीति नियम बनाई कार्यान्वयनमा ल्याउने वातावरण तयार गरिनु पर्दछ ।

छनोटमा परेका विद्यालयका प्र.अ. तथा वि.व्य.स.का पदाधिकारीहरुसँग लिइएको अन्तरवार्ता तथा प्रश्नावलीका आधारमा हेर्दा विद्यालय व्यवस्थापन, सञ्चालनमा क्षमता एवं दक्षता अभिबृद्धिका लागि सरकारद्वारा निरीक्षण, अनुगमन, अभिमुखीकरण तथा तालिम गोष्ठीको व्यवस्था गरिनु पर्दछ ।

सामुदायिक सरकारी विद्यालयहरुलाई स्थानीय निकायमा जिम्मा दिएर सरकार आफ्नो दायित्वबाट पन्छिने प्रवुत्ति विकसित हुँदै गएको हुँदा थप अन्योल र द्विविधा सिर्जना भएको छ । यसबारेमा थप स्पष्ट नीति नियमको व्यवस्था गरी जिम्मेवारी र दायित्व स्पष्ट पार्न पर्दछ । अन्यथा सरकारी सामुदायिक विद्यालयहरुको अवस्था दिनदिनै दयनीय र नाजुक हुँदैजान सक्छ ।

विद्यालयहरुमा सरकारले भौतिक निर्माणार्थ दिने रकम निकासा र प्रयोगमा आर्थिक पारदर्शिता र मितव्यीताको लागि नियम विनियम बनाइ आवश्यक अनुगमन,निरीक्षण मूल्याङ्कनको व्यवस्थाका साथै पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्दछ ।

सरकार र आमअभिभावक सबैको समान सहभागिता र दायित्व स्थापित गर्न सरकारी सामुदायिक विद्यालयहरुमा दुवै पक्षको समान दायित्व स्थापित हुने गरिएको स्पष्ट नीति नियमको व्यवस्था गर्नु पर्ने हुन्छ ।

विद्यालयमा भौतिक निर्माण र विकासको कार्य गर्दा स्थानीय आवश्यकता र परिस्थितिलाई ध्यानमा राखी प्राथमिकताको आधार तयार गर्ने वातावरण निर्माण गर्नुपर्दछ । त्यसका लागि स्थानीय बुद्धिजीवि, शिक्षक, विद्यार्थी, समाजसेवी, अभिभावक र सरोकारवाला समेतलाई सहभागी गराई व्यापक छलफल गरी अगाडि बढ्नु पर्दछ ।

विद्यालय सञ्चालन र भौतिक विकासको दायित्व र जिम्मेवारी मूलतः सम्बन्धित वि.व्य.स.को भएकोले त्यसका लागि वि.व्य.स.का सम्पूर्ण पदाधिकारीहरुमा समान दायित्ववोध हुनु पर्दछ । आफ्नो दायित्व र जिम्मेवारीलाई कुशलतापूर्वक पूरा गर्न स्थानिय स्तरमा उपलब्ध स्रोत साधनको समुचित प्रयोग र मितव्ययीता अपनाउनु पर्दछ ।

विद्यालय सबैको साझा सम्पति भएकाले त्यसको संचालन ,सुरक्षण र विकासका लागि वि.व्य.स.ले स्थानीय समुदायका आम अभिभावकहरुलाई अपनत्वको भावना विकसित गराई समन्वय र सहकार्यका  साथ परिचालन गर्नु पर्दछ । त्यसो गर्न सकेमा सरकारको मुखमात्र ताकिरहनु पर्ने अवस्थाको अन्त्य हुन्छ ।

समग्र विद्यालको भौतिक विकासमा वि.व्य.स.ले जनसहभागितालाई पहिलो प्राथमिकतामा राखेर काम गर्नसक्नु पर्दछ । त्यसो हुँदा स्थानीय स्रोत साधनको सदुपयोग र परिचालन भई कार्यसम्पादन सरल, छरितो र उपलब्धिमुलक हुन्छ । त्यसका लागि स्थानीय स्रोत साधनहरुको व्यापक परिचालन पनि गरिनु पर्दछ ।

सरकारी सामुदायिक विद्यालयहरुमा भौतिक विकासको निर्माण कार्य गर्दा स्थानीय आवश्यकता, भौगोलिक अवस्था र उपलब्ध स्रोत साधन लगायतलाई ध्यानमा राखी सुलभ, सरल र उपलब्धिमूलक तरिकाले कार्यसम्पन्न हुने गरी प्रभावकारी तरिकाहरु अवलम्बन गरिनुपर्दछ । विद्यालय विकासको मेरुदण्ड हो र सबैको साझा सम्पत्ति हो भनिए पनि व्यवस्थापन र संचालनको दायित्व स्पष्ट छैन । तसर्थ विद्यालयको भौतिक विकासको दायित्व कसको हो ? प्रधानाध्यापकको हो कि शिक्षकहरुको हो ? समुदायको हो कि वि.व्य.स. वा शि.अ.संघ कसको हो ? अथवा आम अभिभावक वा सरकारको मात्रै हो ? त्यसको वारेमा अध्ययन अनुसन्धान गरी तथ्य नजिक पुग्न प्रयास गरिनु पर्दछ । सो को लागि सम्बन्धित निकायबाट प्रोत्साहन गरिनु पर्दछ र प्राप्त निष्कर्ष एवं परिणामको अनुशरण र कार्यान्वयन गर्ने संस्कार विकसित गरिनु पर्दछ र प्राप्त निष्कर्ष एवं परिणामको अनुशरण र कार्यान्वयन गर्ने संस्कार विकसित गरिनु पर्दछ ।

# सन्दर्भ सामग्रीहरु


कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०६४), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कौल, लोकेश (२०००), **मेथडोलोजी अफ एजुकेशन रिसर्च,** नयाँ दिल्ली : विकास पव्लिसीङ हाउस ।

खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्धति**, कीर्तिपुर काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

बरुवाल,पुष्पबहादुर (२०५६),**विद्यालयको शिक्षण सुधारमा प्रधानाध्यापकहरुको भूमिकाः** शोधपत्र, शिक्षा संकाय मोरङ्ग, सुकुना बहुमुखी क्याम्पस ।

**विद्यालय सुधार योजना** (२०६७),धनकुटा : श्री गोकुण्डेश्वर उ.मा.वि. सिरान बजार ।

**विद्यालय सुधार योजना** (२०६७),धनकुटा : श्री देउराली नि.मा.वि. सान्ताङ्ग ।

**विद्यालय सुधार योजना** (२०६७),धनकुटा : श्री गणेश प्रा.वि. देव्रेवास ।

**विद्यालय सुधार योजना तालिम पुस्तिका** (२०५८) काठमाण्डौं : शिक्षा विभाग ।

राजवंशी,जगतप्रसाद (२०६७), **प्राथमिक विद्यालको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका :** शोध पत्र ।

**राम्रो सामुदायिक विद्यालयको निम्ति विद्यालय व्यवस्थापन समिति**, हाते पुस्तिका (२०६४) काठमाण्डौं : नीतिगत अनुसन्धान परामर्श केन्द्र (सिप्रेक) ।

लुइटेल रमेश २०६६, **नेपालको आधुनिक शैक्षिक सामान्यज्ञान**, काठमाण्डौ : कामक्ष प्रकाशन ।

शर्मा,चिरञ्जीवि(२०६०),**शिक्षाको परिचय**, काठमाण्डौ :एम.के.पव्लिकेशन एण्ड डिस्ट्रीव्यूटर्स ।

शर्मा, चिरन्जीवि (२०६३) **शिक्षाको आधारहरु,** काठमाण्डौं : एम.के. पव्लिकेशन एण्ड डिस्ट्रीव्यूटर्स ।

**शिक्षा नियमावली**(२०५९), काठमाण्डौ : मकालु बुक्स हाउस ।

शिक्षा विभाग (२०५८) , **विद्यालय सुधार योजना** पुस्तिका काठमाण्डौ ।

सिन्हा रामस्वरुप (२०६२), **शिक्षा प्रशासनका आयामहरु,** काठमाण्डौं : सोपान ।

सिंह नागेश्वर (२०६४), **शिक्षाको परिचय**, काठमाण्डौं, पैरवी प्रकाशन गृह ।

## अनुसूची १

### अध्ययनका लागि छनौट गरिएका विद्यालयहरु

| क्र.स. | विद्यालयको नाम, ठेगाना | किसिम | स्थापना मिति |
|---|---|---|---|
| १. | श्री गोकुण्डेश्वर उ.मा.वि. धनकुटा | सामुदायिक सरकारी | वि.स.१९८९ |
| २. | श्री देउराली नि.मा.वि. धनकुटा | सामुदायिक सरकारी | वि.स. २०१६ |
| ३. | श्री गणेश प्रा.वि. धनकुटा | सामुदायिक सरकारी | वि.स.२०३५ |

स्रोत : जि.शि.का.धनकुटा ।

**अध्ययन क्षेत्रको संक्षिप्त परिचय**

धनकुटा जिल्लामा ३५ वटा गा.वि.स. र १ वटा नगरपालिकाहरु रहेका छन् । जिल्लाको समग्र शैक्षिक कार्यक्रम संचालन गर्न जिल्ला शिक्षा कार्यालय धनकुटा अन्तर्गत जिल्लालाई १९ वटा श्रोतकेन्द्रमा विभाजन गरिएको छ । १९ वटा श्रोतकेन्द्र मध्ये एउटा श्री त्रिवेणी उ.मा.वि.श्रोतकेन्द्र ८ औं श्रोतकेन्द्रका रुपमा रहेको छ । यस श्रोतकेन्द्र भरिमा सामुदायिक विद्यालयहरु २३ वटा मध्ये ५ वटा उच्च मा.वि., ४ वटा नि.मा.वि. र १४ वटा प्रा.वि. पर्दछन् । यहाँ १५ वटा संस्थागत एवं नीजि विद्यालयहरु संचालित छन् । यी मध्ये छनौटमा परेका विद्यालयहरु माथि उल्लेख गरिए अनुसारका छन् ।

## अनुसूची : २

**(क) श्री गोकुण्डेश्वर उच्च माध्यमिक विद्यालय सिरान वजार ,धनकुटा - ६, धनकुटा**

धनकुटा जिल्लाको धनकुटा धनकुटा नगरपालिका वार्ड नं ६ मा अवस्थित यस श्री गोकुण्डेश्वर उच्च माध्यमिक विद्यालयको स्थापना वि.स. १९८९ सालमा भएको हो । यो विद्यालय जिल्ला भरिकै सबै भन्दा दोस्रो पुरानो विद्यालय हो । यस विद्यालयमा हाल कक्षा नर्सरी देखि कक्षा १२ सम्म संचालन भई रहेको छ ।

**(ख) श्री देउराली नि.मा.वि. सान्ताङ्ग, धनकुटा-८, धनकुटा**

धनकुटा जिल्लाको धनकुटा नगरपालिका वार्ड नं ८मा रहेको यस श्री देउराली नि.मा.वि. सान्ताङ्ग, धनकुटा वि.स. २०१६ सालमा स्थापना भएको हो । यस श्री देउराली नि.मा.वि. देउराली स्थित डाँडामा स्थापना गरिएको  हो । नेपालकै एक मात्र केन्द्रविन्दु रहेको आठपहरिया राई जातिहरुको बसोबासको बाहुल्यता रहेको मुख्य क्षेत्र वा केन्द्र नै यो विद्यालयको सेवा क्षेत्रको  यरिया पर्दछ । यो विद्यालय कक्षा १ देखि कक्षा ८ सम्म संचालनमा रहेको छ ।

**(ग) श्री गणेश प्रा.वि. देव्रेवास धनकुटा-४ , धनकुटा**

धनकुटा जिल्लाको धनकुटा नगरपालिका वार्ड नं ४ मा अवस्थित यस श्री गणेश प्राथमिक विद्यालय धनकुटा वि.स. २०३५ सालमा स्थापना भएको हो । यस विद्यालय पहिले गणेश धाराको नजिक त्यही गणेश धाराको नामबाट स्थापना गरिएको हो । यस विद्यालयको सेवा क्षेत्र अत्यन्तै थोरै मात्र रहेको छ । यस विद्यालयको आसपासमा ४ वटा संस्थागत विद्यालयहरु संचालनमा छन् ।

## अनुसूची -३

## विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि प्रश्नावली

नाम थर :- अनुभव :-

विद्यालयको नाम :- शैक्षिक योग्यता :

१. तपाई यस विद्यालयको व्यवस्थापन प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

२. तपाईको विद्यालयको भौतिक पक्षमा के-कस्तो समस्या देख्नु हुन्छ ?

३. विद्यालय व्यवस्थापनका लागि तपाईबाट भइरहेका कार्य तथा प्रयासहरु के-के हुन् ?

४. वि.व्य.स.को बैठक, निर्णय र कार्यान्वन प्रक्रिया कस्तो छ ?

५. विद्यालयको भौतिक विकासमा गरिएका निर्णयहरुको प्रभावकारिता कस्तो छ ?

६. तपाईले विद्यालयको भौतिक विकासमा महत्व दिएका प्रमुख कार्य तथा प्रयास के-के हुन ?

७. विद्यालयको भौतिक निर्माणको रकम कसरी प्रयोग भइरहेको छ ?

८. विद्यालयको भौतिक विकासका लागि सरोकारवाला तथा सम्बद्ध पक्षहरुसँग समन्वय, सहकार्य, परिचालन र सहभागिताको कार्य कसरी भइरहेको छ ?

९. विद्यालयको भौतिक विकासका लागि सरोकारवाला तथा अभिभावकहरुसँगको सम्बन्ध कस्तो रहेको छ ?

१०. विद्यालयको भौतिक विकासका लागि कुन-कुन निकायले कस्तो सहयोग गरिरहेका छन् ?

११. विद्यालयको भौतिक विकासको दायित्व कसको हो भन्ने ठान्नु हुन्छ ?

१२. विद्यालय व्यवस्थापनलाई थप प्रभावकारी बनाउन वि.व्य.स.अध्यक्षको कस्तो भूमिका रहनु पर्दछ ?

१३. तपाईलाई समितिका अन्य पदाधिकारीहरुबाट के-कस्तो सहयोग मिल्नु  पर्दछ ?

१४. तपाईको विद्यालय कस्तो होस् भन्ने चाहनु हुन्छ ?

## अनुसूची - ४

### प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नाम :- ठेगाना :

नाम थर :- अनुभव :

शैक्षिक योग्यता :- तह वा श्रेणी :

१. विद्यालयको विद्यमान भौतिक पक्षहरुमा के-के समस्याहरु रहेका छन् ?

२. विद्यालयको भौतिक विकासमा हाल के-के शीर्षकमा कस्ता-कस्ता कार्यहरु भएका छन् ?

३. विद्यालयको भौतिक विकासका लागि हाल भइरहेका कार्यहरुमा कुन-कुन निकायहरुको सहयोग भइरहेको छ ?

४. विद्यालयको भौतिक विकासमा तपाईले कसरी भूमिका निभाइ रहनु भएको छ ?

५. विद्यालयलाई भौतिक निर्माण शीर्षकमा प्राप्त हुने रकम प्रयोग गर्ने प्रक्रिया कस्तो छ ?

६. वि.व्य.स.को वैठक बस्ने प्रक्रिया कस्तो छ ?

७. वि.व्य.स.को निर्णय र कार्यान्वयन प्रक्रिया कस्तो छ ?

८. विद्यालयको भौतिक विकासमा वि.व्य.स.ले गरेका निर्णयले कस्तो प्रभाव पारेको छ ?

९. सो निर्णय प्रक्रियाले कार्यान्वयन तहमा कतिको सहजता देखिन्छ ?

१०. तपाईको कार्य संचालन र सुधारको लागि समुदायको सहयोग र सहभागिता कस्तो छ ?

११. शिक्षक तथा अभिभावकहरुबाट विद्यालय व्यवस्थापनमा के कस्तो सहयोग पाइरहनु भएको छ ?

१२. वि.व्य.स. तथा अन्य पदाधिकारीहरुबाट कस्तो सहहयोग पाइरहनु भएको छ ?

१३. विव्य.स.र विद्यालयबीचको सम्बन्ध र सहकार्य कस्तो रहेको छ र दायित्व कसको हो ?

१४. विद्यालयको व्यवस्थापनमा सुधार गर्नुपर्ने आवश्यक कुराहरु के-के हुन् ?

१५. विद्यालयको व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन को-को बाट कस्तो सहयोग आवश्यक हुन्छ ?

१६. तपाईको विचारमा यो विद्यालयलाई थप विकसित गर्न के-कस्ता पक्षहरुमा सुधार गर्न निर्णय प्रक्रिया कस्तो हुनुपर्दछ ?

## अनुसूची-५

## अभिभावक समूह छलफल निर्देशिका

१. अभिभावकको विद्यालय प्रतिको धारणा

क) विद्यालयको भौतिक अवस्था कस्तो छ ?

ख) विद्यालयमा शैक्षिक स्तर कस्तो छ ?

ग) वि.व्य.स.ले गर्ने गरेका विकास निर्माणका निर्णय तथा कार्यहरुका बारेमा जानकारी गराउँछन् कि गराउदैनन् ?

घ) विद्यालयमा अभिभावक भेला एवं अन्तरक्रिया,छलफल गर्ने गरेको छ ?

२. विद्यालयले लिएको सहयोग सम्बन्धी

३. अभिभावकहरुले विद्यालयलाई गरेको सहयोग (भौतिक विकास निर्माण सम्बन्धी )

४. विद्यालय व्यवस्थापनको दायित्व सम्बन्धी

५. जनपरिचालन र सहभागिताको अवस्था

६. विकास निर्माणको कार्य गर्नलाई विद्यालयमा कस्तो वातावरण छ ?

७. विद्यालय व्यवस्थापन समितिले व्यवस्थापन सुधारमा खेलेको भूमिका

८. अभिभावकहरुको वि.व्य.स.को बैठकको जानकारी र उपस्थितिको अवस्था

९. वि.व्य.स.को बैठकको निर्णयले विद्यालयको भौतिक विकासमा पारेको प्रभाव

१०. बार्षिक योजनाको व्यवस्था,सामाजिक परीक्षणको स्थिति र सहभागिता

११. वि.व्य.स.र सम्वन्धित निकायबाट सुपरिवेक्षण र अनुगमन सम्बन्धी

१२. विद्यालय व्यवस्थापनमा वि.व्य.स.को भूमिका एवम् समस्याहरु र चुनौतिहरु

१३. समस्या एवम् कमी कमजोरी हटाउन गर्न सकिने उपायहरु तथा निर्णयहरु

१४. वि.व्य.स.ले गरेका निर्णयहरु कार्यान्वयन पछिको मूल्याङ्कन सार्वजनिक एवं विश्लेषण

# विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति

## अनुसूची-६

## विद्यालय अवलोकन फाराम

| विद्यालयको नाम | भवन | खेलमैदान | शौचालय | जग्गा | खानेपानी | फर्निचर | घेराबारा | विधुत सञ्चार | कक्षाकोठा |
|---|---|---|---|---|---|---|---|---|---|
| श्री गोकुण्डेश्वर उ.मा.वि. | ५ | १ | ४ | १४ रोपनी | धारा १ | डेक्स वेन्च २७५जोर टेवल ३० दराज ८ कर्सी १२० | फलामे तार जाली | टेलिफोन १ कम्प्यूटर १७ | २९ |
| श्री देउराली नि.मा.वि. | ५ | १ | २ | २१ रोपनी २ आना | धारा १ | डेक्स वेन्च १५०जोर टेवल ४ दराज ३ कर्सी २० | छैन | कम्प्युटर ३ | ११ |
| श्री गणेश प्रा.वि. | ४ | १ | २ | २ रोपनी २ आना | धारा १ कुवा १ | डेक्स वेन्च ७०जोर टेवल २ दराज २ कर्सी १० | छैन | छैन | ८ |